
मजदुरद्वारा मजदुरका लागि नेपालको पहिलो पत्रिका

# श्रमिक खबर

संख्या ६७, मंसिर २०५८, मूल्य रु. १५।-



# डब्लु टि ओ ?

# फलाम र जिन्दगी

कविता : उमेश उपाध्याय
फोटो : कविन्द्र श्रेष्ठ

न्वारानदेखिको बल झिकेर
काटिन्छ फलाम लामा-छोटा टुक्राहरूमा
फेरी जोडेर निर्माणको लागि
र जोडिन्छन् टुक्राटुक्रा आयुका
पसिनाको फेविकोलले जिन्दगीमा
लामा छोटा आयुका टुक्रा गाँसेर-जोडेर जिउनका लागि






संख्या ६७, मंसिर २०५८

**सम्पादन बोर्ड**
मुकुन्द न्यौपाने
विष्णु रिमाल
उमेश उपाध्याय
विन्दा पाण्डे
कविन्द्र शेखर रिमाल

**विशेष सहयोग**
अग्निशिखा

**ले-आउट**
**नेस्वप्रेमयूका लागि**
महेन्द्र श्रेष्ठ
वुद्धि आचार्य
किरण माली

**व्यवस्थापन**
विनोद श्रेष्ठ

**प्रकाशक**
नेपाल ट्रेड यूनियन महासंघ
कार्यालय तथा प्रकाशन विभाग
पो.ब.नं. १०,६५२,
मनमोहन मजदुर भवन
पुतलीसडक, काठमाडौं।
फोन : २४८०७२ (हन्टिङ्ग लाइन)
फ्याक्स : २४८०७३
ई-मेल : info@gefont.org
वेभ साइट : www.gefont.org
मूल्य : रु. १५।-

**आवरण**
एम्ज माउस, २६५९४४

**मुद्रक**
इन्द्रेणी अफसेट,
४३७४४८, अनामनगर।

**श्रमिक खबरको विज्ञापन दर रेट**

| | |
|---|---|
| आवरण पृष्ठ (पछाडि) रंगिन | १२,००० |
| आवरण पृष्ठ (भित्री) रंगिन | १०,००० |
| पूरा पृष्ठ (भित्री) सादा | ६,००० |
| आधा पृष्ठ (भित्री) सादा | ४,००० |
| चौथाई पृष्ठ (भित्री) | ३,००० |
| न्यूनतम (भित्री) सादा | २,००० |

नोट: अग्रिम भुक्तानीमा १०% छुट तथा वार्षिक विज्ञापन ग्राहकका लागि १५% छुट दिइनेछ।

Partly supported by: ILO/IPEC

# हाम्रो भनाई

आगामी पुसको तेस्रो हप्तामा नेपालमा दक्षिण एशियाली सहयोग संगठन (सार्क) को शिखर सम्मेलन हुने सम्भावना रहेको छ। यो संग जोडिएर एकआध विषय अगाडि आएको छ। पहिलो, सार्कले तयार गर्न लागेको सामाजिक बडापत्रमा श्रमिकको अधिकार कसरी सुनिश्चित गर्ने ? दोस्रो, विश्वव्यापार संगठनमा सार्क देशहरु सदस्य भएमा क्षेत्रीय व्यापार र उद्योगधन्दाको स्थिति के हुने ? यसैलाई ध्यानमा राखेर यो अंकमा हामीले विश्वव्यापार संगठन, सामाजिक बडापत्र र श्रमस्तरबारे केही सामग्री प्रस्तुत गरेका छौं। अलिक प्राविधिक जस्तो लाग्ने भए पनि यी विषयहरु श्रम क्षेत्रमा कार्यरत हाम्रा पाठकहरुलाई उपयोगी हुने विश्वास छ।




३

कांग्रेसी नेताहरू अहिले पनि आफूहरू "समाजवादी" रहेको धाक लगाउने गर्छन्। तर पूँजीवादीहरूले समेत इन्कार नगरेको क्रान्तिकारी भूमिसुधारको कार्यक्रम आफूलाई "समाजवादी" बताउने कांग्रेसी नेताहरूका लागि आफ्नै टाउकामा बञ्चरो हान्नु सरह बन्न पुग्यो। "समाजवाद"को खोलभित्र लुकेका शोषक, सामन्त र जमिन्दारहरूले कहिल्यै पनि क्रान्तिकारी परिवर्तन गर्न दिंदैनन् भन्ने कुरा पुन: पुष्टि हुन पुग्यो।

राष्ट्रहरूको सम्प्रभुता र मानिसको स्वतन्त्रतालाई कागजमा सीमित पार्ने अभियान अगाडि बढेको छ। समाजवाद आक्रमक छउन्जेल यसो हुन सम्भव थिएन र विश्व व्यापार संगठन जन्मन सक्ने थिएन। समाजवाद प्रतिरक्षात्मक भएपछि यसो हुनु सहज भयो र विश्वव्यापार संगठन सोभियत समाजवाद ढलेको आधा दशक पनि नपुग्दै जन्मन सक्यो।




६



११

सामाजिक बडापत्रको आधारमा युरोपेली संघमा न्यूनतम श्रम मापदण्ड तयार गरिन्छ र संघमा सबै कानून तयार भएपछि आ-आफ्नो देशका सम्बन्धित कानूनसंग तुलना गरि निर्देशक सिद्धान्तको आधारमा बाँध्ने प्रयत्न गरिन्छ। श्रम क्षेत्रमा यस्ता निर्देशक सिद्धान्त १४ वटा छन्। जस्तै: सामूहिक रूपमा मजदुर कटौती, कम्पनी बिक्री गर्दा व्यवस्थापन पक्षले निर्वाह गर्नुपर्ने दायित्व, कम्पनी टाट पल्टिंदामा के गर्ने......

अमेरिकी शासकहरूको व्यवहारका कारण पीडित विश्व जनताको पक्षमा विगत ४० वर्षदेखि अविरल लडिरहेका चोम्स्की मानवीयताका लागि दर्जनौं पटक जेल परेका छन्। भियतनाममाथिको अमेरिकी आक्रमणको प्रतिरोध गर्न अमेरिकी जनमत तयार गर्ने र इन्डोनेसियालाई अघि सारी पूर्वी टिमोरका जनताहरूको रगत चुस्ने अमेरिका, बेलायत र अष्ट्रेलियाको चरित्र उदांगो पार्ने एक नम्बर व्यक्ति नोम चोम्स्की हुन्।




२६

## १० वर्ष अधिको श्रमिक खबरबाट


"नयाँ ऐन आएपछि माग पूरा गर्ने" भन्ने व्यवसायीहरूका बोली अब पुराना भइसकेका छन्। महंगी घटाउने र शान्ति सुरक्षा कायम गर्न सरकारी घोषणाको परिणाम त्यस्तै भएको जस्तो अन्तरिम प्र.म. ले ३५ प्रतिशत बजार भाउ घटाउँछु भन्दा भएको थियो। सरकार ऐन नल्याउने व्यवसायीहरू नयाँ ऐन नआई सहुलियत नबढाउने। यो माखे साङ्लोमा पीडित मजदुरहरू कति पिसिई रहने ?

संख्या १५, पेज २, २०४८ मंसीर



श्रमिक खबर पत्रिका पठन योग्य छ। चन्द्रा गुरुङको जीवनी राम्रो लाग्यो। महिला मजदुरले भोगेका समस्या, महिलाले गरेका प्रगति, संगठनमा दिएका देन र गरेका संघर्ष आदिका बारेमा श्रमिक खवरमा सामग्री पाए महिलामा साहस र संगठित हुने साहस मिल्थ्यो।

अमला श्रेष्ठ
अंचल कमिटी सदस्य, कोशी, जिफन्ट



श्रमिक खवर पढ्न पाउँदा खुसी लाग्दछ, मजदुरहरूद्वारा रचित लेख, कथा, कविता समावेश गरे अझ राम्रो हुने थियो। साथै निम्न स्तरका मजदुरहरूले पनि पढ्न सक्ने गरी मूल्यमा हेरफेर गर्न सके अझ प्रभावकारी हुने थियो।


रामचन्द्र कार्की
कोषाध्यक्ष, नेस्वकेआमयू
आधिकारिक यूनियन, उदयपुर सिमेन्ट उद्योग लि.



श्रमिक खवर मजदुरहरूको लागि पठन योग्य छ। यसले मजदुरहरूको बौद्धिक विकास गर्नमा महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको परिप्रेक्ष्यमा यो पढ्दा पढ्दै छिट्टै सिद्धिने भएकोले यसमा केही पृष्ठहरू थप गरी मासिक रूपमा प्रकाशित गर्न पाए अझ राम्रो हुन्थ्यो कि ?

सीता लामा, नेस्वकामयू केन्द्रीय सदस्य



श्रमिक खवरको तीन चार वटा अंक पढ्न पाएँ। मलाई साह्रै राम्रो लाग्यो। मे दिवस सम्बन्धी लेखका साथै प्रदिप ज्ञवाली र शंकर पोखरेलको लेख राम्रो लाग्यो। आफ्नै साथीबाट मारिएका थोमस शंकराको सानैदेखिको बहादुरी पढ्न पाइयो। यस्तो राम्रो पत्रिका मजदुरहरूका साथै अन्य क्षेत्रमा सबैतिर फैलाउन पाए धेरै राम्रो हुन्थ्यो। तर ग्राहक अभियान र वितरण व्यवस्थापन व्यवस्थित भए जस्तो मलाई लाग्दैन।

सन्तोष प्रधान, धरान

**विजया दशमी तथा शुभ दीपावली २०५८ को**
उपलक्ष्यमा
सम्पूर्ण उद्योगी, व्यापारि, उपभोक्ता तथा श्रमिकवर्गमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**अध्यक्ष तथा उद्योग संगठन परिवार**
**मोरङ**

**विजया दशमी तथा शुभ दीपावली २०५८ को**
उपलक्ष्यमा
सम्पूर्ण श्रमिकवर्ग तथा देशवासीहरुमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**राम बीर मानन्धर**
**अध्यक्ष**
**वडा नं. १६, काठमाडौं महानगरपालिका**



# सामन्तको चंगुलमा शेरबहादुर

-शार्दूल भट्टराई-

कसैलाई सुइँकोसम्म नदिई अचानक प्रधानमन्त्री शेरबहादुर देउवाले आठ बुँदे घोषणा जारी गर्नुभयो। उहाँको घोषणाको लगत्तै मुलुकमा तदारुकताकासाथ अनेकौं परिवर्तन हुन लागेको हो कि भन्ने सनसनी देशभरि फैलियो।

गत साउन ३२ गते प्रतिनिधि सभाको रोष्ट्रममा उभिएर "विशेष घोषणा"को रूपमा उहाँले प्रस्तुत गर्नुभएको आठवटा बुँदालाई सुनेर नेपाली कांग्रेसका सांसदहरू मात्र आश्चर्यमा परेनन्, मन्त्री समेत घोर आश्चर्यमा परे। लगभग भदौ महिनाभरि नै प्रधानमन्त्री देउवाको वाहवाही चल्यो। देशभरका जनताले उनको घोषणाको समर्थन गरे। वामपन्थी पार्टीहरू एवं तिनका जनवर्गीय संगठनहरू त्यो घोषणाको समर्थन गर्दै र तत्काल कार्यान्वयनको माग गर्दै सडकमा समेत उत्रिए। एकाएक प्रधानमन्त्री देउवाको लोकप्रियता चरमचुलीमा पुग्नै लागेको थियो। तर असोज महिना लाग्दा नलाग्दै आफूप्रतिको जनताको वाहवाहीलाई प्रधानमन्त्री देउवा आफैंले चकनाचुर बनाउने काम गर्नुभयो।

देउवा घोषणामा क्रान्तिकारी भूमिसुधार लागू गर्ने, छुवाछूतको अन्त्य गरी दलित आयोग गठन गर्ने, पैतृक सम्पत्तिमा छोरा सरह छोरीको अधिकार स्थापित गरी महिला आयोगको स्थापना गर्ने र अधिकार सम्पन्न जनजाति प्रतिष्ठान गठन गर्ने कुरा उल्लेख थियो। पच्चीस वर्षे दीर्घकालीन आर्थिक- सामाजिक रूपान्तरण कार्यक्रम तयार गर्ने, भ्रष्टाचार नियन्त्रणका लागि कडा कानूनको निर्माण गर्ने, कमैयालाई जग्गा उपलब्ध गराउने, स्वच्छ र निष्पक्ष निर्वाचनका लागि उपयुक्त कानूनी व्यवस्था गर्ने र सरकार-माओवादी वार्ता सफलतासाथ सन्पन्न गर्ने कुरालाई समेत प्रधानमन्त्रीले आफ्नो घोषणामा समावेश गर्नुभएको थियो।

यस्ता केही महत्त्वपूर्ण कामहरू सम्पन्न गर्ने घोषणा प्रधानामन्त्री देउवाले गरे पनि त्यो घोषणालाई कार्यान्वयन गर्ने सवालमा भने उहाँ अत्यन्तै फितलो देखिनुभयो। उहाँले लोकप्रिय घोषणा त गर्नुभयो तर केही समयपछि आफ्नो घोषणा अनुरूप काम गर्न उहाँ आफैं अनिच्छुक बनेको महसुस भयो। परिवर्तनकारी भूमिसुधारका नाममा बडाल आयोगका अनुसार हैन नेपाली कांग्रेसको निर्णय अनुसार जमिन्दारहरूकै हितमा विधेयक पारित गराउने काम देउवाले गर्नुभयो। छुवाछूतको अन्त्य गरेर दलित आयोगको गठन गर्ने काम अहिलेसम्म हुन सकेको छैन। छोरीलाई पैतृक सम्पत्तिमा छोरा सरह हक प्रदान गर्ने भन्ने आफ्नो घोषणालाई उहाँ आफैंले बिर्सिएर महिलालाई समान हक दिनबाट बञ्चित गर्ने विधेयक पारित गर्न प्रधानमन्त्री देउवा अग्रसर हुनुभयो भने महिला आयोग गठन गर्ने काम अहिलेसम्म भएको छैन। भ्रष्टाचार नियन्त्रण गर्न कानूनी व्यवस्था गर्ने र कमैयालाई जग्गा उपलब्ध गराउने भन्ने आफ्नो घोषणालाई पूरा गर्नबाट पनि देउवा पछाडि हट्नु भएको छ। प्रधानमन्त्री देउवाकै कारण उहाँको घोषणाको महत्त्व र चर्चा एक महिना पनि टिक्न सकेन। "हात्ती आयो, हात्ती आयो फुस्सा" भनेझैं देउवा आफैंले "ऐतिहासिक" भन्ने गरेको यो घोषणा अहिले सबैका लागि फुस्सा बन्न पुगेको छ।

तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र प्रमुख प्रतिपक्षी दल नेकपा ( एमाले) बीच गत असारमा "सत्र बुँदे सहमति" भएको थियो। मुलुकलाई ठोस परिवर्तनतर्फ अग्रसर गराउने र जनताको प्रत्यक्ष हितका लागि सुधारका विभिन्न कार्यक्रमहरू शुरू गर्ने उद्देश्यले खासगरी एमालेको दवावपूर्ण सक्रियतामा उक्त सहमति भएको थियो। त्यो सहमतिलाई लागू गर्ने "प्रतिबद्धता" गिरिजा सरकारले गरे पनि कार्यान्वयन शुरू भएको थिएन। गिरिजाप्रसाद कोइरालाको राजीनामापछि प्रधानमन्त्री भएको तीन हप्तामा शेरबहादुर देउवाले सोही सहमतिका सत्रवटा बुँदामध्ये केहीलाई समेटेर आफ्नो "विशेष घोषणा" जारी गर्नुभएको थियो, जसमा एमाले सरकारद्वारा २०५१ सालमा केशवप्रसाद बडालको नेतृत्वमा गठित आयोगले प्रस्तावित गरेको हदबन्दीमा आधारित क्रान्तिकारी भूमिसुधारको कार्यक्रम लागू गर्ने भन्ने बुँदा सबभन्दा महत्त्वपूर्ण थियो।

प्रधानमन्त्री देउवाको यो घोषणा कार्यान्वयन गर्नकै लागि साँच्चिकै इमान्दारितापूर्ण अठोटकासाथ गरिएको थियो भने- यो घोषणा मुलुकलाई परिवर्तनतर्फ तत्कालै अगाडि बढाउने प्रगतिशील सुधारको एउटा ऐतिहासिक कदम सावित हुने निश्चित नै थियो। तर त्यसो हुन सकेन। देउवाको घोषणाको लगत्तै उहाँकै पार्टीभित्रबाट यो घोषणाको विरोध शुरू भएको थियो। भूमिसुधारको घोषणाप्रति पार्टीका महामन्त्री सुशिल कोइराला, केन्द्रीय सदस्य शैलजा आचार्य, महन्थ ठाकुर, सुरेन्द्र चौधरीलगायतले तातो विरोध जनाएका थिए। घोषणाको लगत्तै

सामन्त र जमिन्दारहरूमा मच्चिएको खैलाबैलाको प्रभाव नेपाली कांग्रेस पार्टीभित्र मात्र परेन वामपन्थी पार्टी बाहेक सबै दक्षिणपन्थी पार्टीभित्र पऱ्यो। राप्रपा र सद्भावना पार्टी त क्रान्तिकारी भूमिसुधारको घोषणाका विरुद्ध संसदको बैठक समेत अवरुद्ध गर्न पुगे। ती पार्टीले नेपालमा सामन्त र जमिन्दारको प्रतिनिधित्व गर्छन् भन्ने कुरा स्पष्टै देखियो।

नेपाली कांग्रेस पार्टीले स्थापनाकालदेखि अहिलेसम्मै आफ्नो राजनीतिक-दार्शनिक धरातल "समाजवाद" भएको दावी गर्दै आएको छ। कांग्रेसी नेताहरू अहिले पनि आफूहरू "समाजवादी" रहेको धाक लगाउने गर्छन्। तर पूँजीवादीहरूले समेत इन्कार नगरेको क्रान्तिकारी भूमिसुधारको कार्यक्रम आफूलाई "समाजवादी" बताउने कांग्रेसी नेताहरूका लागि आफ्नै टाउकामा बञ्चरो हान्नु सरह बन्न पुग्यो। "समाजवाद"को खोलभित्र लुकेका शोषक, सामन्त र जमिन्दारहरूले कहिल्यै पनि क्रान्तिकारी परिवर्तन गर्न दिंदैनन् भन्ने कुरा पुनः पुष्टि हुन पुग्यो।

नेपाली कांग्रेसको नामबाट वि.सं. २००६ सालमा जारी गरिएको घोषणापत्रमा भनिएको छ- "नेपाली कांग्रेसले राजनीतिक स्वतन्त्रताका साथै आर्थिक समानताको आधारमा उभिएको प्रजातन्त्रवादलाई आफ्नो आदर्श मान्दछ।..... समानता र इन्साफका आधारमा सम्पूर्ण जनताको पुनर्निर्माण गर्ने आकांक्षा राख्दछ।"

कांग्रेस पार्टीको स्थापनाकालको यो घोषणाले त्यो पार्टीको नीति आर्थिक समानता एवं सामाजिक न्यायको पक्षमा रहेको र क्रान्तिकारी भूमिसुधार लगायतका अन्य प्रगतिशील सुधारका कामहरू नेपाली कांग्रेसको अनिवार्य लक्ष्यका रूपमा रहनु पर्ने कुरालाई निर्देशित गरेको देखिन्छ।

वि.सं. २००८ साल माघ ३ गतेको "युगवाणी" पत्रिकामा प्रकाशित आफ्नो लेखमा किसान र भूमि व्यवस्थाबारे बीपी कोइरालाले भनेका थिए- "मेरो विचारमा भूमिसम्बन्धी कुराहरूकै समाधान हाम्रो कार्यक्रमको आधार हुनुपर्छ। पुरानो सामन्तवादी भूमि व्यवस्थाको ठाउँमा हामीले यस्तो व्यवस्था गर्नुपर्छ जसबाट खेतमा काम गर्ने किसानहरूकै भूमिमा अधिकार होस्।......हामीले नेपाली कांग्रेसलाई देशको प्रतिनिधि संस्था बनाउन चाहन्छौं भने हामीले सारा द्विविधा त्यागेर किसानहरूकै पक्ष लिनु पर्दछ।" बीपीको यो धारणाले पनि क्रान्तिकारी भूमिसुधारद्वारा जमिन्दारहरूबाट जमिन खोसी वास्तविक किसानलाई नै जग्गाको मालिक बनाउनु पर्ने कुरामा जोड दिएको छ।

सन् १९५३ मा वर्माको राजधानी रंगुनमा "एशियाली समाजवादी सम्मेलन" सम्पन्न भएको थियो। त्यतिबेला त्यहाँ बर्मेली समाजवादी पार्टी सत्तामा थियो। नौ देशका समाजवादी पार्टीले भाग लिएको त्यो सम्मेलनमा नेपाली कांग्रेसका बीपी कोइराला र कृष्णप्रसाद भट्टराईले भाग लिएका थिए। सामाजिक न्याय, अर्थ व्यवस्थाको सामाजिकीकरण, जनताको सामाजिक अधिकार, लगायतका आठ सूत्रीय समाजवादी कार्यक्रम पारित गरेको सो सम्मेलनले "किसानहरूको राजनीतिक तथा आर्थिक मुक्ति नै एशियाली समाजवादको काम मध्ये एक हो" भन्ने मूल नीति तय गरेको थियो। त्यो नीतिलाई नेपाली कांग्रेसका नेताले आफ्नो पार्टीको नीतिगत कार्यक्रमको रूपमा अगाडि बढाउने प्रतिवद्धता जनाएका थिए ।

२०१७ साल मंसिर २० गते पाटनको आमसभामा भाषण गर्दा बीपी कोइरालाले कम्युनिस्टहरूको भन्दा चर्को स्वरमा भनेका थिए- "म यी सारा सामन्ती तत्त्वलाई चेताउन चाहन्छु अब पुर्पुरोमा लेखिने दिन गए, पुर्पुरोमा चाहे जे लेखियोस् जग्गा हुन्छ जोत्नेको।"

तरुण दलको पहिलो महाधिवेशनमा मन्तव्य व्यक्त गर्ने क्रममा पनि २०१७ साल पुस १ गते बीपी कोइरालाले भनेका थिए- "जमिनलाई सामन्ती व्यवस्थाबाट मुक्त गर्नुपर्ने आवश्यकता यस कारणले पनि छ कि सामन्ती व्यवस्थामा जमिनको पूर्णरूपले उपभोग समाजले गर्न सकेको छैन।.... समाजवादमा कसैले आस्था राखुन् वा नराखुन् तर सामन्ती व्यवस्थाको अन्त्य विना, जमिनको स्वामित्व जमिनमा काम गर्ने कृषकहरूलाई पूर्णरूपले उपलब्ध नगराई आर्थिक विकासको प्राथमिक कदम देशले चाल्न सक्दैन।"

सी.के. प्रसाई "आजको सरल राजनीति" भन्ने पुस्तकमा कांग्रेसी समाजवादका बारेमा व्याख्या गर्ने क्रममा लेख्छन्- "उत्पादनका समस्त साधनहरूमा व्यक्तिको अधिकार नभई सम्पूर्ण समाजको अधिकार हुनु र राजनैतिक, आर्थिक र सामाजिक दृष्टिले सबै मानिस समान हुनु नै समाजवाद हो।"

यसरी बीपी कोइराला र सी.के. प्रसाई लगायत अरु पनि केहीले नेपाली कांग्रेसले अंगीकार गरेको "समाजवाद" एवं त्यस अनुरूप कांग्रेसको नीतिका बारेमा चर्चाहरू गरेका छन्। उनीहरूले कांग्रेसी समाजवादका बारेमा गरेको चर्चा वा व्याख्याकै आधारमा अहिले पनि कांग्रेसले आफूलाई "समाजवादी" बताउने गरेको छ। पार्टीको महाधिवेशन र संसदीय निर्वाचनका समयमा नीतिपत्र तयार गर्दा आफू "समाजवादी" नै रहेको दावी कांग्रेसले गर्ने गरेको छ। क्रान्तिकारी भूमिसुधार लगायत प्रगतिशील सामाजिक सुधारका कार्यक्रमलाई आफ्नो घोषणापत्रमा उल्लेख


**विजया दशमी तथा शुभ दीपावली २०५८** को उपलक्ष्यमा

सम्पूर्ण श्रमिकवर्गमा

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौं

**हुलास वायर इण्डस्ट्रीज (प्रा) लि.**

**टंकी, बिराटनगर**

गर्ने गरेको पनि छ। तर जब ती कुराको कार्यान्वयनको सन्दर्भ उठ्छ तब कांग्रेस पार्टी आफूले नै दावी गर्दै आएको "समाजवादी" नीतिका विरुद्ध पछाडि फर्किने गर्छ अथवा विपरित दिशामा भाग्ने गर्छ।

शुरूदेखि नै नेपाली कांग्रेसको नेताका रूपमा बीपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई लगायत देखिए पनि त्यो पार्टीभित्र महेन्द्रविक्रम शाह, सुवर्ण समशेर, महावीर समशेर जस्ता "सी" क्लासका राणा तथा सामन्तहरू समेत अटाएका थिए। ठूल्ठूला पूँजीपतिहरू र ठूल्ठूला जमिन्दारहरू पनि नेपाली कांग्रेसभित्र बलबान शक्तिका रूपमा रहेका थिए। कांग्रेसभित्र त्यो शक्ति अहिले पनि छँदैछ। त्यसैले कांग्रेस पार्टीले वा कांग्रेसको सरकारले कुनै-कुनै समयमा जनपक्षीय निर्णय गर्‍यो भने पनि त्यसलाई कांग्रेसभित्रका सामन्त, पूँजीपति र जमिन्दारहरूको शक्तिले उल्टाउने वा कार्यान्वयन हुनै नदिने अथवा निर्णयलाई घुमाई-फिराई आफ्नो वर्गको हितमा प्रयोग गर्ने काम गर्दै आएको छ। "ऐतिहासिक कदम" भनिएको प्रधानमन्त्री शेरबहादुर देउवाको घोषणा पनि यतिबेला त्यस्तै हुन पुगेको छ। महन्थ ठाकुर र सुरेन्द्र चौधरी मात्र कांग्रेसमा छैनन्, त्यस्ता ठाकुर र चौधरीहरू कांग्रेसमा प्रशस्तै छन्। तिनीहरूको शक्ति अहिले पनि कांग्रेस पार्टीभित्र निकै शक्तिशाली छ र त्यो शक्ति कांग्रेस पार्टीलाई आफ्नो वर्गको स्वार्थमा हिडाउन निकैं सफल पनि छ।

कांग्रेसभित्र मध्यम वर्गको प्रतिनिधित्व गर्ने व्यक्ति वा शक्तिले "समाजवाद", "सामाजिक परिवर्तन" "क्रान्तिकारी भूमिसुधार" "जमिन जोत्नेको" आदि कुराहरू त यदाकदा उठाउँछन्। तर ती कुराहरूलाई कार्यान्वयनमा अगाडि बढाउन कहिल्यै दिइदैन। पहिलेदेखि अहिलेसम्मको कांग्रेस पार्टीको इतिहास नै यस्तै छ। यो कुरालाई बीपी कोइरालाले २००८ सालमा कांग्रेस सत्तामा रहकै बेला महसुस गरेको देखिन्छ। त्यतिबेलै उनले भनेका थिए- "नेपाली कांग्रेसले स्पष्ट भन्न सक्नुपर्दछ कि हाम्रो संस्था किसानहरूको हित गर्ने संस्था हो। आफ्नो संस्थालाई बलियो पार्नु छ भने देशमा जुन वर्गको प्रधानता छ, हामीले आफ्नो संस्थालाई त्यसैको प्रतिनिधित्व गर्ने बनाउनु पर्दछ। हाम्रो पार्टीले सरकार बनाएको हुनाले आज समाजका पैसावाल र हाइँफुइँ गर्न सक्ने व्यक्ति हाम्रो संस्थाभित्र पसेका छन्। उनीहरू




यसरी संस्थाभित्र पनि त्यसलाई आफ्नो तुल्याएर सरकारमाथि कब्जा गर्ने प्रयत्नमा छन्। पूँजीपति वा सामन्ती मनोवृत्तिका जमिन्दारहरूको प्रधान हाम्रो संस्था हुन जाने भय छ।"

यसरी बीपीले २००८ सालमै कांग्रेस पार्टीलाई सामन्तहरूले आफ्नो स्वार्थमा प्रयोग गर्न थालेको महसुस गरेका थिए। तर आफ्नो कार्यकालमा बीपी स्वयंले पनि कांग्रेस पार्टीलाई सामन्त र जमिन्दारहरूको स्वार्थबाट मुक्त राख्न सकेनन्। बीपीको कार्यकालपछि त्यो वर्ग कांग्रेसभित्र अझै शक्तिशाली हुनपुग्यो। यहाँसम्म कि लौहपुरुष मानिएका गणेशमान सिंहसमेत कांग्रेसभित्रका सामन्तहरूले आफूहरूलाई कामै गर्न नदिएको गुनासो गर्न बाध्य बने। उनले भनेका पनि थिए- "हाम्रो पार्टीभित्र रहेका सामन्तहरू हाम्रो समाजवादी कार्यक्रम लागू हुन दिंदैनन्।"

नेपाली कांग्रेसको अहिलेसम्मको इतिहासले नै देखाएको कुरा हो- त्यो पार्टीको आम मानसिकता जन्मकालदेखि अहिलेसम्मै सामन्ती चिन्तन र सामन्ती संस्कारबाट मुक्त छैन, मुक्त हुनु चाहेको पनि देखिंदैन। कांग्रेस पार्टी सामन्तवादप्रति लचिलो र नरम मात्र छैन सम्झौता परस्त पनि छ। कतिपय सन्दर्भमा सामन्तवादको पृष्ठपोषकका रूपमा समेत नेपाली कांग्रेस उभिएको छ। केही कांग्रेसी नेताले "समाजवाद", "क्रान्तिकारी भूमिसुधार", "परिवर्तनकारी सुधार" जस्ता कुरा उठाए पनि उनीहरू पार्टी भित्रकै सामन्त र जमिन्दारहरूबाट पराजित हुन बाध्य हुने गरेका छन्। यतिबेला प्रधानमन्त्री देउवाको हालत त्यही देखिएको छ।

तीन महिनाअघि प्रधानमन्त्री शेरबहादुर देउवाले जे घोषणा गर्नुभएको थियो- त्यो अत्यन्तै महत्त्वपूर्ण थियो। उहाँ मुलुकमा साँच्चिकै परिवर्तन ल्याउन जुन ढंगले मच्चिनु भएको थियो त्यो मच्चाई एकदमै सकारात्मक थियो, प्रशंसनीय थियो। उहाँ कांग्रेसको संसदीय दलबाट भारी बहुमतको समर्थन प्राप्त गरेर प्रधानमन्त्री बन्नु भएको थियो। कांग्रेसभित्रको भारी बहुमतको मात्र समर्थन उहाँलाई थिएन, आफ्नो घोषणा कार्यान्वयन गराउनका लागि उहाँले प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) लगायत सबै वामपन्थी पार्टीको समर्थन प्राप्त गर्नु भएको थियो। वामपन्थी पार्टीहरू, तिनका पक्षधर जनसंगठनहरू र जनता सडकमै ओर्लिएर प्रधानमन्त्रीको घोषणाको समर्थनमा उफ्रिएका थिए। तर थोरै सामन्तका विरुद्ध जुधेर दुई करोड नेपालीको माया पाउने अवसर देउवाले गुमाउनु भयो। केही सामन्तको चंगुलमा परेर उहाँले आफ्नो जिम्मेवारी र अभिभारालाई नै बिर्सिदिनु भएको छ।

कांग्रेस पार्टीभित्रका सामन्त र जमिन्दार तथा राप्रपा र सद्भावना जस्ता घोर दक्षिणपन्थी पार्टीको विरोधका अगाडि नझुकेर प्रधानमन्त्री देउवाले आफ्नो घोषणालाई अक्षरशः लागू गर्न सकेको भए मुलुकमा परिवर्तनको अभियान साँच्चिकै शुरू हुने थियो। राम्रो काम गरेर लोकप्रिय प्रधानमन्त्री बन्ने मौका देउवाले पाउनु भएको थियो। तर त्यो ऐतिहासिक मौकालाई अब उहाँले चुकाइसक्नु भएको छ। अधिकांश राजनीतिक पार्टी एवं लाखौं जनताको दृढ समर्थन पाउँदा पाउँदै पनि उहाँ कुन्नि के कारणले हो मुट्ठीभर सामन्त र जमिन्दारको चंगुलमै रहन रमाउनु भएको छ। राष्ट्र र जनताको हितमा प्रधानमन्त्री शेरबहादुर देउवाले केही काम गर्नु होला भन्ने आशा अब समाप्त भएको छ। उहाँ त थच्चिन पुग्नु भएको छ फेरि पनि जनताको चाहनामा हैन उही सामन्तवादको आदेशमा काम गर्ने प्रधानमन्त्रीको रूपमा।



# विश्व व्यापार संगठन र समकालीन विश्व

-उमेश उपाध्याय-

**किन जन्म्यो डब्लुटीओ सन् १९९५मा ?**

दश महिना वा दुई चार वर्ष मात्रै गर्भमा नबसेर झण्डै आधा शताब्दी गर्भमा बसेको थियो डब्लुटीओ अर्थात् विश्व व्यापार संगठन। झण्डै आधा शताब्दी भन्नाले ४७ वर्षको गर्भपछि १९९५ मा डब्लुटीओ जन्मेको हो - जन्माइएको हो। १९४८ मा ग्याट अर्थात व्यापार र सीमा शुल्क सम्बन्धी महासन्धिको शुरूआत भएको थियो। यो कुनै स्थायी प्रकृतिको संस्था नभएर पनि संस्था सरहकै हैसियतले आयोजना भइरहचो र संचालन भइरहचो। तर १९४८ मा स्थापित ग्याट महासन्धि पटक पटक विभिन्न वर्षहरूमा बैठक-छलफल-सम्झौताको आधारमा क्रियाशील भइरहचो र छुट्टै व्यापार संगठन बनाउनु पर्ने आवश्यकता बारे चर्चा भइरहँदा पनि विश्व व्यापार संगठन किन १९९५ मा मात्र स्थापित हुनसक्यो ? यो प्रश्न एउटा गहिरो प्रश्न हो र विश्वको सिंगो आर्थिक-सामाजिक-राजनीतिक प्रणालीको संरचनासंग गाँसिएको प्रश्न पनि हो।

प्रथम विश्व युद्ध (१९१४-१९१९), ठूलो आर्थिक मन्दी (१९२९) र दोस्रो विश्वयुद्ध (१९३९-१९४५) पछि शास्त्रीय अर्थशास्त्रीहरूको सोचाइ बेठिक सावित भयो। बिना अवरोध र विना सीमा शुल्क स्वतन्त्र व्यापार गरिनुपर्छ भन्ने सिद्धान्तले धरासायी हुनुपर्‍यो। आर्थिक क्षेत्रमा राज्यले हस्तक्षेप गर्नु हुँदैन भन्ने सिद्धान्तले हावा खायो। ठीक विपरित राज्यले आफ्नो उद्योग र व्यापारलाई संरक्षण दिनु र यसका लागि वैदेशिक व्यापारलाई आफ्नो अनुकूल बनाउन सीमा शुल्कमा घटबढ गर्न आवश्यक सावित भयो। आर्थिक क्षेत्रमा राज्यले सक्रिय हुने र आफै लगानी गर्ने अभ्यास बढेर गयो। युद्धहरू र मन्दीले चौपट्टै बिगारेको अर्थव्यवस्थालाई पुनर्व्यवस्थित गरी आर्थिक विकास गर्न राज्यले यस्तो भूमिका खेल्नु जरुरी भयो। संरक्षणवाद र राज्यको सक्रिय हस्तक्षेप पूँजीवाद विरुद्ध र समाजवाद अनुकूल थियो। फलतः धेरै मुलुकहरूमा समाजवादी प्रणाली स्थापित भयो र क्रियाशील भयो। त्यस अवधिको समाजवादले तीव्र गतिमा मुलुकहरूको आर्थिक विकास गर्न सक्यो। त्यसैले अन्तरराष्ट्रिय व्यापारलाई व्यवस्थित गर्न र स्वतन्त्र दिशातिर लैजान चाहेर पनि पूँजीवादी राष्ट्रहरूले सीमा शुल्क सम्झौताको छलफल राउण्डलाई अन्तरराष्ट्रिय व्यापार संगठन बनाउने तहमा लैजान सकेनन्, प्रस्तावित आइटीओ (अन्तरराष्ट्रिय व्यापार संगठन) बन्न सकेन।

तर १९८० को दशकमा समाजवादमा ठूला संकटहरू

देखा परे। अभ्यासमा रहेको सोभियत समाजवादी मोडेल र त्यसका पूर्वी युरोपेली उपमोडेलहरू पछारिए। फलतः आर्थिक समायोजनका नाममा मौद्रिक क्षेत्रमा शुरू गरिएको मुद्रा कोषको कार्यक्रमले नयाँ आयाम पायो र उदारीकरणको नाममा सिंगो अर्थव्यवस्थामा त्यसलाई फैलाइयो। उत्साहित भएको पूँजीवाद धरासायी भएका पुराना सिद्धान्तलाई नयाँ किसिमबाट उठाउन फेरि तम्सियो। बहुराष्ट्रिय निगम र सम्पन्न राष्ट्रको हितलाई अघि बढाउँदै मुक्त व्यापारको लागि तीव्र अभ्यास शुरू गरियो। यही तीव्र अभ्यास १९८६-१९९४ सम्मको उरुग्वे राउन्ड हो। जसले मुद्रा कोष र विश्व बैंक भन्दा पनि सोझो र निर्मम हस्तक्षेपकारी विश्व व्यापार संगठनलाई जन्म दियो। वैदेशिक व्यापारमा कृषि, वातावरण, बौद्धिक सम्पत्तिलाई समेत व्यापक घेरामा बाँधेर राष्ट्रहरू र आम मानिसको जीवनका सबै पक्षलाई नियन्त्रण गर्दै राष्ट्रहरूको सम्प्रभुता र मानिसको स्वतन्त्रतालाई कागजमा सीमित पार्ने अभियान अगाडि बढेको छ। समाजवाद आक्रमक छउन्जेल यसो हुन सम्भव थिएन र विश्व व्यापार संगठन जन्मन सक्ने थिएन। समाजवाद प्रतिरक्षात्मक भएपछि यसो हुनु सहज भयो र विश्वव्यापार संगठन सोभियत समाजवाद ढलेको आधा दशक पनि नपुग्दै जन्मन सक्यो।

**ग्याट महासन्धिका व्यापार-छलफल-बैठकहरू**

| | | |
|---|---|---|
| १९४७ | जेनेभा | - २३ देश सहभागी |
| १९४९ | ऐनेकी | - १३ देश सहभागी |
| १९५१ | टोर्के | - ३८ देश सहभागी |
| १९५६ | जेनेभा | - २६ देश सहभागी |
| १९६०-६१ | जेनेभा | - २६ देश सहभागी (डिल्लन राउन्ड पनि भनिन्छ) |
| १९६४-६७ | जेनेभा | - ६२ देश सहभागी (केनेडी राउन्ड पनि भनिन्छ) |
| १९७३-७९ | जेनेभा | - १०२ देश सहभागी (टोकियो राउन्ड पनि भनिन्छ) |
| १९८६-९४ | जेनेभा | - १२३ देश सहभागी (उरुग्वे राउन्ड पनि भनिन्छ) |

**बीसौं शताब्दीलाई हेर्दा**

बीसौं शताब्दीका शुरूका तीन दशक - शास्त्रीय अर्थशास्त्रको विफलता - युद्ध र मन्दी - समाजवादको उदय

चौथो दशकदेखि आठौं दशक - आक्रामक समाजवाद र प्रतिरक्षात्मक पूँजीवाद - स्वतन्त्र व्यापार र संरक्षणवादका बीच ग्याट समेत अन्यौलग्रस्त - राज्यको हस्तक्षेप र भूमिका सर्वस्वीकृत

अन्तिम दुई दशक - प्रतिरक्षात्मक समाजवाद र आक्रामक पूँजीवाद - ग्याट स्वतन्त्र व्यापार नीतिमा पूर्ण प्रतिबद्ध, विश्व व्यापार संगठनको जन्म - राज्यको हस्तक्षेप र भूमिका अस्वीकृत

**डब्लुटीओ - श्रम र पूँजी**

विश्वका राष्ट्रहरू आजको युगमा आत्मनिर्भर र अलग भएर अस्तित्वमा रहन सक्तैनन्। आजको सत्य हो परस्पर निर्भरता। त्यसैले वैदेशिक व्यापार सकेसम्म आफूलाई फाइदा हुने गरी गर्नैपर्छ। तसर्थ वैदेशिक व्यापारमा निश्चित नियम र उचित विश्व व्यवस्था कायम गर्ने प्रयत्न हुनु आवश्यक पनि छ। यद्यपि डब्लुटीओको स्थापना न्यायोचित विश्वव्यापार व्यवस्थाको लागि भएको देखिंदैन। खुला बजार अर्थव्यवस्थालाई निर्विकल्प बनाउने आधुनिक पूँजीवादी राष्ट्रहरूको स्वार्थ अनुकूल विश्वव्यवस्था निर्माण गर्न यसको स्थापना भएको हो। त्यसैले सतहमा हेर्दा यसका सिद्धान्तहरू राम्रै देखिए पनि व्यवहारमा भने बहुराष्ट्रिय निगम, ठूला व्यवसायिक समूहहरू र सम्पन्न राष्ट्रहरूको हित र आवश्यकतालाई यसले पूरा गर्छ।

विश्वव्यापीकरणले श्रमको अनौपचारिकीकरण गर्दै ठेक्कामा प्रयोग, पीस रेटमा प्रयोग जस्ता तरिकाबाट कारखाना भवनबाहिर आफ्नै घरमा डेरामा बसी काम गरेर उत्पादन बुझाउने घर-आधारित श्रमिकहरूको संख्या समेत बढाउँदै लगेको छ। साना उत्पादक र व्यवसायी पनि घर आधारित

**उरुग्वे राउन्ड अन्तरगत छलफल-बैठकहरू**

| | | |
|---|---|---|
| १९८६ सेप्टेम्बर | - उरुग्वे, पुन्टा डेलेस्टे | - उद्घाटन |
| १९८८ डिसेम्बर | - क्यानाडा, मन्ट्रीयल | -मन्त्रीस्तरीय पुनरावलोकन |
| १९८९ अप्रिल | - स्वीटजरलैण्ड, जेनेभा | - पुनरावलोकन पुरा |
| १९९० डिसेम्बर | - बेल्जियम, ब्रसेल्स | - कुनै निर्णय बिना मन्त्रीस्तरीय बैठक समाप्त |
| १९९१ डिसेम्बर | - स्वीटजरलैण्ड, जेनेभा | - अन्तिम सम्झौताको पहिलो मस्यौदा तयार |
| १९९२ नोभेम्बर | - सं.रा.अमेरिका, वाशिंगटन | - सं. रा अमेरिका र युरोपेली समुदायको कृषि वस्तुको व्यापार सम्बन्धी सम्झौता |
| १९९३ डिसेम्बर | - स्वीटजरलैण्ड, जेनेभा | - धेरैजसो बहुपक्षीय सम्झौता सम्पन्न |
| १९९४ अप्रिल | - मोरक्को, मरक्केश | - सम्झौतामा हस्ताक्षर (डब्लुटीओ बनाउने सम्झौता) १२३ देशबाट |
| १९९५ अप्रिल | - स्वीटजरलैण्ड, जेनेभा | - डब्लुटीओ स्थापित अर्थात सम्झौता कार्यान्वयन। |

श्रमिक र ठूला व्यवसायिक निर्यातकर्ताका बीचमा ठेकेदार वा मध्यस्थ बन्दै गएका छन्। डब्लुटीओको विकासले ठूला व्यवसायिक समूहहरूलाई विश्व बजारमा महत्त्वाकांक्षी पनि बनाएको छ र संयुक्त लगानीद्वारा बहुराष्ट्रिय निगमहरूसंग गठबन्धनमा जान बाध्य पनि पारेको छ। सरकारको आर्थिक क्षेत्रमा भूमिकालाई सीमित पार्दै लैजाने काम भएकोले ठूला व्यवसायिक समूह र बहुराष्ट्रिय कम्पनीहरू उद्योग र सेवामा मात्र नभएर कृषि पैदावार, वनपैदावार र प्राकृतिक स्रोतहरूमा समेत कारोवार र एकाधिकार बढाउँदै जाने स्थितिमा पुगेका छन्।

### डब्लुटीओ सम्झौतामा व्यापार प्रणालीका सिद्धान्तहरू

१. आफ्नो उत्पादन र सेवासंग अरु देशको उत्पादन र सेवालाई भेदभाव नगरी समान व्यवहार दिने।
२. सहमति र सम्झौताको आधारमा व्यापारमा अवरोधहरू हटाउँदै व्यापारलाई स्वतन्त्र बनाउँदै जाने।
३. सीमाशुल्क घट्दै जाने, अन्य अवरोध घटाउँदै जाने र आफ्नो बजारलाई झन् झन् खुला गर्दै जाने कुरामा कम्पनीहरू, लगानीकर्ताहरू र सरकारहरू विश्वस्त र प्रतिबद्ध हुनुपर्ने।
४. निर्यात अनुदान तथा स्वदेशी बजारमा महंगो वस्तुलाई विदेशी बजारमा कम मूल्यमा बेच्ने जस्ता अनुचित अभ्यासलाई हटाउँदै प्रतिस्पर्धालाई झन् झन् बढाउने।
५. आवश्यक व्यवस्था मिलाउन र झन लोचदार हुन बढी समय दिएर तथा विशेष सुविधाहरू दिई कम विकसित मुलुकलाई लाभान्वित गर्ने।

डब्लुटीओका व्यापारिक सम्झौताभित्र सोझै श्रम, मानव अधिकार र वातावरण सम्बन्धी तोकिएका मापदण्ड पूरा नगर्ने देशहरूलाई कारोवारमा नलिने जस्ता नियम राखिनुपर्छ भन्ने विषयमा पनि निकै ठूलो विवाद छ - यसलाई "सोसल क्लज" भनेर भनिन्छ। श्रम, मानव अधिकार र वातावरणलाई निर्यात व्यापारसंग जोड्ने हो भने यसले सम्पन्न राष्ट्रको मात्र हित गर्छ र गरीब मुलुकहरूलाई व्यापारमा अवरोध र प्रतिबन्धहरूको सृजना गर्छ - यो खुला व्यापारको नाममा सम्पन्न राष्ट्रहरूले आफ्ना लागि संरक्षणवाद ल्याउन खोजेको हो। आफ्नो बजारमा अरु मुलुकका वस्तुलाई महंगो पार्ने र छेकवार हाल्ने तरिका हो भन्ने मत राष्ट्रवादी श्रम धाराको रहेको छ। तर श्रमलाई व्यापारसंग जोडेर श्रम सम्बन्धी न्यूनतम मापदण्डहरू पूरा गर्न र विश्वव्यापी एकरूपता कायम गर्न सकिन्छ। यसका लागि आइएलओ जस्तै डब्लुटीओलाई पनि त्रिपक्षीय संरचनामा लगी श्रमिक संगठनको समेत प्रतिनिधित्व गराउने व्यवस्था गर्नुपर्छ भन्ने मत निरपेक्ष श्रम धाराको देखिन्छ। राष्ट्रवादी श्रम धारामा धेरैजसो बामपन्थी यूनियनहरू र विकासशील र अल्पविकसित

# सोसल क्लज सम्बन्धी विवाद

- विष्णु रिमाल

**सोसल क्लज के हो?**

सोसल क्लज (सामाजिक मापदण्ड) न्यूनतम श्रम मापदण्ड र अधिकारको संग्रह हो, जसलाई व्यापारिक सम्झौता गर्दा सम्बन्धित देशले पालन गर्नु पर्ने शर्तको रूपमा समावेश गर्न खोजिएको थियो। यी मापदण्ड निर्यात गर्ने देशले आफ्नो वस्तु उत्पादन गर्दा अनिवार्य पूरा गर्नुपर्ने शर्तको रूपमा अगाडि सारिएको थियो। यी शर्त पूरा नगर्ने देशका विरुद्ध सोसल क्लजलाई टेकेर आर्थिक नाकाबन्दीसम्म गर्न सकिने प्रावधान राखिएको थियो। प्रस्ताव बमोजिम विश्व व्यापार संगठन (डब्लुटीओ) सोसल क्लज लागू गर्ने संस्था हुने थियो। प्रस्तावित सोसल क्लज आइएलओको आधारभूत अभिसन्धिहरू (जसलाई अहिले आइएलओको घोषणापत्रमा समावेश गरिएको छ) समावेश गरिएको छ। यसले निम्न अधिकार रक्षा गर्ने उद्देश्य राखेको छ-

- संगठन स्वतन्त्रता
- संगठन गर्ने र सामूहिक सौदावाजीको अधिकार
- बाध्यकारी श्रमबाट स्वतन्त्रता
- भेदभावबाट मुक्ति
- समान काममा समान ज्यालाको अधिकार
- बालश्रमबाट स्वतन्त्रता

**सोसल क्लजका समर्थकको दावी**

सोसल क्लजका समर्थकहरू ठान्छन्, यसले विश्वव्यापी रूपमा श्रमिक माथिको शोषणलाई नियन्त्रण गर्नेछ। उनीहरूको तर्क छ, सोसल क्लज लागू गर्नु भनेको मजदुरका आधारभूत अधिकार उल्लंघन गर्ने देशलाई सजिलै व्यापार गर्न नदिनु हो।

उनीहरू ठान्छन्, सोसल क्लजले यूनियनलाई बलियो बनाउँछ। ज्याला बढाउने र राम्रो कार्यावस्था सृजना गर्ने संघर्षमा यूनियनको हात माथि पारिदिन्छ। यसै गरी उनीहरू तर्क गर्छन्, सोसल क्लजकै माध्यमबाट बालश्रम, बाध्यकारी तथा बाँधा श्रम र कार्यथलोको भेदभाव अन्त्य गर्न सकिनेछ।

प्रायजसो सोसल क्लजका

मुलुकका यूनियन देखिन्छन् भने निरपेक्ष श्रमधारामा आइसीएफटीयू, यसका आबद्ध धेरैजसो यूनियनहरू र विकसित मुलुकका यूनियनहरू देखिन्छन्। श्रमको विषय अन्तरराष्ट्रिय व्यापार र डब्लुटीओको सन्दर्भमा ठूलो विवादास्पद विषय हो।

**डब्लुटीओ र ११ सेप्टेम्बरपछिको अवस्था**

डब्लुटीओको सियाटल-अमेरिकामा भएको मन्त्रीस्तरीय बैठक ट्रेड यूनियनहरू, मानव अधिकारवादी संस्थाहरू र एनजीओहरूको व्यापक प्रदर्शन र घेराउ बीच विफल भएपछि अर्को मन्त्री स्तरीय बैठक कतारको दोहामा भएको छ। दोहा नै छानिनुको कारण पनि सरकारी बाहेक अन्य विदेशीलाई "भिसा" नदिई सजिलै रोक्न सकिने र यस्ता प्रदर्शन र विरोधका अवरोधबाट पन्छिने हिसाब मिलाएर तय गरिएको हुन सक्छ।

तर ११ सेप्टेम्बरको आतंककारी घटना र त्यसले जन्माएको अफगान युद्धपछि नयाँ किसिमको अस्तव्यस्तता आएको छ। आतंकवाद विरोधको नाममा नागरिक र मानव अधिकारहरूमाथि हस्तक्षेपहरू बढ्न सक्ने सम्भावनाहरू बढेर गएका छन्। यसले श्रमिक अधिकारमाथि पनि दुस्प्रभावहरू पर्न सक्दछन्। आतंकवाद पनि व्यापारसंग गाँसेर लैजाने एउटा बुँदाको रूपमा अगाडि आउन सक्छ। देशहरूका आन्तरिक समस्याहरू भित्र रहेको आतंकवादलाई आधार बनाएर पनि व्यापारमा छेकवारहरू सृजना गर्ने बहानाबाजी सम्पन्न राष्ट्रहरूले झिक्न सक्तछन्। दोहाको बैठक फलदायी हुने भन्दा डब्लुटीओको हस्तक्षेपकारी भूमिका बढ्नसक्ने सम्भावनाहरू देखिन्छन्।

**डब्लुटीओ र नेपाल**

डब्लुटीओ र ग्याटमा अन्तर छ। ग्याटमा कोही सदस्य थिएनन् केवल सम्झौताका पक्ष मात्र थिए। ग्याट तदर्थवादमा आधारित थियो तर डब्लुटीओ र यसको सम्झौता स्थायी प्रकृतिको छ। ग्याट अन्तरगत केवल वस्तुको व्यापार मात्र लिइएको थियो। तर डब्लुटीओको सम्झौतामा सबैखाले सेवाहरू र बौद्धिक सम्पत्ति समेत परेको छ। व्यापार गर्ने देशहरू बीचका विवाद समाधान गर्ने प्रणाली पनि डब्लुटीओले व्यवस्थित गरेको छ, ग्याटमा यो सम्भव थिएन।

त्यस्तै डब्लुटीओ मुद्राकोष वा विश्व बैंक जस्तो संचालक बोर्डले हाँक्ने संरचना भएको संगठन पनि होइन। सिद्धान्ततः सबै सदस्यहरूको सहमतिले निर्णय लिइने संस्था हो, यद्यपि व्यवहारमा सीमित देशहरूको दादागिरी प्रत्यक्ष-अप्रत्यक्ष किसिमले चलेको छ। यसको सर्वोच्च निकाय मन्त्रीस्तरीय सम्मेलन हो र दोस्रो निकाय महापरिषद हो। महापरिषदका पनि दुई निकाय छन् - व्यापार नीति पुनरावलोकन निकाय र विवाद समाधान निकाय। महापरिषद अन्तरगत धेरैखाले कमिटी तथा वस्तु व्यापार, बौद्धिक सम्पत्ति अधिकार र सेवाहरूको व्यापार सम्बन्धी छुट्टाछुट्टै परिषदहरू छन्। यसको सचिवालयको संचालन महानिर्देशक र उपमहानिर्देशकहरूबाट हुने गर्दछ।

समर्थकहरूको विश्वास छ, यसले विकासशील र अल्पविकासशील देशकै मजदुरहरूलाई सबैभन्दा बढी फाइदा पुऱ्याउँछ।

**सोसल क्लजका विरोधीको दावी**

सोसल क्लजका विरोधीहरू पनि मान्छन् - श्रम मापदण्ड र श्रमिकका अधिकार माथिको आक्रमणलाई चुनौती दिनैपर्छ यद्यपि उनीहरूको विश्वास छ यसो गर्न सोसल क्लज उपयुक्त माध्यम भने होइन।

उनीहरूको विश्वासमा विश्वव्यापार संगठन अप्रजातान्त्रिक संगठन हो, जहाँ विकसित देशको हाली मुहाली छ। विकासशील र अल्पविकसित देशहरूको आवाज त्यसै दबाइन्छ। त्यसैले सोसल क्लज विरोधीहरू ठान्छन् - विश्वव्यापार संगठनको शक्ति बढ्न दिनै हुँदैन।

यसका विरोधीहरूको तर्क छ, विकसित देशहरूले अविकसित देशमा रहेको कमजोर श्रम मापदण्डलाई तेर्साएर ती देशहरूको उत्पादनलाई विकसित देशको बजारमा छिर्न नदिन सक्छन्। यसको नतिजा के हुन्छ भने अविकसित देशका जनताहरू विकसित देशकै वस्तु किन्न बाध्य हुनेछन्। यसबाट युरोप, अमेरिका जस्ता विकसित देशकै मजदुरलाई मात्र फाइदा हुनेछ, एशिया अफ्रिका जस्ता गरीब देशका मजदुरको हित हुने छैन।

सोसल क्लजका विरोधीको अर्को तर्क पनि छ - आर्थिक नाकाबन्दीबाट गरीब देशका मजदुरहरूको रोजगारी गुम्नेछ, उनीहरूको जीवनस्तर खस्किनेछ। तर यसले पूँजीपति र धनीमानीको रौं पनि हल्लाउने छैन। उनीहरू भन्छन् - धेरै परिवारको आम्दानीको स्रोत आफ्ना केटाकेटीको कमाइ पनि हो। यदि केटाकेटीहरूलाई कामबाट हटाइयो भने उनीहरू झन् भीखमंगा हुनेछन्।

उनीहरूको तर्क छ, अधिकारको लागि ट्रेड यूनियन र सामाजिक आन्दोलनले आआफ्नो देशमा आफैले संघर्ष गर्नु पर्छ। श्रमिक तथा अन्य आन्दोलनले अन्तरराष्ट्रिय ऐक्यबद्धताका कार्यक्रमबाट उनीहरूको आन्दोलनलाई सहयोग पुऱ्याउन सक्छन्।

**तेस्रो पक्षको प्रश्न**

विश्व व्यापार संगठनको श्रमिकसंग के साइनो छ? यदि डब्लु टि ओले मजदुरको कुरा गर्ने हो भने जेण्डर र अन्य विषयमा किन मौन रहने ? श्रम मापदण्ड लागू गर्न आइएलओलाई अधिकार किन नदिने ? के आइएलओ दाँत नभएको बाघ हो र?

## डब्लुटीओ प्रवेश गर्दा नेपाललाई के फाइदा, के अप्ठेरो

**फाइदाहरू**

१. आफ्ना निर्यातका वस्तुका लागि अन्तरराष्ट्रिय बजार पाउने हक बढ्छ।
२. पारवहनको हक उपभोग गर्न सजिलो पर्छ।
३. अल्पविकसित मुलुकले डब्लुटीओका सम्झौता अन्तरगत पाउन सक्ने विशेष सुविधाहरू पाइनेछ।
४. हाम्रो निर्यातका वस्तुमाथि अरु देशले बढी भन्सार लगाउन सक्तैनन्।
५. नेपालको अन्तरराष्ट्रिय व्यापार सम्बन्धी अधिकार बढ्छ।

**अप्ठ्याराहरू**

१. स्वदेशी वस्तु र विदेशी वस्तुलाई एउटै व्यवहार गर्नुपर्ने हुन्छ।
२. सीमाशुल्क निर्धारणको स्वतन्त्रता लुलो हुन्छ।
३. आफ्नो बजारलाई अरु देशका लागि खुला छोडिदिनु पर्ने हुन्छ।
४. उद्योग र कृषिमा दिइँदै आएका अनुदानहरू कटौती हुन्छन्।
५. सेवाको व्यापारमा पूर्ण उदारीकरणमा जानु पर्ने हुन्छ।
६. अरुसंग अन्तरराष्ट्रिय बजारमा मात्र होइन आफ्नै स्वदेशी बजारमा पनि प्रतिस्पर्धा गर्नु पर्ने र भोग्नु पर्ने हुन्छ।
७. व्यापार सम्बन्धी थप कानूनी संरचना तयार गर्नु र धेरै आफूलाई फाइदा नहुने प्रतिबद्धताहरूमा पनि जानुपर्ने हुन्छ।
८. स्वदेशी उद्योगहरू बन्द हुने र बेरोजगारी बढ्ने खतरा हुन्छ।

जेनेभामा रहेको यसको कार्यालयमा झण्डै ५ सय कर्मचारीहरू छन्।

डब्लुटीओमा ३ किसिमका सदस्यहरू छन् :

- ग्याट सम्झौताका देशहरू स्वतः सदस्य
- डब्लुटीओ स्थापनापछिका सदस्यहरू
- सदस्यताको लागि आवेदन गरेका पर्यवेक्षक सदस्यहरू

नेपालले १९८९ मा आवेदन गरेको हो, तर प्रक्रिया पुरा गर्न नसकेर त्यो त्यत्तिकै खेर गयो। पछि १९९५ मा फेरि नेपालले आवेदन गऱ्यो। नयाँ सदस्य बन्ने बनाउने प्रक्रिया डब्लुटीओमा अत्यन्त जटिल छ।

- आवेदन गरेपछि महापरिषदले आवेदकको आवेदन उपर अध्ययन र सिफारिसका लागि "कार्यकारी दल" बनाइदिन्छ।
- कार्यकारी दलका प्रश्नहरूको उत्तर दिई मेमोरन्डम बुझाउनुपर्छ (नेपाललाई ३६४ प्रश्न सोधिएका थिए)
- विभिन्न व्यापार गर्न सक्ने देशहरूसंग आवेदक देशका दुई पक्षीय सम्झौताका लागि कुराकानी शुरू हुन्छन्
- आवेदकको स्थितिको पूर्ण अध्ययन कार्यकारी दलले गरेपछि र दुई पक्षीय सम्झौताहरू सम्पन्न भएपछि सदस्यताका शर्तहरू कार्यकारी दलले सिफारिस गर्छ।
- सदस्यताको सम्झौता मस्यौदा, सदस्यका प्रतिबद्धता र आफ्नो प्रतिवेदन कार्यकारी दलले बुझाएपछि डब्लुटीओका दुई तिहाइ सदस्यहरूले स्वीकार गरेमा महापरिषद्ले सदस्यता दिन स्वीकार गर्दछ।
- सम्बन्धित आवेदक देशका संसदले सम्झौतालाई अनुमोदन गरेपछि सदस्यताको प्रक्रिया पुरा हुन्छ।

१९९५ यता कुनै पनि अल्पविकसित मुलुक यी सम्पूर्ण प्रक्रिया पूरा गरी सदस्य बन्न सकेको छैन। आवेदकहरू विभिन्न चरणमा छन्, नेपाल पनि प्रक्रियामा छ।

तर नेपालले सदस्यता लिनु ठीक छ कि छैन भन्ने विषय देशभित्र ठूलो विवादको विषय बनेर रहेको छ। यद्यपि पछिल्लो कालमा यो विवाद केही मत्थर भएको छ। बहिष्कार गरेर अलग्ग बसेर कुनै अर्थ छैन र आफ्ना राष्ट्रिय हितहरूका लागि त्यसै संरचनाभित्र आफू जस्तै अरु राष्ट्रसंग मिली साझा लडाइ लड्नु बाहेक अन्य विकल्प छैन। विश्वव्यापीकरणको प्रक्रियासंग गाँसिएका यी संरचना विरुद्ध एक्लो लडाइ वा एक्लो बहिष्कारको कुनै अर्थ छैन।

डब्लुटीओको सोझो प्रभावभन्दा पनि श्रम क्षेत्रमा चाहिं विश्वव्यापीकरणको प्रक्रियालाई डब्लुटीओले झन आक्रामक र झन तेज बनाउने हुनाले श्रमिक वर्ग यसबाट पीडित हुने क्रम पनि झन् बढ्छ। राज्यका सामाजिक खर्चहरूमा कटौती, अनौपचारिकीकरण, बेरोजगारी, महिला र बालश्रमको शोषण र श्रम तथा व्यापारबीच पुल तयार गर्ने वा नगर्ने बारेका विवादहरूबढ्दै गएका छन्। श्रमिकमाथि पर्ने प्रतिकूल प्रभावहरू विरुद्ध प्रतिरोध आन्दोलन राष्ट्रिय र क्षेत्रीय तथा अन्तरराष्ट्रिय स्तरमा अघिबढाउने कुरा नेपालमा पनि श्रमिक आन्दोलनको एजेन्डा बन्नुपर्छ। यसका लागि सामाजिक आन्दोलनका अन्य घटक - किसान महिला र एनजीओसंग आवश्यक हातेमालोको अभ्यास पनि गर्नु पर्ने भएको छ।

# युरोपेली सोसल चार्टर र दक्षिण एशिया

-विष्णु रिमाल-



बेल्जियमको राजधानी ब्रसेल्समा आयोजित एक कार्यक्रममा गत असार १० देखि एक हप्तासम्म मैले भाग लिने मौका पाएँ। जर्मनको संस्था फ्रेडरिक इवर्ट स्टीफटुङको आयोजनामा दक्षिण एशिया ट्रेड यूनियन नेताहरूलाई युरोपेली संघ, त्यसको सामाजिक बडापत्र र ट्रेड यूनियनहरूको भूमिका बारे जानकारी दिने उद्देश्यले आयोजित उक्त कार्यक्रमको नाउँ इनफरमेशन सेमिनार अन रिजनल डाइमेन्सन राखिएको थियो। भ्रमण अवधिमा युरोपेली संघबारे प्राप्त जानकारीको आधारमा इयू र युरोपेली सामाजिक बडापत्रबारे संक्षिप्त चर्चा तल प्रस्तुत गरिएको छ।

**युरोपेली सामाजिक बडापत्र (युरोपियन सोसल चार्टर)**

युरोपका नागरिकहरू विशेष गरी श्रमजीवी जनताहरूले के के अधिकार उपभोग गर्न पाउने भन्ने बारेमा तयार गरिएको सामाजिक मापदण्ड नै युरोपेली सामाजिक बडापत्र (युरोपियन सोसल चार्टर) हो। यसमा निम्न अधिकार र सिद्धान्तलाई युरोपेली परिषदका सदस्यहरूले मार्गदर्शनको रूपमा स्वीकार गरेका छन् -

१. हरेक श्रमिकलाई न्यायपूर्ण कामको अधिकार छ।

३. हरेक श्रमिकलाई स्वस्थ र सुरक्षित अवस्थामा कामको अधिकार छ।

४. हरेक श्रमिकलाई परिवार सहितको मर्यादित जीवन जिउन पुग्ने उपयुक्त ज्यालाको अधिकार छ।

५. राष्ट्रिय र अन्तरराष्ट्रिय रूपमा आफ्नो आर्थिक तथा सामाजिक हित रक्षाको लागि सबै श्रमिक तथा रोजगारदातालाई संगठन बनाउने स्वतन्त्रता छ।

६. हरेक श्रमिक तथा रोजगारदातालाई सामूहिक सौदावाजीको अधिकार छ।

७. शारीरिक र नैतिक क्षति पुऱ्याउने चिजबाट केटाकेटीहरूलाई विशेष सुरक्षा पाउने अधिकार छ।

८. सुत्केरी हुँदा श्रमिक महिलालाई विशेष सुरक्षा पाउने अधिकार छ।

९. व्यक्तिको निजी चाख अनुरूपको पेशा अँगाल्न व्यावसायिक तालिमको सहयोग पाउने अधिकार हरेक व्यक्तिमा छ।

१०. हरेक व्यक्तिलाई व्यावसायिक तालिमको लागि उपयुक्त सुविधा पाउने अधिकार छ।

११. उच्च स्वास्थ्य सुविधाबाट लाभान्वित हुने अधिकार हरेक व्यक्तिमा छ।

१२. हरेक श्रमिक र तिनमा आश्रितहरूलाई सामाजिक सुरक्षाको अधिकार छ।

१३. पर्याप्त स्रोत नभएका जसलाई पनि स्वास्थ्य र सामाजिक सहायताको अधिकार छ।

१४. समाज कल्याण सेवाबाट लाभान्वित हुने अधिकार हरेकलाई छ।

१५. अशक्त व्यक्तिहरूलाई समुदायमा सम्मिलित हुने र सामाजिक रूपमा एकाकार भई स्वतन्त्र रूपले जिउने अधिकार छ।

१६. समाजको आधारभूत इकाइको रूपमा परिवारको पूरा विकासको लागि उपयुक्त कानूनी, सामाजिक र आर्थिक रूपमा सुरक्षाको अधिकार छ।

१७. केटाकेटी र किशोर-किशोरीलाई उपयुक्त कानूनी, सामाजिक र आर्थिक रूपमा सुरक्षाको अधिकार छ।

१८. आर्थिक र सामाजिक समस्याको कारणले प्रतिबन्ध लगाएको अवस्थामा बाहेक हरेक देशका प्रत्येक नागरिकलाई कुनै पनि देशमा सम्बन्धित देशको नागरिक सरह फलदायी रोजगारीको अधिकार छ।

१९. सदस्य देशका प्रवासी मजदुरका परिवारलाई सम्बन्धित देशका

नागरिक सरह सहयोग र सुरक्षाको अधिकार छ।

२०. लिंगको आधारमा बिना भेदभाव हरेक मजदुरहरूलाई रोजगारी र अवसरमा समान व्यवहार पाउने अधिकार छ।

२१. प्रतिष्ठानबाट सूचित हुने र परामर्श गर्ने अधिकार सम्पूर्ण मजदुरहरूमा छ।

२२. प्रतिष्ठानमा कार्यावस्था र वातावरण सुधार गर्ने र तयार गर्ने अधिकार श्रमिकहरूमा छ।

२३. हरेक जेष्ठ नागरिकहरूलाई सामाजिक सुरक्षा पाउने अधिकार छ।

२४. रोजगारी समाप्त हुँदा हरेक श्रमिकमा सुरक्षा पाउने अधिकार छ।

२५. ऋणमा डुबेको अवस्थामा श्रमिकहरूमा आफूले पाउने कुरा दावी गर्ने अधिकार छ।

२६. हरेक श्रमिकलाई मर्यादित कामको अधिकार छ।

२७. पारिवारिक दायित्व भएका व्यक्तिहरू रोजगारीमा भएमा वा रोजगारीमा जान चाहेमा पारिवारिक जीवन र रोजगारी दुवैमा समस्या नपर्ने गरी बिना भेदभाव कामको अधिकार छ।

२८. प्रतिष्ठानका मजदुर प्रतिनिधिलाई पूर्वाग्रही व्यवहारबाट सुरक्षा र आफ्नो गतिविधि गर्न उपयुक्त सुविधाको अधिकार छ।

२९. सामूहिक रूपमा कटौती गर्ने प्रक्रियामा हरेक श्रमिकलाई सूचना पाउने र परामर्शको अधिकार छ।


३०. सामाजिक विस्थापन र गरिबीबाट सुरक्षा पाउने अधिकार हरेक व्यक्तिमा छ।

३१. हरेक व्यक्तिलाई अवसरको अधिकार छ।

युरोपेली सामाजिक बडापत्रमा यिनै विषयहरू समाविष्ट छन्। प्रस्तावना र अनुसूची बाहेक ५ भागमा यी ३१ विषयलाई युरोपभरि कसरी लागू गर्ने, अनुगमन र सुपरिवेक्षण गर्ने भन्ने बारे विस्तृत रूपमा तयार पारिएको छ। यो बडापत्र मे ३, १९९६ मा फ्रान्सको ट्रासवर्ग स्थित युरोपेली संसदको सचिवालयमा संशोधित बडापत्रको रूपमा पारित गरिएको हो।

यही सामाजिक बडापत्रको आधारमा युरोपेली संघमा न्यूनतम श्रम मापदण्ड तयार गरिएको छ। उदाहरणको लागि संघमा सबै कानून तयार भएपछि आ-आफ्नो देशका सम्बन्धित कानूनसंग तुलना गरिन्छ। यसलाई निर्देशक सिद्धान्तको आधारमा बाँध्ने प्रयत्न गरिन्छ। श्रम क्षेत्रमा यस्ता निर्देशक सिद्धान्त १४ वटा छन्। तिनीहरू हुन्- सामूहिक रूपमा मजदुर कटौती सम्बन्धी, कम्पनी बिक्री गर्दा व्यवस्थापन पक्षले निर्वाह गर्नुपर्ने दायित्व सम्बन्धी, युरोपेली श्रम परिषद

## युरोपेली सोसल चार्टर - सुपरभाइजोरी संयन्त्र




सम्बन्धी, कम्पनी टाट पल्टिंदामा के गर्ने भन्ने सम्बन्धी, कामको समय सम्बन्धी ( अहिले ६ घन्टा कामको घन्टाको प्रस्ताव रहेको छ। २४ घन्टा पूरा समय र ११ थप, ३५ घन्टा काम पछि पूरै आराम चाहिने प्रस्ताव छ। ४८ घन्टा ओटी सहित बढी हप्तामा काम लगाउनु हुँदैन), ४ हप्ते तलबी वार्षिक बिदा सम्बन्धी, युवा र किशोरहरू सम्बन्धी, विशेष श्रमिक सम्बन्धी (एउटा देशको मजदुर, त्यही कम्पनीको अर्को देशमा संचालित प्रतिष्ठानमा सरुवा हुँदा कसरी कानूनद्वारा अधिकार सुरक्षित गर्ने), अस्थायी कामदार सम्बन्धी, सम्झौता, मध्यस्थता आदि सम्बन्धी र कम्पनीको शेयरमा मजदुरहरूको अधिकार।

**दक्षिण एशिया र सोसल चार्टर**

दशौं सार्क शिखर सम्मेलन (जुलाइ १९९८) ले एउटा सामाजिक बडापत्र ( सोसल चार्टर) तयार पार्‍यो। त्यो बडापत्रमा गरिबी निवारण, स्वास्थ्य, अशिक्षा, कुपोषण, जनसंख्या नियन्त्रण, मानवीय स्रोतको विकास, महिला सशक्तीकरण, केटाकेटीको सुरक्षा, युवा शक्ति परिचालन जस्ता विषयलाई समावेश गरियो। तर दुखको कुरा त्यो बडापत्रले श्रमिकसंग सम्बन्धित विषयमा केही पनि उल्लेख गरेन। त्यसैले सार्क बडापत्र, युरोपेली संघको बडापत्रभन्दा पृथक हुन पुगेको छ। युरोपेली सामाजिक बडापत्र युरोपभरि श्रमिकहरूको रोजगारी, कार्यावस्था र सामाजिक सुरक्षासंग सम्बन्धित साझा मापदण्ड स्थापित गर्ने उद्देश्यले तयार पारिएको छ।

त्यसैले श्रमिक वर्गलाई सिधै नसमेटी तयार पारिएको सार्क सामाजिक बडापत्र सायदै फलदायी होला भन्न सकिने ठाउँ छ। त्यसैले अन्य कुराको अतिरिक्त सार्क सामाजिक बडापत्रले पनि निम्न विषयलाई समेट्नै पर्छ -

- दक्षिण एशियाका सबै देशमा अन्तरराष्ट्रिय श्रम संगठनको अभिसन्धिहरू- १०२, १०३, १०७ र १४१ सहित ८ वटा मुख्य अभिसन्धिको आधारमा श्रमिकका आधारभूत अधिकार स्थापित गर्ने
- हरेक सार्क देशहरूमा राष्ट्रिय अवाश्यकता अनुरूपको न्यूनतम ज्याला लागू गर्ने र ज्याला नीति तयार गर्ने
- सार्क ट्रेड यूनियन मंच गठन गर्ने
- प्रवासी मजदुरहरूको अधिकार स्थापित गर्ने
- सार्कको गतिविधिहरूमध्ये एउटा कार्यको रूपमा श्रम बडापत्रलाई संलग्न गर्ने।



# सार्क ट्रेड यूनियन मंच निर्माणका लागि जिफन्टको प्रस्ताव

पूँजीको विश्वव्यापीकरणले विश्वका श्रमजीवी वर्ग र विशेष गरी कम-विकसित देशका श्रमजीवी वर्ग अत्यन्तै नराम्रो स्थितिको सामना गर्न बाध्य छ। यसबाट बच्नका लागि विभिन्न मंच र समूह निर्माणका प्रक्रिया आज भोलि आम विषय बनिरहेको छ।

बहुराष्ट्रिय कम्पनी, ठूला उद्योग समूह र तिनका संयुक्त लगानीमा संचालित उद्योगहरूको मजदुर विरोधी नीतिको प्रतिरोध गर्न र मजदुर वर्गको स्वार्थ रक्षा गर्न उपक्षेत्रीय मंच उपयोगी हुन सक्छ। विश्वका विभिन्न देशहरूले आ-आफ्नो क्षेत्र, र उपक्षेत्रमा निर्माण गरेका त्यस्ता मंच र गठबन्धनहरू प्रभावकारी भएको उनीहरूको अनुभवले पुष्टि गरिसकेको छ।

दक्षिण एशियाको सन्दर्भमा शासक वर्गले एक प्रकारको यस्तै मंच खडा गरेको छ। आपसी द्वन्द्व र अन्तरविरोधका बाबजुद सार्कको रूपमा सरकारी तहमा त्यसले एक प्रकारले काम गरिरहेको छ। घाँटी काटाकाटको प्रतिस्पर्धाको बाबजुद उचित वा अनुचित जुनसुकै रूपमा भए पनि अकुत नाफा आर्जन गर्न उद्योगपति र व्यवसायी वर्गहरू पनि श्रम लागत घटाउन एक भएका छन्।

विडम्बनाको कुरा, मजदुर वर्ग भने छरिएको छ। र, यूनियन गतिविधिमा कार्यगत एकता पनि हुन सकिरहेको छैन। विद्युतीय संचारको आजको जमानामा दक्षिण एशियाका ट्रेड यूनियन केन्द्रहरू दूरीको महसुस गरिरहेका छन्। हाम्रा बीच सूचना आदान प्रदान समेत व्यवस्थित हुन सकिरहेको छैन।

यसैले दक्षिण एशियाली क्षेत्रमा पनि ट्रेड यूनियन बीच यस्तो साझा मंचको आवश्यकता टड्कारो महसुस हुन पुगेको छ। तर आजसम्म त्यस्तो प्रभावकारी संयन्त्र निर्माण हुन सकेन। त्यसकारण, दक्षिण एशियाका ट्रेड यूनियन बीच कार्यगत एकताको हातेमालो गर्ने वेला आएको हामीले महसुस गरेका छौं। र, दक्षिण एशियाली ट्रेड यूनियन मंच निर्माण गर्नु पर्ने आवश्यकता महसुस गरेका छौं। यसैको लागि विषयगत - कार्वाहीमा आधारित फराकिलो घेराको एकताको लागि प्रस्ताव गरिएको छ।

दक्षिण एशियाका ट्रेड यूनियनहरू बीच जुतिसुकै विविधता भए पनि "समस्या आधारित - कार्वाही आधारित एकता" विकास गर्न यो मंचले भूमिका खेल्नेछ।

पूँजीको विश्वव्यापीकरण विरुद्धका श्रमिक गतिविधिमा संघर्ष गर्न सहमत सबैका लागि यो मंच खुल्ला रहनेछ। मुख्य रूपले बहुराष्ट्रिय कम्पनी र ठूला व्यवसायिक समूहका गतिविधिमा केन्द्रित हुँदै सिंगो दक्षिण एशियामा श्रम कानून सुधारको काम समेत गर्नेछ।

विश्वव्यापीकरणका नराम्रा असरहरूलाई व्यवहारिक तहमा यो मंचले उठाउनेछ। र, सैद्धान्तिक विरोधमा मात्र सीमित रहने छैन।

यस्तो मंचले यस क्षेत्रमा कार्यरत बहुराष्ट्रिय कम्पनीहरूको सन्दर्भमा साझा नीति विकास गर्न प्रयास गर्नेछ। आवश्यक परे बहुराष्ट्रिय कम्पनीहरूसंग पूरै दक्षिण एशियाका श्रमिकहरूको पक्षमा सौदाबाजी समेत गर्नेछ। विश्वव्यापार संगठनले सम्पन्न राष्ट्रको पक्षमा ग्रान्ड डिजाइन विकसित गरिरहेको अवस्थालाई हेर्दा नीति र कार्वाहीमा ट्रेड यूनियनहरूको साझा प्रतिक्रिया ज्यादै जरुरी भएको छ।

दक्षिण एशियाका ट्रेड यूनियनहरू बीच असल र जीवन्त संचार सम्पर्क यस मंचले विकास गर्नेछ।

यो मंच बनाउने नीतिगत सहमति भएमा अरु प्राविधिक र आवश्यक व्यवस्थाका लागि गृह कार्य गर्न सकिनेछ।

बहुराष्ट्रिय कम्पनी, ठूला व्यवसायिक समूह र संयुक्त लगानीद्वारा हुने श्रमिक विरोधी गतिविधिहरू विरुद्ध साझा प्रतिक्रिया विकसित गर्नेछ।

**विजया दशमी तथा शुभदीपावली २०५८ को**
उपलक्ष्यमा सम्पूर्ण यातायात मजदुर
एवं देशवासीहरूमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

**नगर प्रमुख**
**त्रियुगा नगर पालिका परिवार, गाइघाट, उदयपुर**

**विजया दशमी तथा**
**शुभ दीपावली २०५८** को उपलक्ष्यमा
सम्पूर्ण व्यापारी, उपभोक्ता
तथा श्रमिकवर्गमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

**उदयपुर सिमेन्ट उद्योग लि. परिवार**
**जलजले, उदयपुर ।**

# विश्वव्यापीकरण र श्रम मापदण्ड

- डा. नारायण मानन्धर

सन् १९९५ मा कोपनहेगनमा भएको सामाजिक शिखर सम्मेलन पश्चात विश्वव्यापीकरण र श्रमिक अधिकार सम्बन्धमा व्यापक जन चासो बढ्दै गएको छ। यसै क्रममा सन् १९९६ मा विश्वव्यापार संगठनको सिंगापुरमा भएको मन्त्रीस्तरीय सम्मेलन तथा सन् १९९८ मा अन्तरराष्ट्रिय श्रम संगठनले जारी गरेको कार्यस्थलमा श्रमिकहरूको मौलिक अधिकार र सिद्धान्त देखा पर्दछन्। हाल विश्वव्यापीकरण र श्रमिक अधिकारलाई लिएर मूलतः दुई विषयमा चर्चा भइराखेको छ। एक, श्रमिक अधिकार भन्नाले के के कुराहरूलाई जनाउँछ? र दोस्रो, यी श्रमिक अधिकारहरूलाई विश्व व्यापारको शर्तको रूपमा लिन सकिन्छ कि सकिँदैन? पहिलो प्रश्नको उत्तर सबै खोजिसके तापनि दोस्रो प्रश्नको जवाफ भने हालसम्म अनुत्तरित नै छ र यसै विषयलाई केन्द्रविन्दु बनाएर विश्वव्यापीकरणको व्यापक विरोधमा ट्रेड यूनियन तथा अन्य गैर सरकारी संस्थाहरू उत्रेका देखिन्छन्।

अन्तरराष्ट्रिय श्रम संगठनले सन् १९९८ मा श्रमिकहरूको मौलिक अधिकार भनेर चार क्षेत्रहरू- सामूहिक सौदावाजी र संगठन स्वतन्त्रता, बालश्रम उन्मूलन, बाध्यात्मक मजदुरीको अन्त्य र कार्यस्थलमा भेदभावको अन्त्य- जारी गरिसके पछि यी चार क्षेत्रलाई श्रम मापदण्डको मूल आधार (core) मानेको छ। श्रम सम्बन्धी यी चार क्षेत्रहरूलाई मौलिक अधिकारको दस्तावेजको रूपमा श्रम संगठनले घोषणा गरेको छ। श्रम संगठनले अगाडि झैं अभिसन्धि र सिफरिस नभनेर "घोषणा" भनेर जारी गर्नु पछाडि श्रम संगठनका सदस्य राष्ट्रहरूलाई यी चार क्षेत्रहरू अवलम्बन गर्न प्रत्यक्षतः कानूनीभन्दा नैतिक दवाव दिनु रहेको छ। कुनै पनि राष्ट्र श्रम संगठनको सदस्य रहेछ भने उसले यी चार क्षेत्रहरूलाई मान्यता दिई कार्यान्वयनमा ल्याउनु पर्दछ र यी चार क्षेत्रसंग सम्बन्धित आठ वटा अभिसन्धिहरूलाई अनुमोदन गरे पनि नगरे पनि यी चार क्षेत्रमा कार्यरत रहनु प्रत्येक सदस्य राष्ट्रको नैतिक दायित्व हुन आउँछ। श्रम संगठनको वार्षिक प्रतिवेदन २००० देखि प्रत्येक वर्ष यी चार क्षेत्रमा केन्द्रित हुनेछ। जस्तै सन् २००० मा संगठन स्वतन्त्रता र सौदावाजी सम्बन्धी रहेको थियो भने यस वर्ष बाध्यात्मक श्रम सम्बन्धमा रहनेछ र यस्तै सन् २००२ बाल श्रम र सन् २००३ कार्यस्थलमा भेदभाव सम्बन्धी रहनेछ।

यहाँ प्रश्न उठ्छ श्रम संगठनले यी चार क्षेत्रहरूलाई मात्र मूल अधिकार भनेर किन लियो त ? अगाडि भने झैं यी चार क्षेत्रसंग जम्मा जम्मी आठ वटा अभिसन्धिहरू पर्दछन् जबकि श्रम संगठनसंग १८३ भन्दा बढी अभिसन्धिहरू छन्। न्यूनतम वेतन, विकास र प्रशिक्षण, व्यवसायिक स्वास्थ्य र सुरक्षा, महिला सम्बन्धी हक हितका कुराहरू मौलिक अधिकार भित्र पर्दैन त? भन्ने प्रश्न पनि उठ्न सक्छ। मूलतः यी चार क्षेत्रहरूलाई श्रम सम्बन्धी अधिकार भनेर मानव अधिकार घोषणा पत्रको दफा २३ मा उल्लेख गरिएको छ र त्यस्तै कोपेनहेगन शिखर सम्मेलनले पनि यी चार क्षेत्रलाई मूल अधिकार भनेर घोषणा गरेको छ।

श्रमिकहरूको अधिकार के हो भन्ने विषयमा विश्वव्यापी मान्यता स्थापित भइसकेको भए पनि यी अधिकारहरू कसरी प्राप्त गर्न सकिन्छ भन्ने सम्बन्धमा भने अझै विवाद कायम छ। सन् १९९४ मा विश्व व्यापार संगठनको स्थापना पश्चात अन्तरराष्ट्रिय व्यापारलाई नै श्रमिकहरूको (वातावरण सम्बन्धी पनि) अधिकार प्राप्ति गर्ने विषयवस्तु किन नबनाउने भन्ने कुरामा भने विकसित र अविकसित राष्ट्रहरू बीच ठूलो विवाद रहेको छ। विकसित राष्ट्रहरू मूलतः अमेरिका, जापान र पश्चिमका यूरोपीय मुलुकहरू श्रम तथा वातावरण सम्बन्धी विषयहरू अन्तरराष्ट्रिय व्यापारको सरोकारको विषय हुन पर्दछ भनिराखेका छन् भने अविकसित राष्ट्रहरू अन्तरराष्ट्रिय व्यापारमा यस प्रकारको प्रतिबन्ध रहनु हुँदैन भन्ने आफ्नो अडान राख्दै आएका छन्। यो विवादलाई सामाजिक दफा (Social Clause) वा लिकेन्ज डिवेट पनि भन्ने गरेको छ। विकसित राष्ट्रहरूको भनाइ यस प्रकार रहेको छ - हाल विश्वव्यापीकरणको प्रक्रिया तीव्र रूपमा अगाडि बढिराखेको सन्दर्भमा यदि विश्व व्यापार पनि खुल्ला रूपले छोडिदिने हो भने कतिपय अविकसित मुलुकहरूमा जीवनस्तर न्यून भएकोले त्यहाँ श्रम सस्तो छ।

पश्चिमा मुलुकमा रहेका उत्पादनहरूले यिनीहरूसंग प्रतिस्पर्धा गर्न सक्दैनन्। अन्तरराष्ट्रिय व्यापार गरिंदा श्रम मापदण्डहरूको पालना गरियो वा गरिएन भन्ने विषय पनि समावेश गरिनु पर्दछ अन्यथा विकसित राष्ट्रहरूको मात्र नभई अविकसित राष्ट्रहरूकै श्रमलाई जहिले पनि शोषण गरिरहने सम्भावना हुन्छ। यसरी विकसित राष्ट्रहरू विश्वव्यापीकरण र श्रम मापदण्ड गहन छलफलको विषय रहनु पर्दछ भनेर अनेकौं नैतिक तथा आर्थिक तर्कहरू अगाडि सारिराखेका छन्। अविकसित राष्ट्रहरूको भनाइ यसको ठिक विपरित रहेको छ। यसरी श्रम मापदण्डहरूलाई विश्व व्यापारको कसी बनाउने हो भने यो एक किसिमको अदृश्य साम्राज्यवाद हुन जान्छ। विश्वव्यापीकरण र खुल्ला बजारको वकालत गर्ने पश्चिमा मुलुकहरूको यो जस्तो आडम्वरी कुरा अरु केही हुन सक्दैन। अविकसित राष्ट्रहरूले विकसित राष्ट्रहरूको बजार प्रतिस्थापन गर्लान् भन्ने डर विकसित राष्ट्रहरूमा लुकेको छ र अविकसित मुलुकहरूलाई जहिले पनि अविकसित रूपमै रहन दिने यो एक किसिमको चाल पनि हो।

विकसित र अविकसित राष्ट्रहरूले दिदै आएका आ-आफ्नो तर्कहरूको सारसंक्षेप तल तालिकामा प्रस्तुत गरिएको छ।

**समस्याको मूल जड:**

श्रम मापदण्डहरूको विश्वव्यापीकरण हुन सक्छ वा सक्दैन? श्रम मापदण्डहरूलाई अन्तरराष्ट्रिय व्यापार सन्धिको परिधिभित्र ल्याउन हुन्छ वा हुँदैन? विकसित र अविकसित राष्ट्रहरू बीच भइराखेको यो विवादको मूल जड के हो त? जति विकसित राष्ट्रहरू अविकसित राष्ट्रहरूसंग रहेको अपार सस्तो श्रमसंग त्रसित छन् त्यति नै रूपमा अविकसित राष्ट्रहरू पनि विकसित राष्ट्रहरूसंग सधै नै पूँजी र प्राविधिक क्षेत्रमा आश्रित रहनु पर्ने स्थिति देखी त्रसित छन्। छोटकरीमा भन्ने हो भने विकसित राष्ट्रहरूसंग पूँजी छ भने अविकसित राष्ट्रहरूसंग श्रम छ। विश्वव्यापीकरणले श्रम र पूँजीको विभेदलाई राष्ट्रिय स्तरबाट उठाएर अन्तरराष्ट्रिय स्तरमा ल्याइ पुऱ्याएको छ। र, यही कारणले गर्दा श्रम मापदण्ड र अन्तरराष्ट्रिय व्यापार सम्बन्धी विवाद चर्किन गएको छ। अन्तरराष्ट्रिय श्रम संगठन र संयुक्त राष्ट्रसंघले श्रम मापदण्डका चार वटा क्षेत्रलाई औंल्याएर अब श्रम मापदण्ड के हुनु पर्दछ भन्दा पनि यी मापदण्डहरू कसरी हासिल गर्न सकिन्छ भन्ने विषय वस्तुतिर अन्तरराष्ट्रिय जगतको ध्यान केन्द्रित गराएको छ। अहिले दुई कुरामा विश्वको ध्यान केन्द्रित छ : (१) श्रम मापदण्डलाई अन्तरराष्ट्रिय व्यापार अभिसन्धि भित्र ल्याउनु हुन्न र (२) कुनै पनि राष्ट्रको श्रम सम्बन्धी आन्तरिक नीतिमा बाह्य हस्तक्षेप गरिनु हुन्न। यदि यसो हो भने श्रम सम्बन्धी उल्लेखित चार वटा सिद्धान्तहरूको औचित्य के नै रह्यो र ? यी चार वटा क्षेत्रलाई श्रम मापदण्डका मूल आधार अथवा विश्वव्यापी अवधारणाको रूपमा लिइएको छ र प्रत्येक राष्ट्रको श्रम संगठनको सदस्यको हैसियतले, यी चार वटा मौलिक अधिकारहरू पुरा गरिनु पर्ने नैतिक दायित्व रहन्छ। यी मौलिक अधिकारहरू कसरी पुरा हुन्छ भन्ने कुरा प्रत्येक राष्ट्रमा आ-आफ्नो आर्थिक, सामाजिक र राजनैतिक स्थितिले निर्धारण गर्दछ। यस अर्थमा विकसित राष्ट्रहरूको कुनै दायित्व छैन भन्ने हुँदैन। उनीहरूले प्राविधिक र आर्थिक सहयोगद्वारा नै अविकसित राष्ट्रहरूबाट श्रमसंग सम्बन्धित यी चार वटा मौलिक अधिकारहरू पुरा गराउन सक्छन्। कसैलाई बाध्यताबस पुरा गराउनु भन्दा सहयोग दिएर पुरा गराउनु धेरै राम्रो उपाय पनि हो।

| विकसित राष्ट्रहरूको भनाइ | अविकसित राष्ट्रहरूको भनाइ |
|---|---|
| **क. आर्थिक तर्कहरू**<br>१. अनावश्यक वस्तुहरूको उत्पादन बढी (social and economic dumping), श्रम मूल्य प्रतिस्पर्धी भई (Race to the bottom) पूँजी पलायनको कारण विकसित मुलुकहरूमा बेरोजगारी बढ्छ र साथै दक्ष र अदक्ष कामदारहरू बीचको असमानता पनि बढ्न जान्छ।<br>२. त्यस्तै अविकसित मुलुकहरूमा बालश्रमको प्रयोग, श्रमको अधिक शोषण र श्रम मूल्य प्रतिस्पर्धी भई त्यहाँ पनि बेरोजगारी र असमानताको स्थिति उत्पन्न हुन्छ।<br>३. विश्वभर श्रम मापदण्डको एकरूपता कायम भई प्रतिस्पर्धाको क्षेत्रमा सन्तुलन कायम हुन जान्छ।<br>४. यदि श्रम मापदण्डमा एकरूपता कायम भएन भने प्रत्येक राष्ट्रले आ-आफ्नो बाधा अड्चन कायम गर्दछ र अन्ततः खुल्ला व्यापारको अवधारणाको नै अन्त्य हुन सक्छ। | **क. अदृश्य संरक्षणवाद**<br>श्रम मापदण्डको आधारमा विश्वव्यापारमा अवरोध सृजना गर्न खोजेर :<br>१. विकसित राष्ट्रहरू आफ्नो बजार, उद्योग तथा श्रमिकहरूको संरक्षण गर्न खोज्दैछन्।<br>२. गरिव मुलुकहरूलाई विश्वव्यापारमा प्रवेश बन्देज गर्दैछन्।<br>३. अविकसित राष्ट्रहरूको आन्तरिक नीतिहरूमा हस्तक्षेप गर्दैछन् र<br>४. श्रमको विश्वव्यापीकरण नभएको सन्दर्भमा पूँजीको मात्र विश्वव्यापीकरण गर्न खोज्दैछन्।<br>५. श्रम मापदण्ड निर्धारण एक पक्षीय रूपमा भएको छ। |
| **ख. नैतिक तर्कहरू**<br>१. श्रमिक अधिकार मानवअधिकार हो, यसको हनन हुनु हुन्न।<br>२. श्रम मापदण्डको पालन गर्न नसकेकोले नै व्यापार नाकाबन्दी लगाउनु पर्दछ।<br>३. व्यापार व्यापारको लागि नभएर आर्थिक एवं संस्कृतिको विकासको लागि पनि हो र यसले श्रमिक एवं उपभोक्ताको रक्षा गर्नु पर्दछ।<br><br>त्यसैले विश्व व्यापार संगठनले श्रम मापदण्ड विषयमा हात हाल्नु पर्दछ। | **ख. व्यापार अवरोध कार्यान्वयन हुन सक्दैन, कारण :**<br>१. यसले ससाना कम्पनीहरूलाई मात्र नराम्रो असर पार्ने छ, ठूला कम्पनीहरू यसबाट उम्कन सक्छ।<br>२. ससाना मुलुकहरू, जो थोरै वस्तुको निर्यातमा भर पर्दछन्, तिनीहरूलाई नराम्रो असर पार्दछ।<br>३. यसले ठूला, धनी एवं शक्तिशाली राष्ट्रहरूलाई अझ धनी, ठूलो र शक्तिशाली बनाउन मद्दत गर्दछ।<br>४. श्रमको शोषण उत्पादन उद्योगमा भन्दा कृषि तथा खानी उद्योगमा व्याप्त छ।<br>५. यो निर्यातमुखी उद्योगहरूमा मात्र लागू हुँदा यसको असर सीमित क्षेत्रमा मात्र हुन्छ<br>६. विकसित मुलुकहरू यदि श्रम मापदण्ड विषयमा त्यतिकै चिन्तित छन् भने किन उनीहरू आफ्नै निर्यात नियन्त्रण गर्दैनन्।<br>७. बालश्रमको कारण सरकारी नीति भन्दा गरीवी हो।<br>८. त्यसैले विश्व व्यापार संगठनले यस मामलामा हात हाल्नु हुँदैन। |

# ज्याला WAGE

लेखन- उमेश उपाध्याय
सम्पादन- विष्णु रिमाल
चित्र- बासु क्षितिज
रंग संयोजन- महेन्द्र श्रेष्ठ

## उत्पादनका चार साधन हुन्छन्



**भूमि:** उत्पादन कार्यमा भूमिको प्रयोग बापत भूमिपतिले लगानी प्राप्त गर्छ।



**श्रम:** श्रम लगानी गरेबापत श्रमिकले ज्याला प्राप्त गर्छ।



**संगठन:** संगठन अर्थात् व्यवस्थापनले लाभ प्राप्त गर्छ।

**पूँजी :** पूँजीको प्रयोग बापत पूजीपतिले ब्याज प्राप्त गर्छ।

**श्रम भन्ने बित्तिकै शारीरिक परिश्रम मात्र ठहर्दैन । मानसिक वा शारीरिक जुनसुकै प्रकारको भए पनि निश्चित आम्दानीका लागि उत्पादन कार्यमा निश्चित शर्तमा दिइएको सेवा नै श्रम हो। तर व्यवस्थापनलाई भने श्रमभित्र राख्न मिल्दैन । किनभने व्यवस्थापन कार्य नीति निर्णायकसँग सम्बन्धित हुन्छ । नीति निर्णायक तहले गरेको मानसिक प्रयत्नलाई श्रम व्यवस्थापनको काम भनिन्छ ।**




श्रमिकले श्रम बेच्दछ। आफू स्वयंलाई होइन। श्रम भनेको एक प्रकारको सेवा हो र यो श्रमिकसँग आश्रित रहन्छ। श्रमलाई श्रमिकबाट छुट्याएर हेर्न मिल्दैन। तसर्थ श्रम भूमि अथवा पूजीजस्तो निर्जीव साधन होइन। त्यसैले श्रमलाई वस्तुलाई झैं व्यवहार गर्नु अमानवीय कुरा हो। अन्तराष्ट्रिय श्रम संगठनले पनि आफ्नो आधारभूत सिद्धान्तमा "श्रम वस्तु होइन" भन्ने कुरालाई ठूलो जोड दिएको छ। श्रममा मानवीय तत्व जोडिएको हुन्छ। यसै हुनाले जुनसुकै समाज, देश वा अर्थतन्त्रमा "ज्याला" एउटा संवेदनशील पक्ष हो।




जुनसुकै देशमा पनि ज्याला कमाउनेहरुकै संख्या ठूलो हुने गर्छ। श्रम गर्नेहरु र तिनका परिवार आफ्ना सबै आवश्यकता पूरा गर्नका लागि ज्यालामा नै भर पर्दछन्। दास युगमा हाम्रा कमैया जस्ता दासहरुलाई मालिकले कुनै ज्याला दिने चलन थिएन। आधा पेट खानेकुरा र बाँच्नका लागि नभई नहुने वस्तु मात्र मालिकले दिने गर्दथ्यो। दास बाहेकका अन्य श्रमिकको पनि ज्याला नगदीमा भन्दा धेरैजसो जिन्सीमा नै हुन्थ्यो। नगदी होस् वा जिन्सी, ज्याला मजदुर आन्दोलनको पनि केन्द्रीय तत्वहरु मध्येको एक हो। वास्तवमा ज्याला भनेको श्रमको मूल्य हो । श्रमिकले आफ्नो श्रम दिएको कारणबाट पाउने जिन्सी वा नगदी भुक्तानी नै ज्याला हो।

## ज्यालाका प्रकारहरु: सामान्यतया प्रचलित वर्गीकरण अनुसार ज्याला दुई प्रकारको हुन्छ।


### मौद्रिक ज्याला



भाडाको रुपमा अर्थात् नगदको रुपमा दिइएको पारिश्रमिक मौद्रिक ज्याला हो। उदाहरणका लागि नेविकोमा काम गर्ने कुनै श्रमिकको दैनिक ज्याला रु ७५।- छ भने यो मौद्रिक ज्याला हो। मुद्राबाट आफ्ना आवश्यकताका वस्तु र सेवा किन्न सकिने हुनाले मजदुरको मुख्य ध्यान नगदी वा मौद्रिक ज्यालामा नै रहने गर्छ।

### वास्तविक ज्याला

नगदी ज्यालाले किन्न सकिने वस्तु र सेवाहरुलाई वास्तविक ज्याला मानिन्छ। वास्तविक ज्यालाभित्र मजदुरले पाएका निःशुल्क आवास सुविधा, स्वास्थ्य परीक्षण र उपचार आदि जस्ता अन्य सुविधाहरु पनि समावेश हुन्छन्। कुनै प्रतिष्ठानमा श्रमिकलाई लुगा दिइने व्यवस्था अथवा खाजा दिइने व्यवस्था रहेछ भने त्यो पनि वास्तविक ज्याला ठहर्दछ।



ज्याला तिर्ने तरीकाको आधारमा ज्याला दुई प्रकारका हुन्छन्–
समय अनुसारको ज्याला र काम अनुसारको ज्याला ।







समय अनुसारको ज्याला कामको समयमा आधारित हुन्छ। तोकिएको समय अवधिमा काम बढी गरे पनि कम गरे पनि ज्याला एउटै हुन्छ। यो दैनिक, साप्ताहिक अथवा मासिक हुन्छ। यदि कुनै गार्मेन्ट कारखानामा काम गर्ने श्रमिकलाई मासिक ज्याला रु १५००।- तोकिएको रहेछ भने उसले महिनाभरीमा ३० वटा कमिज सिलाए पनि २० वटा सिलाए पनि वा १०० वटा सिलाए पनि रु १५००।- नै पाउँछ, यसलाई समयअनुसारको ज्याला भनिन्छ। तर दिनको ८ घण्टाभन्दा बढी काम गराएमा भने बढी घण्टाको ओभर टाइम ज्याला भने उसले छुट्टै पाउँछ।

काम अनुसारको ज्याला चाहिं कामको मात्राको आधारमा तोकिने गर्छ। बढी काम गरे बढी ज्याला, कम काम गरे कम ज्याला दिईन्छ। यसलाई "पिस रेट" ज्याला पनि भन्न सकिन्छ। अर्कोतिर यदि एउटा कमिज सिलाएको रु १०।- भनेर तोकिएको छ भने उसले महिनाभरीमा १०० वटा कमिज सिलाउन सके रु. १०००।- पाउँछ। २०० वटा सिलाउन सके रु. २०००।- पाउँछ। यसमा उसले कति समय काम गरेको छ भन्ने कुरा हेरिंदैन। कति वटा कमिज सिलायो भन्ने मात्र हेरिन्छ। यस्तोलाई काम अनुसारको ज्याला भनिन्छ।
















## ज्याला अन्तर

**ज्यालामा हुने असमानता वा बिभिन्नतालाई ज्याला अन्तर भन्ने चलन छ। ज्याला अन्तर धेरै किसिमको हुनसक्छ, जस्तै–**

१. व्यवसाय र सिपको अन्तरले पनि ज्यालामा अन्तर हुन्छ। एउटा यातायात मजदुरको ज्याला र कृषि मजदुरको ज्याला फरक हुन्छ। सफाई मजदुरको ज्याला र ट्रेकिङ मजदुरको ज्याला फरक हुन्छ। बेग्लाबेग्लै व्यवसायका आ-आफ्ना सीप, दक्षता र महत्वले गर्दा ज्यालामा अन्तर हुन्छ।

२. बेग्ला बेग्लै भौगोलिक क्षेत्रमा पनि ज्यालामा फरक हुने गर्छ। हावा, पानी, प्राकृतिक साधन, औद्योगिक बिकासको स्थिति, श्रमको गतिशीलता आदि अन्तरले गर्दा एउटै काम गर्ने एउटै सीप भएका श्रमिकको ज्याला पनि बेग्लाबेग्लै भौगोलिक क्षेत्रमा फरक फरक हुनेगर्छ।





कृषि मजदुरको दैनिक ज्याला रु ६०

३. एउटै वस्तु उत्पादन गर्ने उद्योग भित्र पनि बेग्लाबेग्लै कारखानामा ज्यालामा फरक हुन सक्छ। एउटा विस्कुट कारखानाको ज्याला र अर्को विस्कुट कारखानाको ज्याला उही स्तर र क्षमता भएका श्रमिकलाई पनि फरक हुन सक्छ।

४. त्यस्तै अलग अलग खालका उद्योगहरु बीच पनि ज्यालामा भिन्नता हुने गर्छ। सिमेन्ट उद्योग र कार्पेट उद्योगका श्रमिकहरुको ज्यालामा फरक पाइन्छ।

५. समाजको अवस्था, प्रथा र प्रचलनले पनि ज्याला अन्तर हुन्छ। महिला र पुरुषको बीच, बालक र वयस्क बीच अथवा उही काममा पनि तल्लो जाति र माथिल्लो जातिको श्रमिकमा ज्याला फरक गरिनु जस्ता उदाहरणहरु सामाजिक अवस्थाले बनाएको ज्याला अन्तर बुझ्नुपर्छ। यस्तोलाई ज्यालामा अन्तर भन्नुभन्दा पनि ज्यालामा भेदभाव भन्नु बढी उचित हुन्छ।



चिया मजदुरको दैनिक ज्याला रु ६२

## ज्यालाको निर्धारण कसरी हुन्छ ?










ज्यालाको निर्धारण सन्तुलित ढंगले श्रमिकहरुको किन्न सक्ने क्षमताको बृद्धि तथा सुरक्षा गर्ने गरी र व्यवसायीको पुनर्लगानी क्षमता पनि नघट्ने तथा उनीहरुको सामान्य लाभ संकटमा नपर्ने गरी गर्नुपर्छ। यद्यपी ज्याला दरको निर्धारणमा प्रभाव पार्ने विभिन्न आर्थिक सामाजिक तत्वहरु विश्लेषण गर्न त्यति सजिलो छैन।

ज्यालादरको निर्धारण कसरी गर्ने भन्ने विषयमा धेरै सिद्धान्तहरु छन्। दुई तीन सयवर्षको आर्थिक चिन्तनको इतिहासलाई खोतल्ने हो भने बेग्लाबेग्लै सिद्धान्तको जोड बेग्लाबेग्लै पक्ष वा तत्वमा रहने भएकोले ज्यालादरको निर्धारण र व्याख्या गर्ने काममा कुनै पनि सिद्धान्त पूर्ण सत्य र एकदम ठीक साबित भएको छैन।



श्रमिक संगठनले स्वीकार गर्न सक्ने ज्यालादरको न्यूनतम सिमा यी तत्वमा भर पर्दछ-

१. जीवन निर्वाहको स्थिति
२. बेरोजगारीको मात्रा
३. अरु व्यवसाय, पेशा र ठाउँका श्रमिकहरुको अवस्था
४. श्रमको गतिशीलता
५. श्रम बजारको जानकारी
६. श्रम मापदण्ड र श्रम कानून
७. श्रमिक संगठनको नीति

उद्यमीहरुले तय गर्ने ज्याला दरको अधिकतम सिमा मुख्यत: यी तत्वहरुमा भर पर्दछ-

१. व्यवसायमा लाभको स्थिति
२. श्रमको उत्पादकता
३. श्रमको सट्टामा यन्त्रको प्रयोगको संभावना
४. लगानीको मात्रा
५. बजारमा प्रतिस्पर्धाको अवस्था
६. ॠण सुविधाको स्थिति

क्रमश :

# दर्शन भनेको के हो?





मुकुन्द न्यौपाने

**आज संसारमा जुन दार्शनिकहरूको चर्चा छ त्यसमा मार्क्सको नाम सर्वाधिक छ। आखिर मार्क्सवाद के हो र यसले कसको हितलाई अभिव्यक्त गर्दछ ?**

उन्नाइसौं शताब्दीको चौथो दशकमा मार्क्सवादको उदय भयो। त्यसै जमानामा एउटा नयाँ क्रान्तिकारी वर्ग-औद्योगिक मजदुर वर्गको पनि उदय भयो। त्यो समयको यो अत्यन्त महत्त्वपूर्ण घटना थियो। औद्योगिक मजदुर वर्गको जन्म धेरै पहिले नै भएको भए पनि उन्नाइसौं शताब्दीको चौथो दशकमा आएर मात्र ऊ शक्तिशाली क्रान्तिकारी वर्गको रूपमा अगाडि आयो। उसले यसै अवधिमा आएर अधिक संगठित शक्तिका साथ आफ्ना अधिकारका मागहरूलाई अगाडि सा¥यो र संघर्षमा उत्रियो।

श्रमजीवी वर्ग (आफू माथिको) पूँजीवादी गुलामीको जुवालाई निकालेर फ्याँक्न चाहन्छ। ऊ सबै प्रकारका शोषणबाट मुक्त नयाँ समाजवादी समाजको रचना गर्न चाहन्छ। जुन समाज स्वतन्त्र, खुल्ला र बहुलवादमा आधारित हुन्छ र आम जनताको हितलाई अभिव्यक्त गर्दछ। श्रमजीवी वर्ग यही नयाँ समाजवादी समाजसम्म पुग्ने बाटो पत्ता लगाउन चाहन्थ्यो। यसको लागि समाजवादी सिद्धान्तको रचना गर्नु आवश्यक थियो। मार्क्सवादले श्रमजीवी वर्गलाई यही सिद्धान्त प्रदान ग¥यो। श्रमिक वर्गका शिक्षकहरू मार्क्स र एंगेल्सले उनीहरूका लागि एउटा वास्तविक वैज्ञानिक सिद्धान्त रचना गरे। त्यस सिद्धान्तलाई मार्क्सवाद भनिन्छ। मार्क्सवादले श्रमजीवी वर्गको पक्ष लिन्छ र उसको हितको रक्षा गर्छ। यो दार्शनिक, आर्थिक, सामाजिक र राजनीतिक विचारको अविभाज्य र सुसंगत पद्धति हो। यो श्रमजीवी वर्गको सैद्धान्तिक हतियार पनि हो।

**मार्क्सवादको दर्शन के हो?**

हामीले पहिले नै के छलफल गरिसकेका छौं भने, विश्वको सम्बन्धमा आदर्शवादी व्याख्या पूर्णतः गलत छ। यस्तो दर्शनसंग श्रमजीवी वर्गको कुनै साइनो छैन। मार्क्सवाद सम्पूर्ण श्रमजीवी वर्गको लागि एउटा सुन्दर-सुखी जीवनको निर्माण गर्न चाहन्छ। यहाँ कल्पनावादले सही बाटो देखाउन सक्तैन। भौतिकवादले वास्तविक विश्वको अध्ययन गर्दछ। मार्क्सवादले वास्तविक जीवनबाटै आफ्नो कार्य प्रारम्भ गर्दछ। यसैकारण यसको सैद्धान्तिक मूलधार भौतिकवादी दर्शन हुन गएको हो।

**भौतिकवादको जन्म मार्क्सवादको उदय पछि मात्र भएको हो त?**

भौतिकवाद मार्क्सवादको जन्मभन्दा अगाडि नै विद्यमान थियो। तर त्यो भौतिकवाद, अधिभौतिकवाद थियो। मार्क्सले एउटा नयाँ सिद्धान्त नै प्रतिपादन गरे, त्यो द्वन्द्वात्मक भौतिकवादको रूपमा चर्चित छ।

मार्क्सवादले विश्वलाई शाश्वत र अपरिवर्तनीय ठान्ने अधिभौतिक मार्गलाई स्वीकार्दैन। वास्तविकता लगातार विकास र परिवर्तनशील छ, त्यसैकारण यो भौतिकवादी द्वन्द्ववाद हो। अर्को अर्थमा विकासको विज्ञान हो। जसले वास्तविकताको अध्ययन गर्दछ र वस्तुलाई परिवर्तन गर्नको लागि मार्क्सवादी पद्धतिको अवलम्बन गर्दछ। यस अर्थमा भौतिकवाद र द्वन्द्ववादको एकता र एक आपसको अविभाज्य सम्बन्ध नै मार्क्सवादी सिद्धान्त र मार्क्सवादी दर्शनको मार्ग हो। यसैले मार्क्सवादी दर्शनलाई द्वन्द्वात्मक भौतिकवाद भन्दछन्।

**मार्क्सवाद किन श्रमजीवी वर्गकै पथप्रदर्शक बन्यो र यसको पूँजीपति वर्गसंग किन शत्रुता रह्यो?**

एउटा जमाना थियो - रातमा बाटो पत्ता लगाउनको निम्ति मानिसहरूले ताराहरूको मद्दत लिन्थे। सप्तर्षि र ध्रुवतारा उनीहरूको दिशा पत्ता लगाउने आधार थियो। कैयौं दिनदेखि समुद्रमा दिशाहीन भएर हिंडिरहेका कोलम्बसले आकाशमा चरो उडेको देखेपछि चरो त जमिनमा बस्छ भन्ने ठानेर आफ्नो जहाजलाई त्यसै दिशातिर मोडे। पछि साँच्ची नै जमिन फेला पारेका थिए। जब कम्पास निर्माण भयो तब मानिसहरूको लागि यो यन्त्र बाटो पत्ता लगाउने पथ प्रदर्शक बन्यो। दिशा पत्ता लगाउन कम्पास राम्रो हुनुपर्छ। यदि कम्पास राम्रो भएन भने बाटो अल्मलिन सक्छ र भड्किन सक्छ।

विचार जगत पनि त्यस्तै हो। मानव जातिको उत्थानको कालदेखि नै विभिन्न

स्तरका विचारकहरू जन्मिए। उनीहरूले अनेकौं ढंगबाट समाजलाई अगाडि बढाउने चेष्टा गरे। भाषाको विकास हुनुभन्दा अगाडि सांकेतिक रूपमा उनीहरूले निर्देशित गरे भने भाषाको विकास र लिपिको उदय पछि अनेकौं ग्रन्थहरूको रचना गरे। प्राचीन युनानमा हर्कुलसको कथा (जसलाई बहादुर र परिश्रमीको रूपमा चित्रण गरिएको छ), होमरको महाकाव्यमा "इलियद" र "ओडिसि" को कथा, रोममा एक जना दास स्पार्टाकसको कथा धेरै महत्त्वपूर्ण र प्रख्यात जीवनको रूपमा मानिन्छन्। त्यस्तै महाभारतलाई लिन सकिन्छ। भारतको गाउँमा जमिन्दारहरूको परिवारमा अथवा राजतन्त्रको प्रारम्भिक कालमा भएको युद्धलाई जुन ढंगले रचनाकारले प्रस्तुत गरेका छन्, त्यसमा मानवसंग सम्बन्धित धेरै कुराहरू व्यवस्थित ढंगले अगाडि सारिएका छन्। ऐतिहासिक विकासको दृष्टिले अति नै पिछडिएको अवस्थामा यस्ता महान ग्रन्थहरूको सिर्जना समाजको निम्ति अति नै लाभदायक मानिन्छ। यसले मानव समाजलाई अगाडि बढाउन पनि ठूलो भूमिका खेलेको छ। यद्यपि यी ग्रन्थहरूले दलित, दास र किसानहरूको बारेमा बोलेका छैनन्।

पछिल्ला कालमा जब सामाजिक संघर्ष अगाडि बढ्दै गयो, विचारको जगत पनि फराकिलो हुँदै गयो। संसारमा कवि, लेखकहरू पनि त्यसै ढंगले वृद्धि भए। वर्गको उत्पत्ति र वर्गीय स्वार्थको संघर्षको विकास क्रममा साहित्य पनि वर्गीय स्वार्थको पक्षपाती बन्यो र विचारकहरू दुई खेमामा बाँडिए।

दर्शनको उदय यसै कालमा भयो र भौतिकवाद श्रमजीवी वर्गको पक्षपाती बन्यो भने अध्यात्मवाद मालिक वर्गको पक्षपाती बन्यो। लामो कालमा भौतिकवादी दार्शनिकहरू चीनका लाओत्जे, भारतका वृहस्पति, अरस्तु र फायरबाख हुँदै कार्ल मार्क्ससम्म आइपुग्दा भौतिकवादी दर्शनले एउटा निश्चित आकार ग्रहण गर्‍यो।

माथि भने झैं आकाशमा तारा हेरेर रातको बाटो पत्तालगाउने यात्रीहरू जस्तै महाभारत र ओडिसी जस्ता ग्रन्थका सारमा हिंडिरहेका मानिसहरूका हातमा मार्क्सवादी ग्रन्थ आए।

मार्क्सवादलाई श्रमजीवी वर्गको पथप्रदर्शक तारा भन्न सकिन्छ। यो हजारौं वर्षदेखि मानवले संकलन गरेका ज्ञानको उच्च रूप हो। मार्क्सवादको के अडान छ भने कुनै पनि देशको विकासमा निर्णायक भूमिका अर्थतन्त्रको हुन्छ। अपर्याप्त कारखाना र गाउँमा साना साना किसानहरूको साना गरामा खेती रहेको कुनै पनि देशमा समाजवादको निर्माण हुन सक्तैन। "व्यापक औद्योगीकरण, कृषिमा आधुनिकीकरण र शोषणको समाप्ति" मार्क्सले समाजवादको निम्ति यस्ता सर्त अगाडि सारे। यसकारण मार्क्सवाद श्रमजीवी वर्गको पथप्रदर्शक र पूँजीपति वर्गको शत्रु बन्न पुग्यो।

**प्रश्न** : मार्क्सभन्दा अगाडि पनि यस्ता धेरै विचारकहरू थिए र विविध ग्रन्थहरू पनि थिए भन्ने कुरा पनि आयो। अनि किन मार्क्सवादलाई नै पथप्रदर्शक मान्ने धारणा अगाडि आयो त?

मार्क्सभन्दा अगाडि सर्वाधिक प्रगतिशील मानिएका विचारकहरू र दार्शनिकहरूका पनि आफ्नै सीमा थिए। पहिलो कुरो मार्क्सवाद भन्दा पहिलेको भौतिकवाद यान्त्रिक भौतिकवाद थियो। ऊ यन्त्रविज्ञानको नियमको सहाराबाट सम्पूर्ण वास्तविकतालाई व्याख्या गर्ने चेष्टा गर्दथ्यो। मार्क्सवादभन्दा अगाडिका दार्शनिकहरू मानवलाई यन्त्र नै मानेर चल्दथे। दोस्रो, त्यो भौतिकवाद अधिभौतिकवाद थियो, उसको विकासको सिद्धान्त द्वन्द्ववादमा आधारित थिएन। यो भन्दा अलग पहिलेका भौतिकवादी विचारकहरू केवल प्रकृतिको व्याख्या मात्र भौतिकवादी अर्थमा गर्दथे र सामाजिक विज्ञानको व्याख्या गर्न काल्पनिकवादको सहारा लिन्थे। पुराना पौराणिक ग्रन्थहरू, कथाहरू यस्तै काल्पनिकवादमा आधारित छन् र मध्ययुगसम्मका लेखकहरूका कतिपय ग्रन्थहरू पनि काल्पनिक उडानतिरै लक्षित छन्।

मार्क्सवादभन्दा पूर्वको भौतिकवादको अर्को दोष के पनि थियो भने त्यसको चरित्र स्वतःस्फूर्त चिन्तनमा आधारित थियो। त्यसले चिन्तनमा सामाजिक क्रियाकलापको भूमिकालाई बुझ्न सकेन।

यो काम मार्क्सवादले मात्र गर्न सक्यो। यही कारणले गर्दा मार्क्सवादले आफ्नो उदयको तत्कालै समाजवादी सिद्धान्तलाई श्रमिक आन्दोलनसंग एकताबद्ध गर्ने, सैद्धान्तिक पक्षलाई भौतिक शक्तिसंग एकजुट गर्ने, यो हतियार थाम्न सक्ने भौतिक शक्ति भनेका श्रमजीवी सर्वसाधारण जनता हुन् भन्ने कुरालाई अगाडि सार्ने कर्तव्य पालना गर्‍यो। यिनै प्रमुख कारणले मार्क्सवाद श्रमजीवी जनताको पथ प्रदर्शकको रूपमा अगाडि आयो।

**विजया दशमी तथा शुभ दीपावली २०५८** को उपलक्ष्यमा
सम्पूर्ण देशवासी तथा श्रमिकवर्गमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**डबल बालकोनी र डबल साउण्ड सुविधा युक्त**

**अष्ट नारायण पिक्चर्स, नयाँ सिनेमा भवन** (हल),
**बालाजु बाइपास (त्रिशुली जाने बाटो), काठमाडौं।**

# देवीलाल बासंग एकछिन !



**तपाईंको उमेर कति भयो?**

म जन्मेको १९६४ साल मंसीर १ गते हो। तपाईं आफै हिसाब गर्नुहोस्। सायद म ९४ वर्ष लागें कि?

**जन्मस्थान नि?**

स्याङजा जिल्ला विगुना हो। कठिन ठाउँ, कठिन परिश्रम गर्नु पर्ने, के भनौं बाबु जीवनका कथाहरू बडो जटिल छन्। बताएर के गर्नु।

**हैन, भन्नुस् न, हामी जस्ता मान्छेलाई नबताए तपाईंका दुखका कथा कसलाई भन्ने त?**

हैन किन सोध्दैछन् यिनले ? छाप्न हो कि क्या हो?

**हैन बा, छापेर पनि के बिग्रिन्छ त? तपाई जस्ता पाका मान्छेका अनुभव त किसान जनताले पाउनु पर्‍यो नि, कति कृषि मजदुर आज पनि तपाईंले विगतमा भोगे जस्तै दुख भोगेर बसिरहेका छन्। अनि तपाईंले आफ्ना कुरा उनीहरू सम्म नपुर्‍याउने त?**

आ... छाप्छौ भने छाप, अब के गर्नु त, मान्दैनौ।

**लु भन्नुस् न त तपाईंको जीवनकै कुरा। जीवनमा तपाईंले कहिल्यै नबिर्सिने दुख र मनका व्यथा के हुन् ?**

के सोध्छौ, मेरो बिहे ११ वर्षमा भयो। ५ भाइ-छोरा थिए, ४ बहिनी-छोरी थिए। साह्रै कष्ट गरेर ती छोराछोरी हुर्कायौं। आखिरमा हाम्रो कष्टलाई पनि कुनै शक्तिले बुझेनन्। ४ भाइ-छोरा मरे। एउटी छोरी मरी। छोरो ८ वर्षको हुँदा उसको आमा पनि खसी। अब मेरो टाउकोमा ठूलो बोझ पर्‍यो। म त्यति पढ्न लेख्न पनि नजान्ने मान्छे। गाउँमा ठूलो सामन्त शोभाकान्ते भन्ने थियो। उसले अत्यन्तै दुख दिन थाल्यो। ऊ देखि सबै डराउँथे। कसैले त मेरो साथ पनि दिन डराउँथे। एउटा छोरो, उसलाई कसरी पढाउने, पाँच-पाँच भाइमा उनै एउटा बाँचेको थियो। मेरो धनमाथिको राती गेडी उही नै थियो। उसलाई बटौली दिदीकोमा राखेर पढाउने विचार गरें। गाउँले साथीहरूले सल्लाह दिए- एक्लै कसरी खेतीपाती गर्छस्, बुढो भइस्, अब छोराको बिहा गर। बुहारीले कम्तीमा घर थामिदिन्छे। मलाई पनि सल्लाह ठिकै लाग्यो। छोराको बिहे ११ वर्षमै गरिदिएँ। बुहारी साँच्चीकै चलाख र कुसल परिन्। छोरो पढ्न गइहाल्यो। त्यसपछि बुहारीले धेरै कुरा थामिन्।

**अनि छोरालाई पढाउने र आआफ्नो गुजारा चलाउने खर्च कसरी जुटाउनुभयो त ?**

बेसरी परिश्रम गर्नुपर्थ्यो। आफूसंगै पनि मेहनत गर्दा अलि अलि खर्च चलाउन पुग्ने खेतबारी त थियो। तर के गर्नु बालक छोरो, भर्खर ल्याएको सानी सानी बुहारी। मेरो खेतमा त बाबु, पापी शोभाकान्तेका आँखा लागिहाले। पहिलेको ऋण पनि निकै थियो मलाई। अत्यन्तै धौ धौ पर्‍यो।

**ऋण कसरी लाग्यो नि?**

पहिलेका छोराहरू खसेपछि निकै लामो कालसम्म छोरो नहुँदा त्यही शोभाकान्तेले "हरिबंश गर न छोरो भइहाल्छ नि" भन्यो। उसैको करकापमा हरिबंश पुराण लगाएँ। त्यसैले त्यो वेला १८ मुरी धान ऋण लाग्यो। त्यही ऋणमा बारी साहुले लग्यो। अब अरुको श्रम गर्नु पर्ने अवस्था आयो। यता श्रीमती मरी, काज क्रियामा पनि निकै ऋण लाग्यो। पुरेतले पनि यो गर र त्यो गर भन्ने, नगरौं भने समाज नमान्ने, त्यसबाट पनि ऋणमा परे। भैंसी किनेको र चाडबाडमा खर्च गरेको ऋण पनि थियो।

शोभाकान्तेले थुन्छु छेक्छु भनेर रातदिन तर्साउन थाल्यो। मलाई पनि डरलाग्यो। यत्रा छोरा मरेर गए, एउटा छोरो छ, के मोराको सत्तो सराप खाने भनेर खेत शोभाकान्तेलाई दिएँ। शोभाकान्तेले मलाई के कागज गरायो, राम्ररी पढ्न नजानेको मान्छे। पछि नापीले त मैले दिएकोभन्दा पनि बढ्ता सबै सिरीखुरी शोभाकान्तेको नाममा पो नापी दिएछ। बुहारी कराउन थाली। "के गरेको बा, म त मान्दिन, म त मुद्दा हाल्छु, तपाईंले यसरी सबै सिरीखुरी दिने?" छोरो पठनपाठन तिरै थियो। कहिले काहीं आउँथ्यो, हिंडि हाल्थ्यो। म झगडा गर्न त्यति रुचाउँदैन थिएँ। तर बुहारी नमान्ने भई। उसले आँट गरी, मुद्दा हाल्ने निधो गरी। उसको आँट देखेर मलाई पनि अलिकति आँट आयो। त्यसपछि हामीले नापीको विरुद्ध मुद्दा गर्‍यौं। हामीले स्याङजामा मुद्दा जित्यौं।

**मुद्दा जितेपछि त तपाईंका दिन अलिक सुध्रे कि ?**

हत्तेरी बाबु ! त्यसपछि त आपतै, आपत। आफूलाई थाहै नदिई छोरो पनि कमनिस्ट भइहालेछ। वेपत्ता नै भएछ। यो कुरो शोभाकान्तेले पनि थाहा पाएछ। अब त शोभाकान्तेले बसिखान नदिनेभो। कहिले बुहारीलाई फत्तुर लाउँछ, कहिले मलाई तर्साउँछ। घरमै लठैतहरू पठाएर पंचायती समेत गरायो। तर मेरो बुहारी साँच्चीकै दरी मान्छे रहिछ। उसले हिम्मत हारिन। समाजका अगाडि शोभाकान्तेका दलालको हुर्मत लिई। शोभाकान्तेको सातो काटी। गाउँलेले पनि विस्तारै हाम्रो साथ दिनथाले। पछि छोराका साथीहरू पनि अलिक बाक्लै आउन थाले। अनि गाउँका गरीब गुरुवा हामी जस्ता हलो कोदालो गरी खानेको अलिक धाक बढ्यो। बाबु, त्यसपछि अलिक सास फेर्न पाइयो।

**अनि अहिले पहिलेका कुरा संझदा तपाईंलाई कस्तो लाग्छ त ?**

हैन, यिनले त खोतली खोतली पो सोध्छन्, त के गर्न आँट्या हो ?

**हैन बा केही गर्न आँटया हैन, तपाईंको कहानी राम्रो लाग्यो क्या?**

अहिले त कति पनि सुन्न छोडें, धेरै बुढो भएँ। अब त नाति-नातिना पनि छन्। एकपल्ट नातिनातिनाको बिहे हेर्ने रहर थियो खोइ यिनेरु मान्दैनन्।

**पहिले तपाईंले यसरी दुख पाउनुभो। अहिले ९४ वर्षको हुनुभयो। आज पनि तपाई जस्ता धेरै कृषि मजदुरहरू, श्रमिकहरू शोभाकान्ते जस्ता मान्छेबाट दुख पाइरहेका छन्। तिनीहरूलाई तपाई के सन्देश दिनु हुन्छ त?**

बाबु एक्लो भयो भने सबैले हेप्दो र'छ। निम्छरो भयो भने सबैले हेप्दो र'छ। म सोझो र निम्छरो भएर मलाई साहुहरूले हेपे। मेरो बुहारी नलडेको भए मेरो सर्वस्व लिन्थे। पछि गाउँले एकजुट हुनथाले पछि शोभाकान्तेहरू पछि हटे। त्यसैले म सबै किसान मजदुर भाइहरूलाई भन्छु, निम्छरो नवन, एकजुट वन। तब मात्र तिम्रो मान-सम्मान बढ्नेछ।

**ल त बा राम्रो अनुभव बताउनुभएकोमा धन्यवाद।**

- प्रस्तुति मुकुन्द न्यौपाने

# पूँजीवाद

- भरत पहारी

राजनीतिको कुरा गर्दा पूँजीवादको कुरा आउँछ। केही मान्छेहरू पूँजीवाद राम्रो हो भन्छन्। कोही पूँजीवादले शोषण र अत्याचार गर्छ भन्छन्। साँचो कुरा के हो बुझ्न जरुरी छ।



उत्पादन गर्न विभिन्न साधन चाहिन्छ, जस्तो कि कच्चा पदार्थ, काम गर्ने मेशिन तथा औजारहरू, जमीन र श्रमिक। जमीन र श्रमिक बाहेक सबै साधनलाई पूँजी भनिन्छ। पूँजी जसको नियन्त्रणमा हुन्छ त्यसलाई पूँजीपति भनिन्छ। धेरै पूँजीको मालिकलाई ठूलो पूँजीपति र थोरै भएकालाई सानो पूँजीपति भनिन्छ। पहिले पहिले मान्छेहरू खेतीपाती गर्थे र बढी भएको बाली आफूलाई चाहिने अन्य सामानसंग साट्थे। तर समाज विकास हुँदै जाँदा मान्छेको आवश्यकता बढ्दै गयो। अब मान्छेलाई चाहिने सामानहरूको उत्पादन बढ्न थाल्यो। यसबाट रुपियाँ-पैसाको आविष्कार भयो। मान्छेहरूमा पैसा संचित गर्ने कुराको विकास भयो। यसले एउटा निश्चित काममा विशेषज्ञ हुन प्रेरित गऱ्यो। पैसा बचाउन र जम्मा गर्न उत्पादन बढाउँदै जाने र ती वस्तुहरू बेच्ने बजार बन्यो। व्यक्तिले आफै काम गर्ने गरेकोमा पैसा बचाउनेले अब एउटा कारखाना बनाउने र त्यसमा कालिगढहरूलाई काम लगाउने गऱ्यो। यसरी कालिगढ र मिस्त्रीहरू कामदारमा बदलिए। भूस्वमित्वबाट विस्तारै कारखाना हुँदै ठूलठूला उद्योग व्यवसाय सम्म स्थापना गर्ने सिलसिलामा पूँजीवाद विकास भयो। त्यसो हुँदा विभिन्न साधनबाट वस्तु उत्पादन गर्दा पैसा वचत गर्ने (पूँजीको अतिरिक्त संचिति गर्ने) विचार र दृष्टिकोण पूँजीवाद हो।

**पूँजीवादलाई कसरी बुझ्ने?**

पूँजीवादको अनुहार सरसर्ती हेर्दा सुपरमार्केटको सोकेसमा राखेको खेलौना जस्तो सिंगारिएको या मिठा मिठा नाराहरूबाट सज्जिएको छ। यसले प्रजातन्त्र, स्वतन्त्रता, मानव अधिकार जस्ता गुलिया नाराहरूलाई आफ्नो रक्षा कवच बनाएको छ। यसैको आडमा यसले मान्छे माथि गरिने शोषण, दमन र अत्याचारलाई कायम राख्छ र असमानता कायम राख्छ।

सारा पूँजीवादी समाजको संरचना यस्तै असमानता, भेदभाव, सामाजिक अन्याय, गरिबी तथा अभावमा छ। यी सबै विकृति र विसंगतिहरू अतिरिक्त मुनाफा कमाउने होडमा पूँजीवादी व्यवस्थाभित्र क्रियाशील छन्। यी विकृतिहरूले समाजमा आर्थिक तथा सामाजिक समस्याहरू जन्मन्छन्।

पूँजीवादले दिएका गुलिया शब्दहरू : निजी समृद्धि, सन्तुष्टि, प्रजातन्त्रको भ्रम अब मेटिंदै गएको छ। पूँजीवादले निर्माण गरेको समाजलाई उपचार गर्न कुनै पनि पूँजीवादी मान्छेको हातमा शासन भए पनि या निकै सफल मानिएको पूँजीवादी पार्टीले शासन गरे पनि सक्दैन।

**पूँजीवादले कसरी काम गर्छ?**

पूँजीवादले श्रमिकको श्रम र पसिनाबाट सम्पत्ति जम्मा गर्दै जान्छ अथवा पूँजीको अतिरिक्त संचिति गर्दै जान्छ। यस्तो अतिरिक्त सम्पत्ति जम्मा गर्न उसले उत्पादन गर्न लगानी गर्छ। उत्पादित वस्तुलाई थप मूल्यमा बेच्छ र लगानी भन्दा बढी भएको पूँजी सम्पत्तिको रूपमा थपिंदै जान्छ। कामदारमाथिको शोषण पनि बढ्दै जान्छ।

**उत्पादित वस्तुको मूल्य**

एउटा वस्तु या सेवा उत्पादन गर्ने श्रमिकहरूले श्रम अनुसारको ज्याला पाउनु पर्छ। यो ज्याला नै उनीहरूको बाँच्ने आधार पनि हो। यो ज्याला नपाएमा श्रमिकहरूले काम गर्न सक्दैनन्। उत्पादित वस्तुको श्रम बराबरको मूल्यलाई श्रममूल्य (क) भनिन्छ। एक पटक वस्तुउत्पादन गरेर पुग्दैन। उत्पादन

कार्यलाई नियमित रूपमा संचालन गर्न पूँजीकृत वस्तु तथा कच्चा पदार्थको आवश्यकता पर्छ। यसलाई प्रतिनिधित्व गर्ने वस्तुको मूल्यलाई पुनर्स्थापित पूँजी (ख) भनिन्छ। काम गर्दै जाँदा मेसिन तथा औजारहरू टुट्दै फुट्दै जान्छन् र यिनीहरूलाई फेर्नु पर्ने हुन्छ। यसै गरी उत्पादनको क्रममा कच्चापदार्थको खर्च पनि भइरहन्छ। यो सबैको निम्ति वस्तुको मूल्यमा हिसाब गर्ने गरिन्छ। अथवा जम्मा उत्पादनको एउटा भाग श्रम मूल्यको लागि छुट्टिन्छन्। अर्को हिस्सा पुनर्स्थापित पूँजीको निम्ति छुट्ट्याइन्छ। उत्पादनको बाँकी भागलाई अतिरिक्त मूल्य (ग) या अतिरिक्त वचत भनिन्छ।

अर्को उदाहरणबाट यो कुरा बुझ्न सकिन्छ। मानिलिउँ कुनै ठाउँमा किसानहरूले धान खेती गरे। धान पाकिसकेपछि उत्पादन भएको धानलाई माथि भनिएझैं ३ भागमा बाँडौं :

क) किसानहरूको आफ्नै उपभोगको लागि छुट्ट्याइएको धान

ख) अर्को वर्ष धान खेती गर्न बिउ भनेर छुट्ट्याएको धान

ग) बाँकी रहेको धान

अतिरिक्त वचत या अतिरिक्त मूल्यलाई कामदारको बीचमा दामासाहीले नबाँडिकन पूँजीको मालिकले आफ्नो खुसी राख्छ। यसलाई शोषण भनिन्छ। काम गर्छ किसान या कामदारले तर अतिरिक्त वचत माथि पूँजीपतिले कब्जा गर्छ। त्यसो हुँदा समाजमा २ वटा वर्ग हुन्छ-काम गर्ने र काम चोर्ने। यी दुई वर्ग नाममा फरक फरक भए पनि सबै अवस्थामा दासयुगदेखि सामन्तवाद र पूँजीवादसम्ममा रहेका हुन्छन्। अर्थात दासयुगमा दासमालिक र दास भए भने सामन्तवादमा सामन्त (जमिनको मालिक) र किसानहरू भए। पूँजीवादमा पूँजीलाई नियन्त्रण गर्ने पूँजीपति र श्रमिक भए। यी सबै सामाजिक अवस्थामा अतिरिक्त वचत पूँजीमा सम्पत्तिको मालिक आफूले रजाइ गर्छ। तर वर्गविहीन समाजमा भने यस्तो अतिरिक्त वचत सिंगो समाजले (एउटा वर्गले होइन) कहाँ प्रयोग गर्ने भन्ने निर्णय गर्छ। जस्तो कि यस्तो वचत समाजमा बालक तथा वृद्धहरूको हितको निम्ति हुन सक्छ, मान्छेको सुख र समृद्ध जीवनको निम्ति थप लगानी गर्ने ठाउँमा हुन सक्छ इत्यादि।

वर्गीय समाजमा आर्थिक उत्पादन संगै अतिरिक्त वचतको बाँडफाँडमा शोषण हुन्छ।

पूँजीवादी उत्पादन चक्र निम्न अनुसारको हुन्छ-

क. प्रारम्भिक लगानी - पूँजीपतिले उत्पादन कार्य संचालन गर्न निश्चित पैसा (पूँजी) लगानी गर्छ।

ख. प्रारम्भिक लगानीबाट पूँजीपतिले उत्पादनलाई आवश्यक पर्ने मेसिनहरू तथा औजारहरू पूँजीको रूपमा खरिद गर्छ, श्रम शक्ति खरिद गर्छ। यो भनेको कामदारहरूलाई ज्यालामा ल्याउँछ। त्यस्तै उत्पादनलाई आवश्यक पर्ने कच्चा पदार्थ खरिद गर्छ।

ग. आवश्यक सबै स्रोतहरूलाई निश्चित प्रविधिको प्रयोगबाट या संयोजन गरी तोकिएको वस्तु या सेवाको उत्पादन प्रक्रिया संचालन हुन्छ।

घ. उत्पादन कार्यबाट तोकिएको वस्तु या सेवा उत्पादन हुन्छ।

ङ. उत्पादित वस्तु या सेवा बजारमा विक्री हुन्छ। यो उत्पादित वस्तु अतिरिक्त व्यापारिक उत्पादनको रूपमा हुन्छ र विक्रीबाट वस्तुको श्रम मूल्य (विनिमय मूल्य) मात्र होइन, अतिरिक्त मूल्य पूँजीको अतिरिक्त वचतको रूपमा रहन्छ।

च) वचत राम्रो प्राप्त भइरहेको अवस्थामा पूँजीपतिले आफ्नो वचत बढाउनको लागि उत्पादन बढाउन प्रयत्न गर्छ। यसको लागि वचत भएको मूल्यको केही मात्र उत्पादन कार्यमा थप लगानीको रूपमा थपिन्छ। यसरी एउटा उत्पादन चक्र पूरा हुन्छ र अर्को चक्र शुरू हुन्छ।

पूँजीवादी अर्थव्यवस्था पूँजीको चक्रबाट संचालित हुन्छ। यसको खास चरित्र भनेको पूँजीको वचत गर्नु नै हो। श्रमको शोषणबाट जम्मा हुने अतिरिक्त वचत र मुनाफालाई अझै बढाउन पूँजीपतिहरूले थप पूँजी खरिद गर्ने काममा या नयाँ प्रविधि विकास गर्न लगानी गर्छन्।

पूँजीपतिहरूले जब आफ्नो मुनाफा बढाउँदै जान्छन्, यिनीहरूको क्षमता र स्थितिमा पनि वृद्धि हुन थाल्छ। पूँजीपतिको वचत गर्ने प्रेरक शक्ति प्रतिस्पर्धा हो। किनकि कुनै कम्पनीले वचत गर्न सकेन भने उसको विकास हुन सक्दैन र उत्पादन प्रक्रियामा नयाँ लगानी गर्न सक्दैन। फलस्वरूप अर्को कम्पनीसंग प्रतिस्पर्धा गर्न सक्दैन र आखिरमा कम्पनी नै डुब्न बाध्य हुन्छ।

तर पूँजीवादी कम्पनीहरूले जम्मा गरेको वचत सबै नयाँ पूँजी (सम्पत्ति) खरिद गर्न या आफूसंग भएको पूँजीलाई बढाउन प्रयोग गर्छन् भन्ने होइन। यो वचतको केही भाग सरकारले करको रूपमा लिन्छ, त्यस्तै केही मात्र पूँजीपति आफैले आफूलाई समाजमा धनी र सम्भ्रान्त देखाउन विभिन्न सुविधाहरूमा खर्च गर्छ। केही भाग भने छिट्टै नाफा हुने क्षेत्रमा, जस्तो कि सट्टावाजीमा प्रयोग गर्छ। केही भाग भने कम्पनीले आफ्ना शेयर होल्डरहरू, कामदारहरूमा लाभांशको रूपमा वितरण गर्छन्। जे जसरी गरे पनि पूँजीवादी अर्थ व्यवस्थामा यो प्रेरक तत्त्व हो। पूँजीको वचत प्रक्रियाले उत्पादनको विस्तार गर्छ र आर्थिक विकासतर्फ उन्मुख गराउने कुरा साँचो हो।

जब यो पूँजीको चक्र खण्डित हुन्छ या यसमा गडबडी हुन्छ, यसले आर्थिक विकासमा कमी आउँछ। यसबाट पूँजीवादी व्यवस्था संकटको अवस्थामा आइपुग्छ। त्यसो हुँदा पूँजीवादले आफ्नो आन्तरिक संकट आफै विकास गर्छ। यो पूँजीवादको केन्द्रीय चरित्र हो। त्यसो हुँदा यो व्यवस्था भित्रका आन्तरिक अन्तरविरोधहरूले नै पूँजीवादलाई विघटन गर्दछन्।

**विजयादशमी, शुभदीपावली र छठ पर्व २०७८** को उपलक्ष्यमा

सम्पूर्ण नगरवासीहरूको सुस्वास्थ्य, दीर्घायु र प्रगतिको

**हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दै

स्वच्छ र समुन्नत बसोबासका साथै

चाडपर्वमा आउने अतिथिहरूको स्वागतार्थ

तपसिल बमोजिमका बुँदाहरूमा ध्यान दिनुहुन

सम्पूर्ण नगरबासीहरूमा हार्दिक अपिल गर्दछ ।

- ताजा, मिसावट रहित शुद्ध र सफा खाद्य पदार्थ प्रयोग गरौं।
- माछा, मासु, फलफूल, सागसब्जीको काम नलाग्ने अंश सडक–नाला, सार्वजनिक स्थल तथा अरुको जमिनमा जथाभावी नफालौं।
- घर आँगन बढारेर सडक–नालामा नफ्याकौं।
- व्यवस्थित तरिकाले आफ्नो फोहर तह लगाउन नपाको साझेदार बि.एम.सि. सिल्ट ई.स. (प्रा) लि. संग सम्पर्क गरौं।
- लागू तथा मादक पदार्थको सेवन नगरौं।
- शान्त, स्वच्छ, सफा, उल्लासपूर्ण वातावरण बनाएर चाडवाडमा आउने देवतातुल्य अतिथिको स्वागत गरौं।

**बिराटनगर उपमहानगरपालिका परिवार**

**बिराटनगर**

# चोम्स्की को हुन् ?

- मुकुन्द कट्टेल

केही वर्ष यता नेपाली छापाहरूमा विभिन्न सन्दर्भसंग गाँसिएर नोम चोम्स्कीको नाम आउन थालेको छ। विश्व विख्यात विद्वानको रूपमा, नामुद अमेरिकाका "वामपन्थी" को रूपमा, अमेरिकी प्रभुत्व र विस्तारवादको विरोधीको रूपमा आदि, इत्यादि। म, यहाँ मैले चिनेको चोम्स्कीको व्यक्तित्व र आदर्शको छोटो चर्चा गर्दछु।

नोम चोम्स्की "अभ्राम नोम चोम्स्की" को जन्म ७ डिसेम्बर १९२८ मा अमेरिकाको फिलाडेल्फिया, पेनसील्भानियामा भएको हो। उनले १९४९ मा क्यारोल साजसंग विहे गरे। चोम्स्की-साजका दुई छोरी (अमी र डायने) र एक छोरा (ह्यारी) छन्।


**भाषाविज्ञ**

भाषालाई मस्तिष्कको अभिन्न पक्षका रूपमा अध्ययन गरिनु पर्ने जिकिर गर्दै चोम्स्कीले १९५० को मध्यदेखि भाषा विज्ञानको क्षेत्रमा 'चोम्स्की आन्दोलन' शुरू गरे। यो आन्दोलन भाषा सिकाइ प्रयोग र परीक्षण सापेक्ष हुन्छ भन्ने व्यवहारवादी सोचको विरुद्ध सुरु भएको हो। चोम्स्कीको दावी छ भाषा सिकाइ जन्मजात कुरा हो, शिशु जन्मदै भाषा सिक्न आवश्यक अंग/औजार (जसलाई उनी ल्याड 'LAD' भन्दछन्) मस्तिष्कभित्र लिएर आउँछ। शारीरिक विकासक्रमसंगै उक्त औजार सक्रिय हुन्छ र भाषा सिकाइ शुरू हुन्छ। चोम्स्कीका अनुसार भाषा विद्वताको आधारभूत र सिर्जनशील पक्ष हो। यो स्वतन्त्रताको स्वत:स्फूर्त ज्ञान र अभिव्यक्ति पनि हो जसको आधारमा मानव जातिले जीवन संगठित गर्दछ र उत्पादनशील जीवन बाँच्दछ।

युनिभर्सिटी कलेज लण्डनका भाषा विज्ञान विभाग प्रमुख तथा प्राध्यापक नेल स्मिथका अनुसार चोम्स्कीले संसारमा मानव-भाषा एउटै मात्र छ भन्ने देखाइदिएका छन्। हामीले सुनेका र देखेका अनगिन्ती भाषाहरू एउटै मूलका विविधताहरू हुनुपर्छ - चोम्स्कीको निष्कर्ष छ। चोम्स्कीले भाषा विज्ञानमा क्रान्ति मात्र गरेनन् १९६० देखि आजसम्म आधुनिक भाषा विज्ञानको क्षेत्रमा प्रतिस्पर्धी विहीन धरोहरको रूपमा चुलिरहेका छन्।

**प्रतिवद्ध सामाजिक कार्यकर्ता**

तर यो आलेख भाषा वैज्ञानिक चोम्स्कीको सन्दर्भ होइन, म यहाँ सामाजिक कार्यकर्ताका रूपमा चोम्स्कीको तस्वीर उतार्न चाहन्छु। चोम्स्कीसंगको चिठी वार्ता, उनका लेख भाषणहरूको अध्ययन र उनका बारेका समर्थक तथा विरोधीहरूका टिप्पणीका आधारमा चोम्स्कीप्रति मैले बनाएको



अनुमानको आधारमा यो मेरो निजी बुझाइ हो।

१. चोम्स्की असामान्य प्रतिभा भएका 'मानव' हुन्। एउटा खासप्रकारको आकृति र उसको भाषा 'मान्छे' को परिचय हुन सक्छ, तर सबै 'मान्छे' मानव 'बन्न' सक्तैनन्। मान्छे 'हुनु' प्राकृतिक कुरा हो। मानव 'बन्नु' कठोर परिश्रम र प्रतिबद्धता संग गाँसिएको कुरा हो। अमेरिकी शासकहरूको विदेश नीति र तिनका व्यवहारका कारण पीडित विश्व जनताको पक्षमा विगत ४० वर्षदेखि अविरल लडिरहेका चोम्स्की मानवीयताका लागि दर्जनौं पटक जेल परेका छन्। भियतनाममाथिको अमेरिकी आक्रमणको प्रतिरोध गर्न अमेरिकी जनमत तयार गर्ने सशक्त व्यक्तित्व नोम चोम्स्की हुन्। इन्डोनेसियालाई अघि सारी पूर्वी टिमोरका जनताहरूको रगत चुस्ने अमेरिका, बेलायत र अष्ट्रेलियाको चरित्र उदांगो पार्ने एक नम्बर व्यक्ति नोम चोम्स्की हुन्। उनले पटक पटक आफ्नै गोजीको पैसा खर्च गरी पूर्वी टिमोर स्वतन्त्रताका लागि लडिरहेका व्यक्तिहरूलाई अन्तरराष्ट्रिय सभा सम्मेलनहरूमा सामेल गराए। त्यहाँ भएका अत्याचारहरू विश्व जनता समक्ष उजागर गर्न सहयोग गरे। इराकमा भएको अमेरिकी आक्रमणको सशक्त प्रतिरोध गरे। र, हाल भइरहेको अफगानिस्तानमाथिको आक्रमणलाई उनी "बहाना बनाएर निर्दोष जनता मार्ने अमेरिकी चाल" को रूपमा चित्रित गर्छन्। संसारका कुनै पनि कुनामा भएको शक्ति-राष्ट्र संलग्न अपराधको उनी सशक्त प्रतिकार गर्छन्/गरिरहेका छन्। लागू औषध दुरूपयोग, हत्या, निर्वाचनमा धाँधली, विदेशी बजार प्रवर्द्धनका लागि भएका स्वदेशी बजार/वस्तुहरूको विध्वंश, अपराध ढाकछोप गर्ने शक्ति राष्ट्रबाट भएको आम संचारका साधनहरूको एकलौटी प्रचार उनका प्रहारका विषय हुन्। सबै प्रकारका आधुनिक सुख सुविधाका बाबजुद दु:खीहरूको पक्षमा दृढतापूर्वक उभिई उनीहरूको आन्दोलनमा सहभागी हुनु सहज कुरा होइन। तर चोम्स्कीले यसैलाई जीवन बनाए। यसर्थ उनी मान्छे भन्दा माथि उठेका 'मानव' हुन्।

२. चोम्स्की सच्चा 'मानवतावादी' हुन्। कुनै पनि प्रकारको 'वाद' र 'विचार' को बहानामा गरिएका अत्याचारहरू उनका प्रहारका निशाना हुन्छन्। स्थिर विचारको रूपमा कुनै पनि 'वाद' लाई उनी स्वीकार गर्दैनन्। "अपरिवर्तनीय विचार र सिद्धान्तप्रति कोही पनि सचेत मान्छे प्रतिबद्ध हुन मिल्दैन।" चोम्स्कीको 'वाद' प्रतिको विश्लेषण छ "विज्ञानमा त कुनै अपरिवर्तनीय चीज (सिद्धान्त) हुँदैन, मानवीय जीवनमा अपरिवर्तनीय भन्ने चीज हुँदै हुन्न।"

'वाद' र 'दर्शन' को नाममा अत्याचार, अपराध र दुराचार सावित गर्ने या ढाकछोप गर्ने हाम्रो बजारका सस्ता 'वाद' विल्लाधारीहरूलाई उनी फरक-फरक नाममा 'तानाशाह' को संज्ञा दिन्छन्। उनको विचारमा नवजागरणको युग (Enlightenment) ताकाका मानव र मानवीयताको रक्षा सम्बन्धी, सबै प्रकारका दुराचार र विभेदको विरोध सम्बन्धी र दुखी असहायहरूको सेवा सहयोग सम्बन्धी सोचहरू/विचारहरू मानवीयताको संरक्षण र प्रवर्द्धन सम्बन्धी सच्चा मार्गदर्शक गुणहरू हुन्। "सबै किसिमका शासन व्यवस्थाहरू र संरचनाहरु जनताको कठघरामा उभिनु पर्छ। तिनीहरू जस्तोसुकै अवस्थामा पनि जनताप्रति उत्तरदायी हुनैपर्छ।" समाजवाद र उदारवादका विशिष्ट विचारहरूको समिश्रणकोरुपमा निर्मित अनार्किस्ट विचारहरू नै मानवीयताको रक्षा र विकासका लागि सर्वश्रेष्ठ विचार हुन् भन्ने चोम्स्कीको ठहर्छ। उनको सामाजिक आन्दोलनको शुरु नै लेनीनवाद विरोधी मार्क्सवादी अनार्किस्टहरूसंग मिलेर भएको हो।

३. चोम्स्की सच्चा 'विद्वान' हुन्। सत्य र झुटको बारेमा जनतालाई बताउन नसक्ने या नचाहने बरु बुरुस, पालिस र कुची बोकेर विभिन्न शक्ति केन्द्रका पछिलागी असत्य र झूटलाई सत्य सावित गर्ने 'विद्वान' हरू चोम्स्कीका दुस्मन हुन्। चोम्स्कीका अनुसार विद्वानहरूको कर्तव्य सत्य बोल्नु हो। जनताहरूलाई सबै प्रकारका झूटको बारेमा सजग र सचेत बनाई न्यायका पक्षमा परिचालित गर्नु पर्छ विद्वानहरूले।

चोम्स्की ४० वर्षदेखि लगातार अमेरिकी अपराध र झूटको बारेमा विश्वका

जनता समक्ष बताइरहेका छन्, अपराधका बारेमा उठ्न र जुध्न आह्वान गरिरहेका छन्। विभिन्न क्षेत्र र तप्काका जनता समक्ष विभिन्न शीर्षकमा बोलेर, सयौं पुस्तक र हजारौं लेखहरू लेखेर चोम्स्की विश्व जनतासमक्ष सत्य बोलिरहेका छन्। सत्य बोल्नु उनको धर्म हो। उनी सत्यवादी विद्वान हुन्।

४. चोम्स्की सच्चा सामाजिक 'कार्यकर्ता' हुन्। विश्वमा उठिरहेको वर्तमान सामाजिक आन्दोलनको भविष्यका बारेमा मैले चोम्स्कीसंग सोधेको थिएँ- "यो सफल होला कि नहोला ?" चोम्स्कीले कुनै लामो भाषण दिएनन्। उनले यति भने "मेरो विचारमा यो के होला भनेर पर्खने या भविष्यवाणी गर्ने विषय होइन। म जति सक्छु आफ्नो काम गरिरहन्छु।" सच्चा कार्यकर्ता परिणामको बारेमा भन्दा पनि आफूले गर्नुपर्ने कामको बारेमा चिन्तित हुन्छ। चोम्स्की यसैमा चिन्तित छन्।

५. चोम्स्की अत्यन्त विश्वसनीय 'सहयात्री' हुन्, उनी कसैका गुरु या कसैका लागि हिरो बन्न चाहँदैनन्। चोम्स्कीका लागि कोही पनि "हिरो" छैनन् यद्यपि उनले "आदर गर्ने मान्छेहरूको सूची निकै लामो" छ। उनी कुनै वस्तु या अवस्थालाई निरपेक्ष (पक्ष विपक्ष नहेरी) समर्थन गर्दैनन्। त्यस्तै अरुलाई पनि निरपेक्ष नहुन अनुरोध गर्छन्। सच्चाइ र मुक्तिका लागि संसारका सबै कुनामा भइरहेका आन्दोलनहरू र आन्दोलनकारीहरूलाई उनी समानरुपमा आदर गर्छन्/सम्मान गर्छन्। उनका लागि यो ठूलो त्यो सानो हुन्न। विषय ठूलो हो। प्रतिबद्धता ठूलो हो।

मैले सामाजिक कार्यकर्ताको रूपमा पूरा गर्नुपर्ने जिम्मेवारीका बारेमा उनको विचार मागेको थिएँ। उत्तर यस्तो पाएँ, "मुकुन्द, म अरुका लागि, जो आफ्नो अवस्था र परिस्थिति म भन्दा बढी जान्दछन्/बुझ्दछन्, सल्लाह/सुझाव दिने धृष्टता गर्दिन। म यसका लागि उपयुक्त व्यक्ति पनि हैन। म कसरी कुनै काम राम्रो गर्न सकिन्छ भन्नेमा मात्र चिन्तित छु।"

६. चोम्स्की सच्चा 'देशभक्त' हुन्। आफ्नो देशका नीतिहरु सच्चाइ विरोधी नहुन्। कुनै अपराध र हिंशामा अमेरिका संलग्न नहोस्। यो चोम्स्कीको चाहना हो। अमेरिकाले हिरोशिमामा आणविक बम खसाल्दा चोम्स्की १६ वर्षका थिए। घटना सुन्दा उनी दुखी भए। "यो अपराधको बारेमा कसैले वास्ता नगरेको देख्दा मलाई झन बढी दु:ख लाग्यो। किन यो घटना अपराध बनेन ?" चोम्स्की अत्याचारलाई स्वीकार्ने अमेरिकी परम्पराको विपक्षमा उभिए र आजसम्म दृढतापूर्वक उभिइरहेका छन्। "म अमेरिकाको नागरिक हुँ, अमेरिकाले जे गर्छ त्यसमा एक नागरिकको हैसियतले मेरो पनि जिम्मेवारी रहन्छ। म चाहन्छु अमेरिकाले कुनै काम गर्दा मानवीय नैतिक मूल्यहरुको आदर गरोस्।" सबै सचेत मान्छेहरु चाहन्छन् - आफ्नो देश खरावी मुक्त होस्, अत्याचारबाट टाढा रहोस् र मानवीयताको रक्षक बनोस्। तर, चाहनालाई मूर्त रुप दिन काममा नै सामेल हुने 'सचेत' मान्छेहरु भने ज्यादै कम छन्। चोम्स्की ती थोरै मान्छेमध्येका एक हुन् जो सच्चाइको रक्षाका लागि खरावीको प्रतिरोध गरिरहेका छन्। "जनआन्दोलनहरुकै कारण हामी दासताबाट मुक्त छौं। वाक स्वतन्त्रता उपलब्ध गरिरहेका छौं। आन्दोलन कै कारण सबै अत्याचारबाट मुक्त हुन सकिन्छ। वितेका शताब्दीहरुमा थुप्रै स्वतन्त्रताहरु प्राप्त भएका छन्, तर अझै लामो बाटो पार गर्न बाँकी छ।" चोम्स्की यो लामो यात्राको अग्रपंक्तिमा उभिएका छन्। जनआन्दोलनप्रतिको विश्वासकै कारण हाल विश्वमा उठिरहेका स्वतन्त्रता सम्बन्धी आन्दोलनहरुको प्रतिरोधक अमेरिका (उनको आफ्नो देश) चोम्स्कीको प्रहारको निशाना हो। उनी खरावीमुक्त देश निर्माणका लागि लडिरहेका सच्चा देशभक्त हुन्।

**एक सच्चा विद्यार्थी, एक नम्बर विद्वान, एक नम्बर हिरो**

"दमन र शोषणको प्रतिरोध गर्नुपर्छ भन्ने ज्ञान नभएको समाजमा नैतिक मूल्यको कुनै अर्थ रहन्न। आफैंले भोगेको उत्पीडनको विषयमा जनताहरु अनभिज्ञ हुन सक्छन्। विद्वान तथा जानकारहरुले पीडितहरुलाई अत्याचार र असमानताको बारेमा सजग गराउनु पर्छ र तिनको मुक्तिका लागि उनीहरुलाई परिचालित गर्नु पर्छ।" चोम्स्कीले समाजमा नैतिक मूल्यको स्थापनाका लागि जीवनका ५० वर्ष खपत गरिसकेका छन्। उनी 'नेता' बन्न चाहँदैनन्। आफ्नो प्रशंसा सुन्दा उनलाई अप्ठ्यारो लाग्छ। चोम्स्कीले उनकै बारेमा बनेको चलचित्र हेरेका छैनन्। सायद हेर्दैनन्।

"आफ्नै बारेमा सुन्दा र हेर्दा मलाई घृणा लाग्छ। कुनै विचार र संरचनालाई कुनै खास व्यक्तिसँग गाँसेर हेर्नु ठीक होइन। कहिल्यै नाम नसुनिएका र इतिहासबाट हराएका समर्पित र साहसी व्यक्तिहरुका कारण संसारमा धेरै राम्रा काम भएका छन्। म तिनै व्यक्तिहरुका संगठित प्रयत्न र योगदानका कारण भाषण गर्न र लेख्न सक्छु, तिनीहरुले थालेको कामलाई आफ्नै तरिकाले सहयोग मात्र गर्छु।" इतिहासमा नलेखिएका ऐतिहासिक व्यक्तिहरु चोम्स्कीका गुरुहरु हुन्। अग्रजहरुको योगदान कुल्चिएर आफू मात्र महान देखिने/देखा पर्ने म-वादीहरुले बुझ्नु पर्छ 'हनुमान बन्नु' र 'हनुमान बनाउनु' सामाजिक अपराध हो। चोम्स्की कसैको 'हनुमान' बनेनन्। उनी कसैलाई आफ्नो 'हनुमान' बनेको हेर्न चाहँदैनन्। नचिनिएका पुर्खाहरु र नलेखिएका इतिहासहरुबाट पनि शिक्षा लिन सक्ने एक सच्चा विद्यार्थी हुन् - चोम्स्की।

अध्ययन र अनुसन्धानका स्रोतका रूपमा चोम्स्की मार्क्स, सेक्सपियर र वाइवलकै हाराहारीमा उभिन्छन्। अनुसन्धानका विभिन्न विषयमा (खासगरी मानविकी सम्बद्ध विषयमा) उद्धरण गरिएका प्रमुख १० सान्दर्भिक व्यक्ति/स्रोत मध्ये चोम्स्की एक हुन्। तर उद्धरण गरिएका लेखकहरू मध्ये उनी मात्र एक जीवित व्यक्ति हुन्। अर्थात् चोम्स्की आजको विश्वका एक नम्बर विद्वान हुन्। उनका पुस्तक/लेखहरू प्राय: सबै विधाको अध्ययन-अनुसन्धानमा अति उपयोगी स्रोत बनेका छन्।

चोम्स्की कसैलाई पनि कसैको "हिरो" या "आदर्श" मान्न र बन्न दिन तयार छैनन्। उनलाई डर छ कि कुनै "हिरो" निरपेक्ष रूपमा पूजा गरिने र अन्धाधुन्द सम्मान खोज्ने गल्तीको शिकार बनोस्। आलोचनात्मक दृष्टिकोण र तार्किक मूल्यांकन उनको आह्वान हो। तर, मेरा लागि चोम्स्की "हिरो" हुन् र एक मात्र जीवित "आदर्श" किनकी उनी बारम्बार भावुकताको सिकार बन्ने 'मान्छे' भन्दा माथि उठिसकेका 'मानव' हुन्।

**चोम्स्कीका/बारेका केही पढ्नु पर्ने पुस्तकहरू**

भाषा विज्ञान शिक्षक विद्यार्थीका लागि

a. Smith, Neil. 1999. Chomsky: Ideas and Ideals.
b. Chomsky, Noam. 1996. Powers and Prospects.

बाँकी सबैका लागि

a. Maher, John and Judy Groves. 1996. Introducing Chomsky.

Chomsky, Noam

b. 1988 Manufacturing Consent. 1993 year 501. 1997 World Orders: Old and New. 1999 The New Military Humanism. 2000 Rogue States. 2001 A New Generation Draws the Line.




जेण्डरका सन्दर्भमा अक्सर प्रयोग हुने केही वाक्यांश र शब्दहरूको संक्षिप्त परिभाषा तल दिइएको छ :

१. **जेण्डर समानता** : जेण्डर समानता भनेको नै महिला पुरुष बीचको समानता हो । महिला-पुरुष बीचको समानता भन्नाले जिम्मेवारी र अवसरमा महिला वा पुरुष, केटी वा केटा बीच अधिकारको समानता हो। त्यसैले यो "महिलाको विषय" मात्र होइन, पुरुषको पनि चासोको विषय हो। समानता भनेको महिला र पुरुषलाई "उस्तै" बनाउने भनेको होइन, तर महिला वा पुरुषको रूपमा जन्मिएका कारणले मानिसहरू बीच अधिकार, अवसर र जिम्मेवारीमा भेदभाव हुनुहुन्न भन्ने चांही हो। महिला-पुरुष बीचको समानता भनेको मानवाधिकारको विषय हो।

२. **लिंग र जेण्डर** : सामाजिक र शारीरिक रूपमा महिला र पुरुष बीच रहेको भिन्नतालाई यसले जनाउँछ। लिंग प्राकृतिक रूपमा महिला र पुरुष बीच रहेको शारीरिक भिन्नता हो। जेण्डर, महिला र पुरुष बीचको सामाजिक सम्बन्धमा रहेको भिन्नता हो। यो बुझ्न सकिने, समय समयमा परिवर्तन गर्न सकिने व्यवहार हो। यो विभिन्न संस्कृति र परम्परा अनुसार फरक हुन्छ। यस्तो भिन्नता विषय आधारित हुन्छ र सुधार्न सकिन्छ।

३. **जेण्डर भूमिका** : जेण्डर भूमिका समाजले सिकाएको व्यवहार हो। यसै अनुसार मानिसहरू यो काम महिलाले गर्ने, यो काम पुरुषले गर्ने, महिलाले यसो गर्नुपर्छ - उसो गर्नुपर्छ, पुरुषले "यसो वा उसो" गर्नु पर्दैन जस्ता धारणा बनाउँछन्। यस्ता धारणाहरू उमेर, वर्ग, वर्ण, जाति, समुदाय, धर्म, संस्कृति र विचारधारा तथा भौगोलिक, आर्थिक र राजनीतिक वातावरण अनुसार प्रभावित हुन्छन्। सामाजिक अवस्था अनुरूप महिला र पुरुषको जेण्डर भूमिका लचिलो वा अररो, उस्तै वा फरक, एक अर्काको परिपूरक वा एक अर्कासंग बाझ्ने खालको हुनसक्छ।

४. **जेण्डर विश्लेषण** : जेण्डर विश्लेषण भनेको महिला-पुरुष बीच रहेको भिन्नता छुट्टाउने साधन हो। यसले महिला पुरुषको विशिष्ट काम, अवस्था, आवश्यकता, स्रोतमा पहुँच र नियन्त्रण, विकासको प्रतिफल र निर्णय गर्ने तहमा रहेको पहुँचको स्थितिबारे अध्ययन गर्छ। यसले आफ्नो अध्ययनलाई सामाजिक, आर्थिक, राजनीतिक र वातावरणीय अवस्थासंग जोड्छ र लिंगको आधारमा तथ्यांकलाई विभाजन गर्छ।

यसले महिला-पुरुष बीच रहेको भिन्नतालाई खोतल्न मात्र आफूलाई सीमित गर्दैन, जेण्डर समानताको लागि अपनाउनु पर्ने नीति समेत चिन्हित गर्छ।

५. **जेण्डर आवश्यकता** : विद्यमान समाज र संस्थाहरूमा महिला र पुरुषले निर्वाह गर्ने भूमिका फरक फरक छ। त्यसैले उनीहरूको आवश्यकता पनि फरक फरक हुन्छ। यी आवश्यकतालाई २ भागमा विभाजन गरिएको छ -

**व्यवहारिक आवश्यकता** : व्यवहारिक आवश्यकता, समाजले महिला र पुरुषलाई दिएको भूमिकाबाट अनुभव गरिएको वास्तविक अवस्था हो। यस्तो अवस्था प्राय: महिलालाई आमाको रूपमा, घरपरिवार हेरचाह गर्नेको रूपमा, आधारभूत आवश्यकता पूरा गरिदिनेको रूपमा देखिन्छ। यो प्राय: खानेकुरा, पानी, आवास, आम्दानी, स्वास्थ्यको हेरचाह र रोजगारी जस्ता दैनिक जीवनसंग सम्बन्धित विषयसंग जोडिएको हुन्छ।

**रणनीतिक आवश्यकता** : यो आवश्यकता पुरुष तथा महिलाले समाजमा हक पाउने कुरासंग र महिला सशक्तीकरणसंग जोडिएको हुन्छ। सामान्यतया रणनीतिक आवश्यकता "समानताको विषय" संग जोडिएको हुन्छ। समानताको विषय भनेको महिलालाई रोजगारीको अवसर र तालिम, उस्तै कामको लागि उत्ति नै ज्याला, जमीन तथा पूँजीमाथिको अधिकार, घरेलु हिंसा र लिंगीय दुरुत्साहनबाट सुरक्षा जस्ता विषयमा अधिकार सम्पन्न तुल्याउनु हो। यी विषयमा ध्यान दिनु भनेको परम्परागत मान्यता र व्यवहारबाट समाजलाई विस्तारै रूपान्तरण गर्नु हो।

६. **श्रमको जेण्डर विभाजन** : महिला र पुरुष बीचको श्रम विभाजन सामाजिक, आर्थिक र सांस्कृतिक वातावरणमा आधारित हुन्छ। यसलाई उत्पादक र जीवन निर्वाह तथा हेरचाहको कार्यको रूपमा विभाजन गर्न सकिन्छ।

**उत्पादक काम** : महिला वा पुरुषले वस्तु-सेवा वा वस्तुको प्रारम्भिक प्रशोधन गर्ने कामलाई उत्पादक काम भनिन्छ।

**जीवन निर्वाह तथा हेरचाहको काम** : जीवन निर्वाह तथा हेरचाहको काम भन्नाले आजभोलि भन्ने गरिएको "केयर इकोनोमी" अर्थात "हेरचाहको रुपमा गरिने आर्थिक काम" अन्तर्गतको बच्चा पाउने, घरका अन्य सदस्यहरू र समुदायको सेवाको लागि अधिक समय खर्च गर्ने, इन्धन तथा पिउने पानी ल्याउने, खानेकुरा पकाउने, शिशुस्याहार, शिक्षा र स्वास्थ्य तथा बुढापाकाको सेवा गर्ने काम हो।

महिलाले गर्ने यी उत्पादक र जीवन निर्वाह तथा हेरचाहका काम, दुवै पुरुषले भन्दा बढी समय गर्ने काम भन्ने बुझ्नु पर्छ। महिलाले गर्ने प्राय: काम कानूनले नछोएको, ज्याला नपाइने र अनौपचारिक क्षेत्रकै हुन्छ। त्यसैले गर्दा महिलाले गरेको काम राष्ट्रिय आय र रोजगारीको तथ्यांकमा समेत समेटिएको हुँदैन।

त्यसैले यी कामहरूको पुनर्मूल्यांकन गरिनु पर्छ। र महिला र पुरुष बीच उत्पादक होस् कि जीवन निर्वाह तथा हेरचाहका, दुवै काममा सकेसम्म उपयुक्त साझेदारी हुनुपर्छ।

# माकुरो र झिंगा

– विल्हेम लिब्नेच्ट



शरीरभरि झुसलाग्ने रौं भएको त्यस भुँडीवाल प्राणीसित तपाईंहरू सबै परिचित हुनुहुन्छ, जो दिनको प्रकाशबाट सकभर टाढा अँध्यारो कुनामा बसेर आफ्नो हत्यारा जालो बुनिरहन्छ र निर्दोष वा सरल स्वभावको झिंगा त्यस जालोमा परेर नाश हुन्छ। यस कुरूपी दानवका बाटुला, घाँसे रंगका आँखाहरू छन् र यसका लामा खुट्टाहरू अघिल्तिर बाँगिएका छन् र ती आफ्नो शिकारलाई समात्न तथा घाँटी निमोठेर मार्न ज्यादै सशक्त छन्, यो दानव माकुरो हो।

आफ्नो राज्य-क्षेत्रभित्र शिकारको प्रतीक्षामा यो कति निर्धक्क तथा अचल भएर आफ्नो वासस्थानमा ढुकिरहन्छ। हेर्नुहोस्, निर्दयतापूर्वक निर्धो झिंगालाई पासोमा पार्न प्राणनाशक मसिनो जालोलाई फैलाउने यसको राक्षसी दक्षतातर्फ ध्यान दिनोस्। कुनै पनि हालतमा शिकार उम्कन नपाओस् भनेर यस धूर्त प्राणीले कलाका सबै नियमहरू मुताविक आफ्नो जालोलाई परिपूर्ण बनाउन औंधीभन्दा औंधी समय खर्च गर्छ। एउटा, दुइटा, तीनवटा गर्दै एवं रितले धागो फ्याँक्दै जान्छ। यसले धागाहरू एक अर्कोमाथि तेर्स्याउँदै त्यसलाई अरु धागाहरूमा अल्झाएर जोड्छ, जसले गर्दा आफ्नो शिकारहरूद्वारा मरण-पीडावस गरिने चेष्टाले पनि त्यो भत्किन नपाओस्, नोक्सानसम्म पनि हुन नपाओस्।

आखिरमा जाल तयार हुन्छ, खोर थापिन्छ, यसबाट बच्न मुस्किलले मात्र सम्भव हुन्छ - माकुरो आफ्नो वासस्थानमा फर्कन्छ र कुनै भोकाकुल झिंगा खानाको खोजमा उडेर नआउन्जेल ढुकेर बस्छ।

यसलाई लामो समय पर्खनु पर्ने हुँदैन, चाँडै नै झिंगा आइपुग्छ। चाराको खोजमा उड्दै विचरो प्राणी अन्त्यमा फैलाइराखेको जालोमा ठक्कर खानपुग्छ, ती धागाहरूमा निःसहायपूर्वक अल्झिन्छ, आधार भेट्टाउन हरसंभव कोसिस गर्छ र हार खान्छ।

शिकार जालमा परेको देख्ने वित्तिकै माकुरो आफ्नो वासस्थानबाट लुसुक्क निस्केर रक्तपिपासु आकृति र काँढावाल नंग्राहरू फिजाउँदै आफ्नो शिकारतिर ताक्दै बढ्छ - हतार गर्नुपर्ने खाँचो छैन, किनभने त्यस भयानक प्राणीलाई कुन कुरा राम्ररी थाहा छ भने त्यो अभागी कीरा एकपल्ट समातिएपछि उम्कन सक्दैन। शिकारमाथि फैलिएका, समुद्र झैं हरिया आँखाहरू तेर्स्याउँदै र उसलाई तर्क गर्ने अधिकारसम्म पनि नदिई उसतिर आफ्ना दानवी पाइला चाल्छ। भयानक खतरा आइलागेको देखेर झिंगाको सारा शरीर सिरिङ्ग काँप्दछ, हतासले गुटमुट्याइराखेका धागाहरूबाट आफूलाई उम्कन जुक्ति गर्छ, भरसक भाग्न खोज्छ र नैराश्यपूर्ण कोसिसमा आफ्नो भएभरको तागत सिध्याउँछ।

यी बेफ्वाँकका चेष्टाहरू हुन्। जालले त्यसलाई झन् झन् कसिने गरी गुटमुट्याउँछ र माकुरो नजिक आउँछ। जुन जालका मसिना तर प्रभावकारी प्वालहरूमा आफू फसेको छ, त्यसबाट उम्कन झिंगाले जति जति कोसिस गर्छ, त्यति नै धागाहरूले झन् त्यसलाई बेर्छन्, नयाँ पासोहरूले त्यसलाई अल्झाउँछन्। आखिरमा स्वाँस्वाँ फ्वाँफ्वाँ गर्दै र थकित भई, मुकाविला गर्ने तागत सिध्याएर आफ्ना शत्रु, आफ्नो विजेता त्यस भयानक माकुरोको पञ्जाभित्र पर्छ।

अब त्यस भयानक दानवले आफ्नो रौंदार पञ्जाहरू फिजाउँछ, आफ्नो शिकारलाई च्याप्प समात्छ र निचोर्छ। अनि त्यसले आफ्नो चित्तवृत्ति र इच्छानुसार त्यस निर्धो शिकारको काँप्दो शरीरलाई एक पटक, दुई पटक, तीन पटक गर्दै चुस्न थाल्छ। त्यसले आफ्नो रक्तप्यास केही बेरका लागि तृप्त पारेको छ भने त्यो झिंगालाई अधमरो पारी छाडिदिन्छ। अनि फेरि फेरि आएर त्यसले चुस्न थाल्छ र त्यस अभागी झिंगालाई सखाप पारी खाई नसिध्याएसम्म, त्यसमा अलिकति पनि रगत वा पौष्टिक कुरो रहुन्ज्यालसम्म चुस्दै चुस्दै मजा लिन्छ। विचरो कीरालाई कहिलेकाहीं अति कष्टको बावजुद पनि मर्न धेरै लामो समय लाग्छ।

तर आफ्नो शिकारको जिउँदो वा मृत शरीरमा थोपा मात्र जीवनशक्ति बाँकी रहेसम्म पनि त्यस लोभी पिशाचले त्यसलाई छोड्दैन। त्यसले तागत चुस्दै, रगत पिउँदै आफ्नो शिकारको जीवनी-सर्वस्व स्वाहा नपारुन्जेल निचोर्छ र खङग्रङ्ग पारी सकेपछि मात्र छोडिदिन्छ।

अनि मरिसकेको, सुक्ने गरी चुसिएको, परालको त्यान्द्रोभन्दा हलुङ्गो भइसकेको विचरा झिंगाको लाशलाई पाशोबाट हटाइन्छ। हावाको पहिलो सर्कोले त्यसलाई उडाएर लैजान्छ र खेल खत्तम हुन्छ।

तर तृप्त र सन्तुष्ट भएर, आफूसित र सारा संसारसित संतुष्ट भएर माकुरो आफ्नो वासस्थानमा फर्कन्छ। त्यसले के विचार गर्छ भने आजकल पनि इमान्दार मानिसहरूको काम राम्ररी नै चल्न सक्छ।

⊙ ⊙ ⊙ ⊙ ⊙

निचोर्दै निचोर्दै र चुस्दै चुस्दै खङग्रङ्ग पारिएको, आफ्नो रगतले अरुलाई पोस्याउने यो झिंगा सहर र गाउँका तपाईं सर्वहाराहरू हुनुहुन्छ। तपाईं दास बनाइएका जातिहरू, तपाईं बौद्धिक मजदुरहरू, तपाईं औद्योगिक मजदुरहरू र आफ्नो हक माग्न हिम्मत नगर्ने, थरथर काँप्ने तपाईं तरुणीहरू र निर्धा दलित महिलाहरू, फौजका तपाईं अभागी शिकारहरू, छोटकरीमा भन्ने हो भने, सुक्ने गरी चुसिनेवित्तिकै फालिएका तपाईं गरीब शोषित जनता, सबै चीजका उत्पादक र देशको मुटु-मष्तिष्क तथा जीवन-शक्ति बनेका तपाईंहरू, राम्ररी व्यवहार गर्ने र कुनै कुनामा दुखपूर्वक चालै नपाउने गरी नष्ट हुने हकबाहेक अरु सबैबाट अलग्याइएका तपाईंहरू सब झिंगा हुनुहुन्छ। अर्कोतिर, तपाईंहरूको रगत, तपाईंहरूको पसिना, तपाईंहरूको परिश्रम, तपाईंहरूको विचार र तपाईं निमुखाहरूको जीवनै चुसेर बलिया बनेका र बोसो लागेका तपाईंहरूका मालिक तथा उत्पीडकहरू सब घिनलाग्दा माकुरा हुन्।

मालिकहरू, सम्पन्नशालीहरू, थैलीशाहहरू, शोषकहरू, सट्टेबाजहरू, पूँजीपतिहरू, बहकाउनेहरू, उच्च पुरेतहरू, सबै किसिमका परजीवीहरू, हामीलाई दुखमात्र दिने स्वेच्छाचारी सत्ता, हाम्रो गर्दन थिच्ने भ्रष्ट नियमका निर्माताहरू, हामीलाई दास बनाउने अत्याचारीहरू - यी सबका सब माकुरा हुन्, जो हामीलाई चुसेर, जनतालाई चुसेर बाँच्छन्, जसले हामीलाई पैतालामुनि दबाउँछन्, जो हाम्रो दुखमा काखी बजाउँछन् र हाम्रा प्रयत्नहरूको असफलता देखेर

घृणापूर्वक हाँस्छन्।

झिंगा ती गरीब मजदुर हुन्, जसले आफ्नो मालिकबाट लागू गरिएका सारा क्रूर नियमहरूको सामु आत्मसमर्पण गर्नुपर्छ, किनभने ती अभागीसित आफ्ना साधन केही पनि छैन र आफू र आफ्ना परिवारका लागि उसले खाना जुटाउनु पर्छ। माकुरो त्यो ठूलो कारखाना-मालिक हो, जो आफ्ना मजदुरहरूमध्ये हरेकबाट प्रत्येक दिन ६ देखि ८ मार्क (जर्मन पैसा) सम्मको नाफा कमाउँछ र जो मजदुरलाई दिनको १२ देखि १४ घन्टासम्म काममा जोताएर मुस्किलले खान पुग्ने दुईदेखि तीन मार्कको ज्याला कृपापूर्वक दिने हिम्मत गर्छ, अथवा भनौं, योग्य ठान्छ।

झिंगा, खानीमा काम गर्ने ती मजदुर हुन्, जसले पृथ्वीको ढुकुटीबाट आफूले भोग्न नपाउने सम्पत्ति निकाल्न खानीको निस्सासिंदो वातावरणमा आफ्नो जीवनलाई होमिदिन्छ। माकुरो त्यो हिस्सेदार (शेयरहोल्डर) हो, जो आफ्नो पूँजीको मूल्य दोब्बर तेब्बर भएको देखेर पनि कहिल्यै सन्तुष्ट हुँदैन र झन् झन् बढी लाभांश गोजीमा हाल्न चाहन्छ, जसले मजदुरहरूको पसिनाको फल लुट्दछ र मजदुरहरूले अलिकति पनि ज्याला बढाउन आवाज उठाउने हिम्मत गरेको खण्डमा "विद्रोहीहरू" लाई गोली हान्न फौज बोलाउँछ। झिंगा ती केटा हुन्, जसले जीवन धान्नको निमित्त ज्यादै कलिलो उमेरमा नै कारखानामा, ज्यासलमा, घरमा आफूलाई घोट्दै खियाउनु पर्छ। माकुरा ती गरीब आमाबाबु होइनन्, जो गरिबीले गर्दा आफ्ना केटाकेटीहरूको जीवन बरबाद पार्न पनि बाध्य हुन्छन्, तर त्यो आजको क्रूर अत्याचारी परिस्थिति हो, जसले कठोरतापूर्वक उनीहरूलाई आफ्नो प्राकृतिक भावनाको विरुद्ध जान र आफ्ना परिवारलाई नष्ट पार्न बाध्य तुल्याउँछ।

झिंगा जनताका ती निर्दोष छोरी हुन्, जसले इमान्दारीका साथ जीविका कमाउन चाहन्छन्, तर तबसम्म काम पाउन सक्दैनन् जबसम्म तिनले आफ्ना मालिक वा कारखानाका डाइरेक्टरका राक्षसी इच्छाहरूको सामु आत्मसमर्पण गर्दैनन्। अनि उक्त मालिक वा डाइरेक्टरले तिनलाई उपयोग गर्छ र सतित्व लुटिसकेपछि, कलङ्क मेट्न निर्दयतापूर्वक तिनलाई निकालिदिन्छ। माकुरो त्यो तन्नेरी मैमत्त गुण्डा, "घरानिया" परिवारको त्यो अल्छी लोफर हो, जो धक नमानी निर्दोष केटीहरूलाई फँसाएर कुबाटोतिर घिसार्दै लानमा उद्यत छ र जो आइमाईहरूको इज्जत बढी लुट्न सकेकोमा गर्वले फुल्ने गर्छ।

धनी भूमिपतिहरूको जग्गा जोत्ने मेहनती जोताहाहरू, आफूले खान नपाउने अन्न रोप्नेहरू, आफूले स्वाद चाख्न नपाउने फलको खेती गर्नेहरू, यस्ता तपाईंहरू जम्मै झिंगा हुनुहुन्छ। माकुराहरू देहातका ती महानुभावहरू हुन्, जो आफू वैभव तथा शोखमा आलस्यपूर्ण जीवन बिताउनका निमित्त आफ्ना गरीब किसानहरू, आफ्ना ज्यालादारी मजदुर तथा ज्यामीहरूलाई विना आराम मेहनत गर्न बाध्य पार्छन्, हरेक वर्ष कुत बढाउँछन् र इमान्दारीपूर्ण कामको मोल घटाउँछन्।

हामी सबका सब गरीब तथा साधारण मानिसहरू, अनादि कालदेखि बलिवेदीका खुड्किलाहरूमा काँप्ने गरेका हामीहरू, पुरेतहरूको सरापसामु टाउको निहुर्‍याउने भएका हामीहरू, पुरेतहरूको इज्जत तथा मनोरञ्जनको लागि आपसमा लड्ने र दबाउने गरेका हामीहरू, आफ्नो पिठ्युँमा निहुर्‍याउने र घुँडा टेक्ने गरेका हामीहरू, आफ्ना उत्पीडकहरूलाई अन्यायद्वारा फल चाख्न दिइराखेका हामीहरू सब झिंगा हौं, किनभने हामी हामीलाई शिथिल पार्न रामबाण सिद्ध भएका धार्मिक शिक्षादीक्षाद्वारा मानसिक रूपमा शक्तिहीन तुल्याइएका छौं। माकुराहरू कपटी तथा कटाक्षपूर्ण आँखा भएका ती काला वस्त्रधारी पुरेतहरू हुन्, जसले आफ्नो कपटपूर्ण शिक्षा-दीक्षाद्वारा इमान्दारहरूको चोखो दिललाई पासोमा पार्छन् र आज्ञाकारिता र दासत्वको भावनालाई प्रोत्साहन दिन्छन्, जसले आत्मालाई विषाक्त पार्छन् र, पोलैण्डमा झैं, सारा जातिहरूलाई ढुस्कुट पार्छन्।

सारांशमा, दबाइएकाहरू, दास बनाइएकाहरू र शोषितहरू झिंगा हुन्। निर्घिणी सट्टेबाजी, स्वेच्छाचारी सत्ता र सबै यस्तै खालका निरंकुशवादीहरू - ती माकुरा हुन्।

पहिले पहिले माकुराहरू ठूलठूला महल तथा भव्य भवनहरूबाट आफ्ना जालहरू फ्याँक्दथे। अचेल उनीहरू औद्योगिक जीवनका ठूलठूला केन्द्रहरू, हाम्रो युगका भाग्यवानहरूका वैभवपूर्ण घरहरूलाई वासस्थान बनाउन मन पराउँछन्। उनीहरू मुख्य रूपमा औद्योगिक शहरहरूमा पाइन्छन्, तर उनीहरू देहातमा र स-साना देहाती नगरहरूमा पनि बस्छन्। उनीहरू त्यस्तो कुनै पनि ठाउँमा पाइन्छन्, जहाँ शोषण हुर्कन्छ, जहाँ मजदुर, सर्वहारा, साना कारीगर, ज्यामी, ऋणको भार बोक्ने साना किसानहरू सट्टेबाजहरू द्वारा विछ्याइएको मृगतृष्णाको निर्दयतापूर्वक शिकार बन्न जान्छन्।

शहरमा होस् या गाउँमा, सर्वत्र हामी निःसहाय कीराहरू व्यर्थ आफूलाई खियाउँदै आफ्ना शत्रुहरूको पाशोमा परेको देख्छौं, उनीहरू कसरी दुख पाउँछन्, कसरी मर्छन् भन्ने कुरा हामी देख्छौं।

शताब्दीयौंको क्रममा रक्तपिपासु क्रूर माकुराहरू विरुद्ध निर्धा र कातर झिंगाहरूको संघर्षमा ज्यादै भयानक दुखान्त घटनाहरू घटिसके। तर किन फेरि यसको वर्णन गर्ने? जो बित्यो बित्यो, हामी वर्तमान र भविष्यको कुरा गरौं।

आज झिंगा र माकुराहरूको माझमा चलिरहेको संघर्षलाई हामी अझै नजिकबाट हेरौं, यस अन्तर्गतका अवस्थाहरूलाई हामी बुझौं, शत्रुहरूले हाम्रो लागि तयार पारेको जालको बनौटलाई हामी झिंगाहरूले गहिरिएर अध्ययन गरौं, उनीहरूका छलकपटहरूलाई उदाङ्ग पारौं र, सबभन्दा मुख्य कुरा के भने, हामीलाई फसाउने जाल च्यातचुत पार्ने काम एक्लिएर नहुने हुँदा हामीहरू एकजुट होऔं। हामी आफ्ना सिक्रीहरू चुडालौं, आफ्ना शत्रुहरूलाई लुकेको ठाउँबाट धपाऔं र यत्रतत्र सर्वत्र ज्ञानको चहकिलो प्रकाश फिजाऔं, जसले गर्दा भविष्यमा यस पापी दानवले आफ्नो ज्यानमारा वेपार चलाउन नसकोस्।

ए झिंगाहरू हो, तपाईंहरूले इच्छा गर्नुभए, तपाईंहरूले संकल्प मात्र गर्नुभए, तपाईंहरू अजेय बन्नुहुनेछ। साँचो हो, आज माकुराहरू बलिया छन्, तर तिनीहरू मुठ्ठीभर मात्र छन्। तर तपाईंहरू, तपाईं झिंगाहरू विनामहत्त्व र विनाप्रभावका भए तापनि तपाईंहरूको संख्या अनगिन्ती छ। तपाईंहरू संकल्प मात्र गर्नुहोस्, तपाईंहरू जीवन हुनुहुन्छ, तपाईंहरू संसार हुनुहुन्छ। तपाईंहरू एक हुनुभयो भने तपाईंहरूले आफ्ना पखेटाहरूको एकै सप्काले सारा धागाहरू चुडाल्नु हुनेछ, ती सारा जालोहरूलाई भताभुंग पार्नु हुनेछ, जसले आज तपाईंहरूलाई कैदी बनाएका छन् र जसमा परेर तपाईंहरू यति नैराश्यपूर्ण संघर्ष गर्नुहुन्छ र भोकले मर्नुहुन्छ। तपाईंहरूले संकल्प मात्र गर्नु भए सारा दुख र थिचोमिचो हिजोको चीज बन्नेछ।

तसर्थ, संकल्प गर्न सिक्नुहोस्।

अनुवादक : कृष्णदास श्रेष्ठ

प्रकाशक : तिर्थमान ज्यापु

# नाटु : प्रविधि र प्राविधिक ज्ञानको लागि एउटा अभियान

"अटोमेकानिक्स" नामको पत्रिका तपाईंले देख्नुभएको छ ? यसमा मोटरसाइकल इन्जीन, लाइट र हेभी मोटर इन्जीन, डिजेल इन्जीन र पेट्रोल इन्जीन, टु स्ट्रक इन्जीन र फोर स्ट्रक इन्जीन, लुब्रिकेन्टस आदि साधारण प्राविधिक कुराहरूदेखि लिएर अटोमेकानिक्स क्षेत्रमा के कस्ता नयाँ प्रविधिहरू भित्रिरहेको छ त्यस सम्बन्धमा समेत थुप्रै कुराहरू समावेश छ। झट्ट हेर्दा तपाईंलाई "अटोमेकानिक्स" ठूलठूला इन्जीनियरहरूले सञ्चालन गरेको पत्रिका जस्तो लाग्न सक्छ। वास्तवमा "अटोमेकानिक्स" अटो वर्कसप, मोटरसाइकल वर्कसप, पेट्रोल पम्प, हार्डवयर कम्पनीमा काम गर्ने मजदुरहरूको यूनियन 'नेपाल अटोमेकानिक्स ट्रेड यूनियन' ले प्रकाशित गरेको हो। तपाईं अझ अचम्मित हुनुहोला! यसमा प्रकाशित लेखहरू पनि साधारण वर्कसपमा काम गर्ने मजदुरहरूले नै लेखेका हुन्।

अटोमेकानिक्स ट्रेड यूनियनले पत्रिका मात्र प्रकाशित गर्दैन। यसले आफ्ना सदस्यहरूलाई अटो प्रविधि सम्बन्धी तालिम पनि दिने गर्छ। मजदुरहरूको सीपलाई प्रमाणीकरण गर्ने प्रयत्न गर्छ। अझ यसको ठूलो उद्देश्य छ, प्राविधिक शिक्षालयको स्थापना गर्ने।




"मजदुर यूनियनहरूले आफ्ना सदस्यहरूको पेशागत हक हितको लागि संघर्ष गर्छ। तर तपाईंको यूनियनले प्रविधि सम्बन्धी पत्रिका निकाल्ने, प्राविधिक तालिम गर्ने जस्ता काम किन गर्दछ?" यस प्रश्नमा यूनियनका अध्यक्ष बलराम खत्रीको भनाइ छ, "मजदुरहरूको सीप अभिवृद्धि गर्नु भनेको मजदुरहरूलाई अधिकार सम्पन्न बनाउनु हो। मजदुरहरूले सीप अभिवृद्धिको लागि पनि संघर्ष गर्नु पर्छ। मजदुरवर्गले आफ्नो सीप अभिवृद्धि गर्न सक्यो भने उनीहरूको बार्गेनिङ क्षमता बढ्छ। मूलतः यसले ट्रेड यूनियन आन्दोलनलाई मद्दत पुऱ्याउँछ।"

"तपाईंहरूले कहिलेदेखि प्राविधिक सम्बन्धी तालिम थाल्नुभयो त ?" अध्यक्ष खत्रीले भन्नुभयो- "सबभन्दा पहिले हामीले २०५३ साल जेठ महिनामा देशका विभिन्न क्षेत्रका २६ जना सदस्यहरूलाई ७ दिने तालिमको लागि फरिदावादमा पठाएका थियौं। त्यो टोलीले धेरै राम्रो गऱ्यो। त्यहाँ तालिम लिएर आएका सदस्यहरू आफ्नो ठाउँमा राम्रो काम गर्न सक्ने भए। तालिम दिने कम्पनीकै भनाइ अनुसार पनि पहिले उनीहरूले तालिम दिंदा एजेन्टका कुनै मान्छे आउने गर्थे, तिनीहरूले काम जानेका पनि हुँदैन थिए, राम्ररी सिक्दैन थिए, घुमफिर गर्थ र जान्थे तर यो टोलीले मेहनत गऱ्यो, राम्रो प्रगति गऱ्यो। अब हामी कम्पनीहरूलाई भन्दा पनि यूनियनलाई बढी प्राथमिकता दिन्छौं।" त्यसपछि हाम्रा थुप्रै सदस्यहरूले भारतमा तालिम लिए। देशभित्रै पनि हामीले घुम्ती प्रशिक्षण टोली बनाएर देशका विभिन्न भागमा अटोवर्कसपमा काम गर्ने हाम्रा सदस्यहरूलाई विभिन्न प्राविधिक विषयमा



तालिम दिँदै आइरहेका छौं। नयाँ नयाँ प्रविधि सम्बन्धी परिचय गराउने काम गर्दै आइरहेका छौं।"

"तपाईंहरू यस्तो तालिम वर्षमा कति वटा गर्नुहुन्छ? र तालिममा केमा विशेष जोड दिनुहुन्छ?"

"गत वर्ष हामीले १० वटा तालिम कार्यक्रम सञ्चालन गऱ्यौं। यो वर्ष पनि ७ वटा तालिम कार्यक्रम सञ्चालन गर्ने हाम्रो योजना छ। हामीले तालिममा प्राविधिक ज्ञानको साथै आफ्नो सीप बढाउनुपर्नेमा जोड दिन्छौं। आफ्नो पेशाप्रति सचेत बनाउने, संगठित गराउने कुरा पनि गर्छौं। अर्को कुरा, हामीले तालिम प्राप्त र अनुभवी मजदुरहरूलाई उनीहरूको सीप प्रमाणीकरणको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (सीटीइभीटी) बाट सीप परीक्षण गराउन कोसिस गर्दैछौं। यो वर्ष हाम्रा ५०/६० जना सदस्यहरूलाई सीप परीक्षण गराउने तयारी गरिसकेका छौं।




"अनि तपाईंहरू प्राविधिक शिक्षालय खोल्न पनि लागिरहनुभएको छ ..."

"हो, हाम्रो प्राविधिक शिक्षालय खोल्ने योजना समेत छ। यसको लागि हामीले आवश्यक पूर्वाधार तयार गर्दैछौं। कोर्स बनाउने र प्रशिक्षकहरू तयार गर्ने कामको थालनी पनि भइसकेको छ। विभिन्न ठाउँमा सल्लाह लिइरहेका छौं। जहाँसम्म लाग्छ यो हाम्रो योजना एक दुई वर्ष भित्रै पूरा हुनेछ।"

नेपाल अटोमेकानिक्स ट्रेड युनियन नेपाल ट्रेड यूनियन महासंघको १५ वटा सदस्य यूनियनहरूमध्येको एक हो। यो यूनियन शुरुमा २०५० सालमा स्थापना भएको नेपाल स्वतन्त्र मोटरसाइकल वर्कसप यूनियन र अटोमेकानिक्स मजदुर यूनियनलाई एउटै बनाई २०५४ सालमा स्थापना भएको हो। यस यूनियन स्थापनाकालदेखि नै आफ्ना सदस्यहरूको हक र हितको लागि क्रियाशील भइरहेको छ। यस यूनियनमा थुप्रै स्वरोजगार मजदुरहरू पनि सम्मिलित भएका छन्। ओभरसियर र इन्जिनियरहरू पनि सदस्य बन्न लागेका छन्। यूनियनले सदस्यहरूको कल्याणको लागि आपत-विपतमा सहयोग गर्नको लागि शुरुमा ५० हजार रुपैयाँ राखी भलाइकोष हालै स्थापना गरेको छ। लाखौंको संख्यामा रहेका अटोमेकानिक्स क्षेत्रका मजदुरहरूको बीच यो यूनियन लोकप्रिय बन्दै गइरहेको छ। २५ भन्दा बढी जिल्लाहरूमा यसको जिल्लास्तरीय यूनियन गठन भइसकेको छ। अन्य धेरै जिल्लामा यसको कामको थालनी भइसकेको छ।

प्रस्तुति : कवीन्द्र शेखर


**विजया दशमी तथा शुभ दीपावली २०५८** को उपलक्ष्यमा


*सम्पूर्ण उद्योग, व्यवसायी तथा श्रमिक वर्गमा*

**हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं।

**रिलायन्स स्पीनिङ मिल्स (लि.) परिवार**

**खनार, सुनसरी ।**




**विजया दशमी तथा शुभ-दीपावली २०५८** को उपलक्ष्यमा

सम्पूर्ण जिल्लाबासी, जनसमुदाय, किसान मजदुर, विद्यार्थी, शिक्षक, कर्मचारी,

सबै तह र तप्काका जनसमुदायमा

हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

– मोरङ जिल्ला विकास समिति, मोरङ, बिराटनगर ।

**विजया दशमी तथा शुभ-दीपावली २०५८** को

उपलक्ष्यमा सम्पूर्ण यात्रुवर्गमा

यात्रा गर्दा, सडकमा हिंड्दा, बाटो काट्दा,

ध्यान दिनु पर्ने, ट्राफिक नियमलाई पालना गरी

दूर्घटनाबाट आफू बच्न र बचाउनका लागि

सहयोग गर्नुहुन हार्दिक कामना गर्दछौं।

– कोशी व्यवसायी संघ, परिवार, इटहरी

हिन्दुहरुको महान पर्व

**विजयादशी**

**तथा शुभ-दीपावली २०५८** को

अवसरमा सम्पूर्ण श्रमजीवी वर्ग

तथा देशवासीहरूमा

हार्दिक शुभकामना


व्यक्त गर्दछौं ।

वेद प्रसाद पोखरेल

जिल्ला विकास समिति परिवार, उदयपुर

## जानी राखौं:

# शब्द परिचय



**डब्लुटीओ** - विश्वव्यापार संगठन ग्याटको उत्तराधिकारीको रूपमा १९९५ मा स्थापित भएको हो।

**आइटीओ** - अन्तरराष्ट्रिय व्यापार संगठन १९४८ मै प्रस्तावित गरिए पनि अस्तित्वमा आउन सकेन।

**एमएफएन** - व्यापारमा एक देशले अरुसंग व्यापार गर्दा बराबरीको भेदभावहीन व्यवहार।

**सोसल क्लज** - श्रम, मानव अधिकार र वातावरणका न्यूनतम मापदण्ड पूरा नगर्ने देशलाई व्यापारमा लगाइने विभिन्न किसिमका बाधा अवरोध सम्बन्धी व्यवस्था। यसलाई नियमको रूपमा डब्लुटीओ सम्झौताभित्र राख्ने प्रयास भएको थियो। तर ट्रेड यूनियन र सामाजिक संगठनहरूको आन्दोलन र विकासशील र अल्पविकसित देशको विरोधले त्यसै तुहिएको छ, अरु नै नामबाट घुसार्ने घुमाउने प्रयत्न भने समाप्त भएको छैन।

**मल्टीलेटरल ट्रेड एग्रीमेन्ट** - धेरै देशहरू बीच हुने व्यापार सम्बन्धी सहमतिका साझा बुँदाका आधारमा गरिने बहुपक्षीय सम्झौता।

**नेशनल ट्रीटमेन्ट** - आयात गरिएका वस्तु र सेवा तथा स्थानीय उत्पादनका वस्तु र सेवा बीच समान व्यवहार गर्नु अर्थात् विदेशी उत्पादन र स्वदेशी उत्पादनलाई एउटै व्यवहार गर्नुलाई "नेशनल ट्रीटमेन्ट" को सिद्धान्त भनिन्छ।

**ग्याट (जीएटीटी)** - वस्तुसंग सम्बन्धित बहुपक्षीय व्यापार सम्झौता।

**ग्याट्स (जीएटीएस)** - सेवासंग सम्बन्धित जस्तै व्यक्तिहरूको एक देशबाट अर्को देशमा गतिशीलता र सेवा, हवाइ यातायात सेवा, पानी जहाजबाट सेवा, दूरसंचार सेवा आदि सम्बन्धी बहुपक्षीय सम्झौता।

**ट्रीप्स (टीआरआइपीएस)** - व्यक्तिका सृजना र आविष्कार, ज्ञान तथा विचार पनि व्यापारका अंग बन्दै गएकाले बौद्धिक सम्पत्तिमाथिको अधिकारको संरक्षण सम्बन्धी बहुपक्षीय सम्झौता। यसभित्र कपीराइट, पेटेन्ट, ट्रेड मार्क, डिजाइन, व्यापारिक गोप्यता आदिको संरक्षण सम्बन्धी बहुपक्षीय सम्झौता पर्दछन्।


**डम्पीङ** - अन्तरराष्ट्रिय बजारमा आफ्नो वस्तुको माग सृजना गर्न र बिक्री बढाउन स्वदेशमा बढी मूल्यमा वस्तु बेच्ने तर विदेशी बजारमा सस्तो मूल्यमा वस्तु बेच्ने अभ्यास।





San Miguel®
BEER
Nepal's Favourite

## ट्रेड यूनियन अधिकार





(नेपालमा श्रम कानून कार्यान्वयनको स्थिति)

- यूनियन गतिविधि पर्याप्त रहेको अंचल र क्षेत्रमा नै श्रम ऐनको कार्यान्वयन नगर्ने र यूनियन अधिकारमाथि आक्रमण गर्ने प्रवृत्ति रोजगारदाता र व्यवस्थापन पक्षमा रहेकोछ ।
- गलैंचा उद्योगमा सबै दृष्टिकोणबाट ऐन, नियम र सामान्य मान्यतालाई समेत उल्लंघन गर्ने प्रवृत्ति छ ।
- स्थायी श्रमिक राख्न नचाहने र दैनिक ज्यालादारी तथा करारमा श्रम प्रयोग गर्ने प्रवृत्ति बढिरहेको छ ।
- श्रम सम्बन्ध समितिको संचालनमा प्रतिष्ठानहरू उदासिन रहेका छन् ।
- कृषि र निर्माण जस्ता अनौपचारिक क्षेत्रको श्रममा ठूलो अनुपात विदेशी मजदुर रहेको देखिए पनि औपचारिक क्षेत्रमा विदेशी मजदुरहरुको अनुपात ठूलो अनुपात देखिएको छ ।
- साप्ताहिक बिदा जस्तो आम प्रचलनमा रहेको बिदा र मानवीय संवेदनासंग जोडिएका कतिपय बिदाहरू ठूलै संख्याका प्रतिष्ठानहरूमा अझै पनि लागू गरिएको छैन ।
- २०० वर्ष अधिको सामन्ती समाजले समेत महत्व दिएका स्वास्थ्य सुरक्षाको कुनै पनि प्रावधान आधुनिक प्रतिष्ठानमा लागू गरिएको छैन ।

## लेबोर रिलेसन्स : प्रोब्लम्स एण्ड इसुज इन नेपाल

(श्रम सम्बन्ध : नेपालमा विषय र समस्याहरू)




अहिले नेपालको रोजगारीको ढाँचामा पनि परिवर्तन आएको छ। उदाहरणका लागि निम्न रूपलाई लिन सकिन्छ।

- करार श्रम- अहिले यो फेशन जस्तै भएको छ। सेक्युरिटी गार्ड, सफाइ, मर्मत सम्भार गर्नेहरू, बगैंचे, सेक्रेटारियट काम जस्तै फोटोकपी र टाइप आदि कामको लागि श्रमिकलाई म्यान पावर कम्पनीबाट करारमा राख्न शुरू गरिएको छ।
- करारमा काम दिने - प्याकेजिङ, डेलिभरी, विज्ञापन, अनुसन्धान, बजार व्यवस्थापन र स्टोरको काम।
- नयाँ नियुक्ति बन्द - विशेष गरी निजामती सेवा र संस्थानमा।
- स्वेच्छिक अवकासको प्रावधान
- व्यापक मात्रामा अस्थायी, करार, दैनिक ज्यालादारी तथा पिसरेट प्रणाली निजी तथा सार्वजनिक क्षेत्रमा प्रयोग
- नयाँ प्रकारको कार्य तालिका शुरू - जस्तै बिदा र कार्यालय समयपछि पनि बैंक काउन्टर खोल्ने।

यसका अतिरिक्त श्रम कानून संशोधन गर्नैपर्ने व्यवसायीको चर्को माग छ। उनीहरू भन्छन्-

- श्रम कानूनको दायरा - २५ जना भन्दा बढी मजदुर काम गर्ने ठाउँमा मात्र लागू हुनपर्छ
- नियुक्ति पत्र - व्यवस्थापनसंग हायर गर्ने (भर्ती) गर्ने अधिकार हुनुपर्छ
- व्यवस्थापनको पुनर्संरचना, व्यवस्थापनसंग फायर गर्ने ( निकाल्ने) अधिकार हुनुपर्छ
- कार्यघन्टा : व्यवस्थापनसंग कार्य समय निर्णय गर्ने अधिकार हुनुपर्छ।
- न्यूनतम ज्याला : न्यूनतम ज्याला कम हुनुपर्छ।
- वार्षिक ग्रेड : क्षमताको आधारमा तय हुनुपर्छ।
- अनुशासनको कार्वाही : व्यवस्थापनसंग हायर र फायरको अधिकार तथा अनुशासनको कार्वाहीको अधिकार हुनुपर्छ।
- सामूहिक सम्झौता र विवाद समाधान : २ वर्षको समय छोटो भयो, हड्ताल र तालाबन्दीमा नोवर्क नोपे हुनुपर्छ। निश्चित विषयमा मात्र सामूहिक सौदावाजी गरिनुपर्छ।

प्रस्तुत विश्लेषण डा. नारायण मानन्धरको नयाँ प्रकाशन 'लेबोर रिलेसन्स : प्रोब्लम्स एण्ड इसुज इन नेपाल'मा चर्चा गरिएको छ। झण्डै २०० पेजको प्रस्तुत पुस्तकमा ११ च्याप्टर छन्। पहिलोमा औद्योगिक सम्बन्ध र श्रम विवाद सम्बन्धी ३ वटा लेख छन्। दोस्रोमा नेपालको श्रमशक्ति, तेस्रोमा श्रम मापदण्ड बारेको चर्चा छ। चौथो च्याप्टरमा १० वटा लेख छन्। तिनीहरू ट्रेड यूनियन, श्रम कानून र श्रमिक व्यवस्थापन सहयोगसंग सम्बन्धित छन्। पाँचौदेखि दशौं च्याप्टरसम्म क्रमशः त्रिपक्षीयता, न्यूनतम ज्याला, सामाजिक सुरक्षा, जेण्डर, बालश्रम, निजीकरणसंग सम्बन्धित १० वटा लेखहरू छन्। ११ औं च्याप्टर आफैमा महत्त्वपूर्ण छ, यसमा ७ वटा केश स्टडीहरू छन्। यसमा संलग्न १४ वटा अनुसूची सन्दर्भ-सामग्रीको रूपमा उपयोगी छन्। विभिन्न समयमा प्रकाशित लेखहरूको संगालो भए तापनि यो प्रकाशन सामयिक र श्रम क्षेत्रमा कार्यरत सबैलाई उपयोगी छ।